# प्रहरी दर्पण
# POLICE MIRROR



२०५५

1998



# शुभकामना सन्देश

श्री ५ बडामहारानी सरकारको ५० औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसुफ सरकारको सुस्वास्थ्य, दीर्घायु एवं अटल सौभाग्यका लागि हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछु ।

देशको शान्ति कायम राख्ने तथा अपराध अनुसन्धान र नियन्त्रण गर्ने अत्यन्त जोखिम एवं चुनौतीपूर्ण कार्यमा अहोरात्र संलग्न रहँदै नेपाल प्रहरीले निर्वाह गर्दै आएको कार्य सह्रानीय छ । प्रहरी संगठनले बिगत एक बर्षभित्र गरेका विभिन्न गतिविधिहरू तथा भविष्यका कटिबद्धतासमेतको सचित्र संगालोको रूपमा प्रकाशित हुन लागेको यस "प्रहरी दर्पण २०५५" सबैका लागि लाभप्रद हुनेछ भन्ने विश्वासका साथ यो प्रकाशनको सफलताको कामना गर्दछु ।

**गोविन्दराज जोशी**
गृहमन्त्री

# MESSAGE

On the auspicious occasion of the 50th birthday of *Her Majesty the queen*, I wish to extend my best wishes for the good health, long life and good fortune of *Her Majesty the queen*.

The extremely challenging job that the Nepal Police has been performing day and night to maintain law and order, and investigate and control crimes is commendable. I am confident that the "Police Mirror 1998" which incorporates all the activities carried out by the police within one year and commitment for the future along with photo features will be useful for all. I express my best wishes for the success of this publication.

**Govind Raj Joshi**
Home Minister



# शुभकामना सन्देश

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ५० औं शुभजन्मोत्सवको अवसरमा विगत वर्षहरूमा झैं यस वर्ष पनि नेपाल प्रहरीले 'प्रहरी दर्पण- २०५५' पत्रिका प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुशी लागेको छ ।

नेपाल प्रहरीका विविध क्रियाकलापहरूलाई समेटी वार्षिक रूपमा प्रकाशित हुने यो दर्पण प्रहरी कर्मचारी तथा सर्वसाधारण पाठकहरूका लागि पनि रुचिपूर्ण हुन सकोस् भन्ने कामना गर्दछु

पदमप्रसाद पोखरेल
सचिव, गृह मन्त्रालय

# MESSAGE

I am glad to know that the Nepal Police is going to publish, "Police Mirror – 1998" as in the past, on the auspicious occasion of the 50th birthday of *Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah.*

Let this publication, which is published annually by incorporating various activities of the Nepal Police, prove to be interesting not only for the Police personnel but also for the common people. My best wishes.

**Padam Prasad Pokharel**
Secretary, Home Ministry



## प्रहरी महानिरीक्षकको सन्देश

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ५० औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा सर्वप्रथम नेपाल प्रहरीको तर्फबाट मौसुफ सरकारको सुस्वास्थ्य, दीर्घायु एवं अटल सौभाग्यको कामना गर्दै मौसुफमा हार्दिक मंगलमय शुभकामना बिन्ती चढाउँदछु ।

नेपाल प्रहरीका प्रत्येक सदस्यहरू राष्ट्रले आफूलाई सुम्पेको जिम्मेवारी पूरा गर्न अहोरात्र कर्मक्षेत्रमा क्रियाशील रहिआएका छन् । आफ्नो गौरवमय उच्च परम्परा र इतिहासलाई कायम राखी समाजका अवाञ्छित तत्त्वहरूविरुद्ध प्रहरी निरन्तर समर्पित रहँदै आएको छ । भावी दिनहरूमा देश, नरेश र जनताको सेवामा नेपाल प्रहरी अझ बढी जनसेवाभिमुखी र व्यावसायिक रूपमा दक्षताका साथ जनसमक्ष प्रस्तुत हुने कुरामा दृढता व्यक्त गर्न चाहन्छु ।

प्रहरी दर्पणको यो १५ औं अंक नेपाल प्रहरीको वार्षिक गतिविधिहरूलगायत नेपाल प्रहरीको विषयमा यथेष्ट जानकारी दिन सफल हुने विश्वास लिएको छु ।

अन्तमा, यस पत्रिका प्रकाशनमा अथक परिश्रम गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु ।

जय नेपाल

प्रहरी महानिरीक्षक
**अच्युत कृष्ण खरेल**

## MESSAGE FROM THE INSPECTOR GENERAL OF POLICE

First of all, I would like to extend my heartfelt best wishes to *Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah* on the auspicious occasion of Her Majesty's 50th birthday.

All members of Nepal Police have been working day and night to fulfil the responsibility entrusted upon them by the state. Nepal Police organization is steadfastly dedicated to fight against undesirable elements of society and maintain its glorious tradition and history. I would like to reassure that the Nepal Police would present itself before the country, king and people as an organisation dedicated to serve with greater focus on public services and professionalism on the days ahead.

I am confident that this 15th issue of "Police Mirror" would be able to shed enough light on Nepal Police and its annual activities.

Finally, I would like to thank all those who have made tireless efforts for the success of this publication.

Jaya Nepal!

Inspector General of Police
**Achyut Krishna Kharel**

# सम्पादक मण्डल — EDITORIAL BOARD



*First row from left:* Dy. S.P. Kamal Singh Bam, S.S.P. Rabikant Aryal, S.P. Pushkar Regmi, Inspector Sanjay Raj Sharma
*Second row from left:* Dy.S.P. Bal Kumar Shakya, Dy. S.P. Upendra Kant Aryal, Dy. S.P. Nawaraj Silwal


## सम्पादक मण्डल

**प्रधान सम्पादक**
प्र.व.उ. रविकान्त अर्याल

**सम्पादकहरु**

| | |
|---|---|
| प्र.उ. | मोहनबहादुर सिलवाल |
| प्र.उ. | पुष्कर रेग्मी |
| प्र.ना.उ. | बालकुमार शाक्य |
| प्र.ना.उ. | उपेन्द्रकान्त अर्याल |
| प्र.ना.उ. | नवराज सिलवाल |
| प्र.ना.उ. | कमलसिंह बम |
| प्र.नि. | संजय राज शर्मा |

**तस्वीरहरु**
प्र.ना.उ. शेरबहादुर कार्की
छायाँ चित्रकारिता शाखा
प्रहरी प्रधान कार्यालय

**प्रकाशक**
प्रहरी दर्पण प्रकाशन समिति
प्रहरी प्रधान कार्यालय

## सल्लाहकार मण्डल

| | |
|---|---|
| प्र.अ.म.नि. | प्रदीप शम्शेर ज.ब.रा. |
| प्र.अ.म.नि. | कृष्णमोहन श्रेष्ठ |
| प्र.अ.म.नि. | रामकाजी बान्तवा |
| प्र.अ.म.नि. | ढालमान थापा |

## ADVISORY BOARD

A.I.G.P. Pradeep SJB Rana
A.I.G.P. Krishna Mohan Shrestha
A.I.G.P. Ram Kazee Bantawa
A.I.G.P. Dhal Man Thapa

## EDITORIAL BOARD

**CHIEF EDITOR**
S.S.P. Rabikant Aryal

**EDITORS**
S.P. Mohan Bdr. Silwal
S.P. Pushkar Regmi
Dy.S.P. Bal Kumar Shakya
Dy. S.P. Upendra Kant Aryal
Dy. S.P. Nawaraj Silwal
Dy. S.P. Kamal Singh Bam
Inspector Sanjay Raj Sharma

**PHOTOGRAPHS**
Dy.S.P. Sher Bahadur Karki
Photography Section, Nepal Police

**PUBLISHER**
POLICE MIRROR PUBLICATION BOARD
POLICE HEADQUARTERS, NAXAL, KATHMANDU



**प्रहरी दर्पण**
वार्षिक प्रकाशन
दर्ता नं. ०१/०४१

**POLICE MIRROR**
An Annual Publication
Regd. No. 01/041

# सम्पादकीय

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ५० औं शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा हामी मौसुफ सरकारको पाउमा सुस्वास्थ्य, दीर्घायु र अटल सौभाग्यका लागि हार्दिक मंगलमय शुभकामना बिन्ती चढाउँछौं ।

राष्ट्रले सुम्पेको दायित्व नेपाल प्रहरीले पूर्ण जिम्मेवारी बोधका साथ बहन गर्दै आएको छ । विषम परिस्थिति, दैवीविपत्ति वा जस्तोसुकै अवस्था सिर्जना होस्, नेपाल प्रहरीले राष्ट्र, राष्ट्रवासीको सेवामा आफूलाई सदैव समर्पित गर्दै आएको छ । श्री ५ को सरकारको नीति, निर्देशनको अधीनमा रही नेपाल प्रहरीले आफ्नो अनुपम अनुशासन, क्रियाशीलता र व्यावसायिक सक्षमता सदैव प्रदर्शन गरेको छ ।

व्यावसायिक सक्षमता प्रदर्शनकै एक कडीको रूपमा नेपाल प्रहरीले प्रत्येक वर्ष **'प्रहरी दर्पण'** प्रकाशित गर्दै आएको छ । यस प्रकाशनलाई वार्षिक प्रहरी गतिविधिको चित्रमय संगालो भन्दा अत्युक्ति नहोला । यस अंकमा हामीले प्रहरी प्रशासन, प्रहरी कार्य र अपराध अनुसन्धानका विविध पक्षलाई समेटेका छौं । यसबाहेक विविध प्रहरी सभा-समारोहलाई समेत चित्रमय रूपमा प्रस्तुत गरेका छौं । हामीलाई पूर्ण विश्वास छ कि यो प्रस्तुतिले जिज्ञासु पाठकवर्गको नेपाल प्रहरीको वार्षिक क्रियाकलापको विषयमा उत्पन्न जिजीविषालाई समन गर्नेछ ।

अन्तमा, यस प्रकाशनलाई सफल बनाउन हामीलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दछौं ।

**सम्पादकमण्डल**

# EDITORIAL

Nepal Police has been carrying out its duty assuming full responsibility entrusted to it by the state. Even in extreme situations, no matter whether it is a natural calamity or any other adverse situation, it has always dedicated itself to the service of the country and the people. Guided by the policy and direction of His Majesty's Government, it has always displayed its exemplary discipline, vitality and professional efficiency.

As a mark of displaying its professional efficiency, Nepal Police has been publishing Police Mirror every year. There will be no exaggeration to call this publication a picturesque collection of annual activities of the Nepal Police. In this issue, we have included multifarious aspects of Police Administration, Police Operations and Crime Investigation. Apart from this, we have also presented various Police meetings and functions in a vivid manner. We are confident that this publication may be capable of satisfying the curiosity of inquisitive readers who wish to know about the annual activities of Nepal Police.

In the end, we would like to express our heartfelt thanks to all those who have made direct or indirect contributions for the success of this publication.

**Editorial Board**

# विषय सूची


१. संगठन सुदृढीकरणका पाइलाहरू ........ १३
२. आजको चुनौती र नेपाल प्रहरी ........ १८
३. प्रहरी प्रशासनमा नयाँ आयामहरू ........ २२
४. मानव-स्रोत व्यवस्थापन ........ २६
५. कार्यविभाग र भावी नीति ........ २८
६. अपराध अनुसन्धान ........ ३२
७. क्षेत्रीय प्रमुखहरूको कटिबद्धता ........ ३६
८. अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा नेपाल प्रहरी ........ ४४
९. साहित्यको विकासमा प्रहरी प्रकाशन ........ ४६
१० प्रहरी दिवस ........ ४८
११. बीटिङ रिट्रीट ........ ५२
१२. शुभजन्मोत्सव ........ ५४
१३. किंग्स ब्याटन ........ ५६
१४. खेलकूद ........ ५८
१५. ट्राफिक प्रहरी ........ ६२
१६. वार्षिक प्रहरी गतिविधि ........ ६६
१७. सचित्र समाचार ........ ७४
१८. जन-अभिव्यक्ति ........ ८२
१९. जागरणका लागि सञ्चार माध्यमहरू ........ ८४
२० पर्यटक प्रहरी ........ ८८
२१. लागूऔषध : एक चुनौती ........ ९०
२२. श्रद्धाञ्जलि : स्व. दलबहादुर रानामगर ........ ९२
२३. स्मृतिको पानाबाट ........ ९६
२४. दैवीप्रकोप र उद्धार सेवा ........ १००
२५. प्रहरी परिवार महिला संघ ........ १०२
२६. प्रहरी सेवामा महिला प्रहरीको योगदान ........ १०४
२७. पूर्व क्रियाशील प्रहरी क्रियाकलाप ........ १०६
२८. आतंककारी गतिविधिविरुद्ध प्रहरी कारबाही ........ ११०
२९. राष्ट्रिय संस्कृति र नेपाल प्रहरी ........ ११४

# Contents


1. Steps to Consolidate the Organisation ---------- 16
2. Challenges of Nepal Police ---------- 19
3. New Dimension in Police Administration ---------- 23
4. Human Resource Management ---------- 27
5. Operation Department and Future Policy ---------- 29
6. Criminal Investigation ---------- 34
7. Commitments from Regional Chiefs ---------- 36
8. Nepal Police in International Peace Keeping ---------- 45
9. Police Publication & Nepali Literature ---------- 46
10. Police Day ---------- 48
11. Beating Retreat ---------- 53
12. Auspicious Birthday ---------- 55
13. Kings Baton ---------- 56
14. Sports ---------- 60
15. Traffic Police ---------- 64
16. Annual Police Activities ---------- 66
17. Photo Feature ---------- 74
18. Voice of People ---------- 83
19. Communication Media for Consciouness ---------- 85
20. Tourist Police ---------- 88
21. Naroctic Drugs : A Challenge ---------- 91
22. Late Dal Bahadur Ranamagar ---------- 93
23. Memoirs ---------- 96
24. Natural Calamites and Rescue Operation ---------- 101
25. Police Family Women's Association ---------- 103
26. Contribution of Women Police in Police Service ---------- 105
27. Nepal Police towards Pro-Active Policing ---------- 108
28. Police Action Against Terrorists ---------- 111
29. National Culture and Nepal Police ---------- 115

# संगठन सुदृढीकरणका पाइलाहरु

नेपाल प्रहरीको इतिहासको पानालाई नियालेर हेर्दा सानो स्वरूपबाट प्रहरी संगठन आज व्यापक र विस्तृत भइसकेको छ। यसरी बृहद् संगठन र गहन दायित्वलाई निर्वाह गर्ने संगठनको सक्षमता अभिवृद्धि आज हाम्रो प्रथम प्राथमिकता हो। व्यावसायिक सक्षमता अभिवृद्धिका लागि सेवा विशिष्टीकरण, भौतिक साधन तथा प्रविधिमा आधारित कार्य-प्रणाली तथा मानव-स्रोत व्यवस्थापनजस्ता पक्षहरूलाई सुदृढ बनाउनु अत्यावश्यक छ भन्ने महसूस गरी मैले आफ्नो सांगठनिक नेतृत्वलाई त्यसतर्फ परिलक्षित गरेको छु।

बदलिंदो राज़नीतिक, सामाजिक र अपराधिक परिवेशमा प्रभावकारी प्रहरी कार्य-प्रणाली अत्यन्त चुनौतीपूर्ण भएको हामी सबैले महसूस गरेका छौं। यी चुनौतीहरू अब कुनै संघ-संस्था, व्यक्ति वा निकाय विशेषको परिधिमा मात्र सीमित नरही यसले आन्तरिक सुरक्षाको वृहत्तर क्षेत्र समेटेकोले त्यस्ता आन्तरिक सुरक्षाका अहम् सवालमा देखापरेका चुनौतीसँग मुकाबला गर्न जनसहयोग (Police- Public Partnership) अत्यावश्यक भएको मैले महसूस गरेको छु। आज प्रहरी बल (Force) को सट्टा सेवा (Service) को रूपमा आफूलाई स्थापित गर्न कृतसंकल्पित छु तर प्रहरी र जनता दुवैका तर्फबाट निश्चित रूपमा विकास भइसकेको भए तापनि मानसिक परिवर्तनका लागि निश्चित समय र श्रम भने अवश्य लाग्दछ। तथापि, हामी यस दिशामा अग्रसर भइसकेकोले लक्ष्यमा हामी एकदिन अवश्य पुग्नेछौं भन्ने कुरामा दुईमत छैन।

प्रहरीप्रतिको समाजको अवधारणामा विगत वर्षहरूदेखि सकारात्मक परिवर्तनका लक्षणहरू देखापरेका छन्। प्रहरी बलको रूपमा नभएर सेवाको रूपमा स्थापित गर्न गराइएका विविध प्रयासको फलस्वरूप यो उपलब्धि हासिल हुनसकेको हो।

आन्तरिक साधन-स्रोतको कुशल व्यवस्थापनका नीतिहरू अवलम्बन गरी समयअनुरूपको मार्गमा संगठनलाई डोऱ्याउने प्रयासस्वरूप प्रहरी व्यवस्थापनको उच्च प्रयोगलाई प्राथमिकताका साथ लागू गर्ने र तदनुरूप प्रहरी कर्मचारीहरूलाई उत्प्रेरित गरी सेवाप्रतिको समर्पण र सक्षमता अभिवृद्धितर्फ हामी अग्रसर छौं।

प्रहरी सक्षमताको मेरुदण्डको रूपमा रहेको अपराध व्यवस्थापनलाई सुदृढ पार्न अभिलेख प्रणाली, अभिलेखको उपयोग र अपराध व्यवस्थापनमा कम्प्युटर प्रणाली अपनाई केन्द्रीय सूचना केन्द्रबाट सूचना प्रवाह गरिने कार्य सञ्चालन भइरहेको छ। साथै अपराध अनुसन्धान र नियन्त्रण कार्यमा अपराध सूचनाको महत्त्वलाई हृदयंगम गरी सूचना संकलन र त्यसको सही मूल्यांकनको लागि दक्षता अभिवृद्धितर्फ पनि विशेष ध्यान दिइएको छ। यस सन्दर्भमा Crime Management, Crime Pattern Analysis, Intelligence Analysis जस्ता तालीम कार्यक्रमहरू समायोजन गरिएको छ।

विगतका केही वर्षदेखि माओवादीको नाममा घट्ने गरेका हिंसात्मक क्रियाकलापहरू आज हाम्रा लागि गम्भीर चुनौतीको विषय भएको छ। राष्ट्रको आन्तरिक सुरक्षाको अभिभारा बोकेका प्रहरीले यसलाई गम्भीरताका साथ लिएका छन्। राष्ट्रिय सुरक्षामा प्रतिकूल असर पार्ने यस्ता गतिविधिहरूलाई तत्काल रोकेर जनतालाई यसबाट त्रासमुक्त गराउनु आज हाम्रो प्राथमिक दायित्व रहेको परिप्रेक्ष्यमा आतंककारीविरुद्ध गरिएको प्रहरी परिचालनले ठूलो सफलता प्राप्त भएको छ। जुनसुकै नामबाट पनि जनतालाई आतंकित पार्ने क्रियाकलापहरूविरुद्ध कठोर प्रहरी कारबाही गरिने दृढता प्रहरी संगठनको प्रमुखको हैसियतले व्यक्त गर्दछु।

सेवा विशिष्टीकरणको सन्दर्भमा आजको प्रजातान्त्रिक परिवेशमा जनताले निर्वाध रूपमा आफ्नो धारणा प्रकट गर्न पाउने संवैधानिक अधिकारको क्रममा यदाकदा हुने गरेको उत्तेजक उच्छृंखल क्रियाकलापलाई प्रतिकार गर्न र समाजमा शान्ति सुव्यवस्थालाई अक्षुण्ण राख्न उचित तालीम र यथोचित असवाव तथा कम क्षति पुऱ्याउने प्रभावकारी आधुनिक स्रोत-साधनयुक्त परिपूर्तिका साथै दंगा नियन्त्रण प्रहरी गणहरूको स्थापना गरिएको छ। नेपाल बन्द, चक्काजाम, हिंस्रक गतिविधिहरूउपरको प्रहरी कारबाहीमा यथोचित योजना र उचित तालीम तथा मनोबलको कारण विगतमा जस्तो बढी जीऊधनको क्षति हुने स्थितिलाई हामीले न्यूनीकरण गर्दै लगेका छौं।

संविधान प्रदत्त नागरिक हकअधिकारको संरक्षण र मानव अधिकारप्रति नेपाल प्रहरीको प्रतिबद्धताले प्रजातान्त्रिक प्रहरीको अवधारणालाई सुदृढ गराएको छ।



*प्र.म.नि. अच्युत कृष्ण खरेल*



प्रजातान्त्रिक समाजको विकास र खुला वातावरणसँगै भित्रिएका कुसंस्कारहरूको निराकरणको दायित्वलाई महसूस गरेर नेपाल प्रहरीले जनसेवाभीमुखी कार्यशैली अख्तियार गरेको छ। दृढ, निष्पक्ष र व्यावसायिक सक्षमता हामीमा विगतभन्दा ज्यादै विकसित र सुदृढ भइसकेको सर्वसाधारणले महसूस गरेका छन्, जसबाट हामी अझ उत्साहित भएका छौं।

प्रहरीबाट अधिकार दुरुपयोगका जनगुनासोलाई दृष्टिगत गरी प्रहरी संगठनभित्रैबाट त्यस्तो दुरुपयोगलाई निगरानी राख्न प्रहरी अधिकार दुरुपयोग अनुगमन सेल केन्द्र तथा क्षेत्र स्तरमा गठन गरिएको छ। यस सेलले प्रहरी कर्मचारीबाट हुनसक्ने अधिकार दुरुपयोगका सम्भावनालाई निरन्तर अनुगमन गरी त्यस्तो भए गरेको पाइएमा तत्काल त्यसउपर कारबाही गर्ने गरिएको छ। तसर्थ, यस सेललाई भविष्यमा अझ बढी क्रियाशील गराइनेछ।

नागरिकहरूको संविधान प्रदत्त सुसूचित हुने अधिकारलाई प्रवर्द्धन गर्ने उद्देश्यले प्रहरी कार्यका विविध पक्षहरूलाई सार्वजनिक रूपमा जानकारी गराउन आमसूचना प्रवाह प्रणालीअन्तर्गत केन्द्रीय प्रहरी समाचारकक्ष र क्षेत्रीय प्रहरी समाचार कक्षहरूको सञ्चालन गर्नुका साथै प्रेस सम्पर्क अधिकृतको व्यवस्था र प्रहरी पत्रकार भेटघाट कार्यक्रमलाई निरन्तरता दिइएको छ।

प्रहरीको क्रियाकलापको सन्दर्भमा पीडित व्यक्तिले सामयिक र उचित कानूनी उपचार पाउन नसक्दा झन् पीडित हुने र फौजदारी न्याय-प्रणालीमा विद्यमान कमीहरूको कारणले यदाकदा प्रहरीको गैरजिम्मेवारी र फाइदामूलक प्रवृत्तिले पीडितलाई नै थप मर्का पर्न जाँदा भ्रष्टाचार परिधि बढ्ने गरेको तथ्यलाई ध्यानमा राखी संगठनका सदस्यहरूको नैतिक चरीत्रलाई स्वच्छ र सही राख्न पुरस्कार-दण्डको नीतिलाई प्रभावकारी रूपमा लागू गरिएको छ। आगामी दिनहरूमा प्रहरी कर्मचारीहरूको चारित्रिक शुद्धतालाई अझ सबल बनाउन हामी सबै प्रयत्नशील रहनु आवश्यक हुनआएको छ।

प्रहरी सेवालाई अझ जनमुखी बनाई समाजमा देखापरेका विभिन्न विकृतिहरू र अपराधिक क्रियाकलापहरूलाई समुदायकै प्रयासमा नियन्त्रण गराउन समुदायमै आधारित प्रहरी कार्यशैली अवलम्बन गर्ने प्रयासस्वरूप स्कूल सम्पर्क कार्यक्रम, चेलीबेटी बेचबिखनविरुद्ध कार्यक्रमलगायतका जनचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएका छन् र भविष्यमा यिनीहरूलाई विस्तारका साथ निरन्तरता दिइने छ।

संगठनको सक्षमताको प्रमुख आधार मानव-स्रोत भएकोले नेपाल प्रहरीले मानव-स्रोत विकास कार्यक्रमलाई विशेष महत्त्व प्रदान गरेको छ। जनशक्तिको विकासलाई प्राथमिकता दिने नीति अनुरूप विभिन्न विषयमा दक्षताको लागि विविध विधाका प्रशिक्षणहरू सञ्चालन भइरहेका छन्। बेलायत सरकारको सहयोगमा सञ्चालित नेपाल पुलिस प्रोजेक्टले प्रशिक्षणका विविध क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ र समयानुकूल तालीमको आवश्यकता र उपादेयताको आधारमा तालीम प्रणाली, तालीम अवधिहरू र तालीम पाठ्यक्रमहरू पुनरावलोकन गरिनेछन् र भविष्यमा स्थलगत तालीमहरूलाई अझ बढी प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

राष्ट्रको विविध क्षेत्रमा आएको नैतिकता ह्रासको वर्तमान परिवेशमा आर्थिक, नैतिक र व्यावसायिक अनुशासनलाई मैले अपरिहार्य तत्वको रूपमा लिएको छु। आचरण व्यवहारमा शुद्धता बिना आज प्रहरी संगठनले जनसेवाभिमुखी प्रहरीको रूपमा आफूलाई स्थापित गर्न सक्दैन। तसर्थ, मैले आचरण शुद्धीकरणलाई संगठन सुदृढीकरणको प्रथम खुड्किलोको रूपमा लिएको छु। प्रहरी आचरण विपरीतका क्रियाकलापहरूउपर कडा दृष्टिकोण अवलम्बन गरिएको छ; भविष्यमा यसलाई अझ कडाइका साथ लागू गरिनेछ।

नेपाल प्रहरीको वर्तमान दायित्व तथा समसामयिक प्रहरीसँग सम्बन्धित मूलभूत विषयहरूमा छलफल गरी सामूहिक दृष्टिकोण निर्माण गर्न गोष्ठी, सेमिनार र कार्यशालाहरूको आयोजनामा विशेष ध्यान दिई समाजका विभिन्न वर्गसँग अन्तरक्रिया गर्ने गरिएको छ। बालबालिका तथा महिलाहरूको कानूनी अधिकारलाई संरक्षण गर्न नेपाल प्रहरीले विशेष सक्रियता अपनाएको छ। बालबालिका तथा महिलाविरुद्ध अपराध र बालअपराध समस्या समाधान विषयमा नेपाल प्रहरीद्वारा आयोजित गोष्ठीले पारित गरेका निर्णयहरूको कार्यान्वयन गर्ने गराउनेतर्फ प्रहरी संगठन क्रियाशील रहेको छ। महिला तथा बालबालिकासम्बन्धी अपराधको अनुसन्धानको लागि जिल्लास्तरमा गठन गरिएका महिला सेलहरू सक्रिय रहेका छन्।

संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय शान्ति सुव्यवस्था कायम राख्ने प्रयत्नहरूमा नेपाल प्रहरीले प्रत्यक्ष: योगदान पुऱ्याई आएको छ। कम्बोडिया, मोजाम्बिक, युगोस्लाभिया, हाइटी र इराकमा सञ्चालन भएका राष्ट्रसंघीय मिशनहरूमा नेपाल प्रहरीले आफ्नो

व्यावसायिक सक्षमता प्रदर्शित गरिसकेको छ। यसरी अन्तर्राष्ट्रिय शान्ति स्थापनाका खातिर राष्ट्रसंघले माग गरेअनुरूप हाम्रा अधिकृत जवानहरूले मिशन-क्षेत्रमा देखाएको क्रियाशीलताको सम्बद्ध अधिकारीबाट प्रशंसा हुनु निश्चय पनि गौरवको कुरा हो। आगामी दिनहरुमा नेपाल प्रहरीले संयुक्त राष्ट्रसंघको अनुरोधमा अन्तर्राष्ट्रिय स्तरमा प्रहरीहरुसँग कार्य गर्न नयाँ क्षेत्रहरु पहिचान गरी अन्तर्राष्ट्रिय शान्ति स्थापनामा थप योगदान दिनेछ।

साँघुरिदै गएको विश्वको परिवेशलाई दृष्टिगत गरी अपराधको विस्तार र त्यसको प्रभाव समग्र विश्वव्यापी रूपमै विस्तारित हुँदै गइरहेकोले अन्तर्राष्ट्रिय प्रहरीसँगको सम्पर्क र समन्वयमा विशेष जोड दिइएको छ। प्रहरी सम्बद्ध अन्तर्राष्ट्रिय सम्मेलन र गोष्ठीहरूलाई महत्त्वका साथ सम्पर्क, सम्बन्ध, समझदारी र सहयोग बढाउने अवसरको रूपमा हामीले लिई तद्नुरूप निरन्तर सहभागिता देखाएका छौं।

प्रहरी संगठनका सदस्यहरूको वृहत्तर हितका लागि सञ्चालित सेवामूलक, सुविधामूलक र आयमूलक प्रहरी कल्याण कार्यक्रमलाई आगामी वर्षहरूमा अझै विस्तार गरिनेछ। कल्याण कोषको परिचालनबाट प्रहरी तथा प्रहरीका परिवारको स्वास्थ्य, शिक्षा, आवास र यातायात सुविधा तथा भैपरी आउने सहयोगको क्षेत्रमा व्यापक उपलब्धी हासिल भएका छन्। यसै वर्षदेखि बिमाको व्यवस्था, भू.पू. प्रहरी कर्मचारीको स्वास्थ्य उपचारको लागि अक्षयकोषको स्थापना, प्रसूतिसेवा र थप शैक्षिक छात्रवृत्तिहरू स्थापना गरिएका छन्। सेवानिवृत्त प्रहरी कर्मचारीहरूको आर्थिकोपार्जनलाई मध्यनजर राखी आगामी वर्षमा पुर्नस्थापना कार्यक्रमहरू अगाडि ल्याउनु आवश्यक भइसकेको छ। आगामी दिनहरूमा कल्याण योजनाअन्तर्गत विविध क्षेत्रहरू पहिचान गरी तद्नुरूप सेवा अभिवृद्धि गराउँदै लगिनेछ।

समयानुकूल जनताको सेवाभन्दा पनि प्रहरी संगठनको प्रयोग व्यक्तिगत चाहना र गैर व्यवसायिक क्रियाकलापमा भएको कटु सत्य हाम्रो सामू छ। तथापि, समाजमा आएको परिवर्तनसँगै हाम्रो क्रियाकलाप पनि परिवर्तित हुनुपर्दछ। आजको बदलिंदो परिवेशमा प्रहरी संगठन समयानुकूल सिर्जना भएका चुनौती र हाँकहरूसँग प्रतिस्पर्धा गर्न पेशागत नैतिकता, व्यावसायिक दक्षता र दृढ मानसिकताका साथ अगाडि बढ्नुपर्ने आवश्यकता समयको माग हुनआएको छ।


श्री ५ बडा महारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ५० औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफ सरकारको सुख, स्वास्थ्य एवं समृद्धिको लागि सभक्ति हार्दिक शुभकामना टक्र्याउँछौं।



कलेज अफ मेडिकल साइन्स

भरतपुर, चितवन

# STEPS TO CONSOLIDATE THE ORGANISATION



*IGP Achyut Krishna Kharel*

A closer examination of the history of the Nepal Police makes it amply clear that the police organisation has vastly expanded from its initial small structure. Thus it has become our first priority today to enhance the efficiency to shoulder the vast responsibility that has devolved on this large organisation. Having realised that it has been highly essential to enhance quality for the promotion of professional capacity, plan of action based on available physical technological and human resources is designed. I have endeavored to direct the leadership of the organisation towards achieving the set goals.

We have all felt that it has proved to be a challenging job to draw up effective plan of action in the changed political and social environment. As these challenges are not confined merely to some particular organisations, associations, individuals or bodies but have also threatened the internal security itself, I have felt that Police-Public partnership has become indispensable to counter these challenges. The police organisation is firmly committed today to establish itself as a "service", not as a "force". However, both police and public have developed definite attitude, we need a particular span of time and hard work to bring about mental change. Nonetheless, since we have already embarked on this path, there is no doubt that we will certainly achieve our goal one-day.

Signs of positive change have emerged in the society over the last few years in the atitude of society towards police. The achievement has been accomplished as a result of various efforts initiated to establish Police as a "service", not as a "force".

We are moving ahead with the Police management policy to direct the Police to the path determined by our goals, adopt policies of efficient management of internal resources, encourage the police accordingly and promote dedication and efficiency in service.

In an attempt to consolidate the crime management aspect, which is the backbone of police efficiency, the task of making the steady flow of information from the central information centre is going on after we have adopted the computer system for maintaining records, utilisation of records and crime management. At the same time, special attention has been focused on efficiency promotion for the sake of information collection and its genuine evaluation in view of the importance of crime-related information for investigation and control of crime. In this connection arrangements have been made for various training programs, such as crime management, crime pattern analysis, Intelligence analysis and so on.

The incidents of violence taking place in the country over the last few years in the name of Maoists are matters of grave challenge for us today. Entrusted with the responsibility of internal security of the country, police have taken this responsibility seriously. Our primary responsibility today is to stop forthwith such activities, which adversely affect the national security, and to free people from terror. In this background, the mobilization of police against the terrorist activities has achieved tremendous success. As chief of the police force, I would like to express my determination to launch strong police action against activities designed to terrorize the people by any name.

In the present context of democracy, people have the constitutional right to express their views in an unrestricted manner. In an attempt to promote the quality of services, arrangement has been made for adequate training, necessary equipment and effective modern appliances, which cause little harm but disperse the crowd engaged in uncontrolled and wanton activities. Thus they can deal with such mobs effectively and help maintain law and order in the society. Moreover, Police Riot Control Battalion has also been established. We have been minimizing damages to life and property in police action against violent activities including Nepal Bandh and Chakka Jam with the help of proper planning

suitable training and high morale.

The commitment of the Nepal Police to guarantee the Human Rights of the citizens by the constitution has consolidated the concept of democratic policing. It has adopted the policing strategy which focuses on service to people in realisation of its responsibility to protect people from some decadent culture which have emerged after the advent of democracy and open environment.The common people have felt that we possess higher degree of firmness, impartiality and professional efficiency than in the past, which is indeed a great source of encouragement for us.

In view of the public complaints being received against police charging that they have been misusing their power, 'Police Authority Abuse' monitoring cells' have been set up at the centre and different regions to monitor the abuse of authority by Police. Members of the cells have been drawn from within the Police Organisation. This cell continuously monitors the possible abuse of authority. If such cases are found, action is taken immediately against abuse of authority. This cell will be further activated in future.

Central Police News Room and Regional News Room are being run to ensure smooth flow of mass information, inform the general public about various activities of the police and promote citizens' rights to be informed as guaranteed by the constitution. Arrangement has also been made for a Press Liaison Officer and "Meet the Press" Program.

If the aggrieved individual does not get proper legal cure on time in the course of police action, he will be more victimized. In the same way, existing weaknesses in criminal justice system would tend to make police irresponsible and develop the tendency to seek personal benefit, which adds more suffering to the victim and promotes corruption. In view of this situation, the policy of reward and punishment has been enforced effectively to keep the moral conduct clean and good. It is imperative that all of us must strive to further strengthen the moral character of police employees in the days ahead.

Various public awareness generation programs such as school liaison program and programs against girl trafficking have been conducted as part of our efforts to make the police service more people-oriented and control various social aberrations and criminal activities with the initiatives of the community itself. These programs will be further expanded and continued in future.

Since human resources form the main basis for the strength of the organisation, the Nepal Police has attached special importance to human resources development. In accordance with the policy to accord top priority to manpower development, training programs on different aspects are being conducted. The Nepal Police Project being run with the cooperation of the government of the United Kingdom has made vital contribution to meet various training needs. The training system, training period and curriculum of training will be reviewed to determine the timely needs and usefulness of the training. Greater priority will be given to on-the-job training in future.

In the present context in which there has been a moral decline in every sphere of the nation, I feel that financial, moral and professional disciplines are indispensable elements. The Police organisation cannot establish itself as a public-service-oriented organisation unless the police have a clean conduct and behavior. Therefore, I consider that purification of character is the first step ahead towards consolidating the Police organisation. Activities, which go against the proper conduct of police will be sternly dealt with. This policy will be implemented with more severity in future.

Special attention has been paid to hold symposium, seminar and workshop and discuss fundamental issues related with Police and the present responsibility of the Nepal Police and also organize interaction program with different sections of society to evolve a common viewpoint. The Nepal Police has been actively engaged in protecting the legal rights of children and women. The police organisation has been bringing into practice the recommendations of symposiums on "crimes against children and women" and "Resolving problems related with juvenile delinquencies" Women's cells formed at the district level are working actively to investigate crimes against children and women.

The Nepal Police has been making its direct contribution in the United Nation's international peace-keeping operations. It has already displayed its professional efficiency in the international peace missions of the United Nations in Cambodia, Mozambique, Yugoslavia, Haiti and Iraq. It is indeed a matter of pride for us to hear from the authorities concerned the words of appreciation of our officers and men for the active role they have played in the mission area after they were assigned to the international peace missions at the call of United Nations.

Since the crimes and their impact have been spreading on a global scale as the world is getting smaller, special emphasis has been given to contact and coordinates with International Police. We have attached importance to international symposiums and seminars as opportunities to increase contact, friendly ties, understanding and co-operation. We have been participating in these seminars accordingly.

The service-oriented, facility-oriented and income-generating police welfare programs launched for the larger interest of members of the police organisation will be further expanded in the coming years. The mobilization of welfare fund has helped tremendously for the accomplishment of wider achievements in the fields of health, education, housing, transportation facility and other necessary cooperation to Police and their family members. The need has been felt to introduce rehabilitation program in the years ahead to help retired police employees earn their livelihood. Under the welfare plan, services will be increased in different sectors in the coming years.

We are aware of the bitter truth that the police organisation was used for a long time as a tool to fulfil personal desires and sustain personal rule rather than serve the people in accordance with the needs of time. Nonetheless, our activities should also undergo change along with the change in society. It is the call of the time in the modern context that the police organisation should move ahead with professional integrity, skill and firm attitude to cope with the challenges confronting us today.

# आजको चुनौती र नेपाल प्रहरी



यादवकान्त सिलवाल
*पूर्व सार्क महासचिव*
*Y.K. Silwal*
*Former General Secretary, SAARC*

समुदाय नै एउटा देश (Whole Global Community) जस्तै हुनलागेको छ। यस परिप्रेक्ष्यमा अपराध रोकथाम, नियन्त्रण गर्ने कार्य एक देशको प्रहरीको एक्लो प्रयासले मात्र अपर्याप्त हुन्छ भने हाम्रो देशको सन्दर्भमा मुलुकको भौगोलिक बनावटले पनि आफ्नो दायित्व निर्वाह गर्न प्रहरीलाई कठिन पर्नगएको महसूस गरिएको छ। पहाडै पहाडको देश भनेर चिनिने नेपालको विषम भौगोलिक अवस्था, सडक यातायात, रेल्वेजस्ता कुरामा विकास गर्न पूर्वाधारको कमी छ भने आज पनि कतिपय भूभागहरू दुर्गम छन्। यस्तो अवस्थामा देशको शान्तिसुरक्षा कायम गर्ने सवालमा प्रहरीको गतिशीलतामा निश्चय नै बाधा पुग्नजान्छ र गतिशीलताविहीन प्रहरी अपाङ्गसरी भएको महसूस हुन्छ।

भूपरिवेष्ठित, अत्यन्त कम विकसित एउटा सानो मुलुक जसको करिव १८०० किलोमिटरसम्म भारतसँगको खुला सीमानाले गर्दा पनि प्रहरी सेवालाई चुनौतीपूर्ण बनाएको छ। अपराधीहरूले अपराध गरेर सहजै खुला सीमानाको फाइदा उठाउने वस्तुस्थिति एकातर्फ देखिन्छ भने हवाइ सेवाको विस्तारको कारणले पनि अपराधकर्मीहरूलाई बढी गतिशील बनाएको छ। यस्तो अवस्थामा स्वदेशमा कति मान्छे भित्रिन्छन्, कति मान्छे बाहिर जान्छन्, त्यसमा कस्ता-कस्ता तत्त्वहरू हुन्छन्, तिनीहरूको प्रहरीले निगरानी राख्नुपर्ने स्थिति छ। यो स्थिति दिनपरदिन झन्-झन् कठिन बन्दै गइरहेको छ।

प्रहरी भनेको समाजका लागि अपरिहार्य संस्था हो। यसलाई अगाडि बढाउन नागरिकले साथ दिनुपर्छ, सरकारले बल दिनुपर्छ र सामाजिक संघसंस्थाहरूले सहयोग गर्नुपर्छ।

प्रहरीको साम् उपस्थित वर्तमान समयका चुनौतीहरूको सफलतापूर्वक सामना गर्न र भविष्यमा आई पर्नसक्ने कठिनाइहरूसमेतलाई ध्यानमा राख्दै प्रहरी संगठनले आफ्नो तयारी गर्नुपर्ने देखिन्छ। प्रहरीले अपराध निरोधात्मक कारबाहीहरू अनवरत् अगाडि बढाउनुपर्छ भने त्यसका लागि प्रहरीभा सञ्चालन हुने तालीम, प्रशिक्षण कार्यक्रमहरू अन्तर्राष्ट्रिय, क्षेत्रीयस्तरअनुरूप हुनु नितान्त आवश्यक भैसकेको छ। अन्तर्राष्ट्रिय प्रहरी संगठन इन्टरपोल, क्षेत्रीय प्रहरी संगठनहरूसँगको अन्तरक्रिया, सहयोग आदान-प्रदान अपरिहार्य भैसकेको छ। स्पष्ट भन्ने हो भने राष्ट्र-राष्ट्रबीचको, प्रहरी संगठनहरूबीचको आपसी सहयोग, समझदारीबिना प्रहरी सेवा प्रभावकारी रूपमा उपलब्ध गराउनै नसक्ने वर्तमान अवस्था छ। त्यसमा पनि स्रोत साधनको कमी, कठिनाइहरूसमेत नेपाल प्रहरीले व्यहोर्नुपरेको छ।

यस परिप्रेक्ष्यमा नेपाल प्रहरीले विश्वका विभिन्न देशका प्रहरी संगठनहरूबीचको आपसी सहयोग, समझदारी, विचार, ज्ञान र अनुभवको आदान-प्रदानमा उल्लेखनीय सक्रियता देखाएको छ। जस्तो सार्कको सन्दर्भमा १९९६ पछि पनि २ वटा सभाहरू भए। यी दुई सभाहरूमा सँगठित अपराध, लागूऔषधसम्बन्धी अपराध र यसको अनुसन्धानमा कसरी अनुभवहरू साटासाट गर्ने भन्ने विषयमा सन्तोषप्रद छलफल भयो। क्षेत्रीय सहयोगबिना नेपालमा हामी एक्लैले वा भारत, पाकिस्तान, बंगलादेश अरू राष्ट्रहरूले पनि आपसी सहयोगबिना अपराध घटना सुल्झाउन मुस्किल पर्दछ।

नेपाल प्रहरीले इन्टरपोलमा सक्रिय सहभागिता राखेको छ। संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापना कार्यमा सहभागी भएको छ। नेपाल प्रहरीले प्रहरी-प्रहरीबीचको क्षेत्रीय सहयोगका योजनाहरूमा सहभागिता गर्दैछ। प्रहरीले दैनिक काम-कारबाहीहरूका साथै समाजको शान्ति सुव्यवस्था कायम गर्ने कार्यमा पनि यथेष्ट प्रयास गरिराखेको छ।

राष्ट्रले आफ्नो चौतर्फी विकासको सन्दर्भमा जुन कठिनाइहरूको सामना गर्नु परिरहेको छ, त्यसको प्रभाव प्रहरी कार्यक्षमता वा संगठनको विकास विस्तारमा पनि पर्नु स्वाभाविकै हुन्छ। तर पनि नेपाल प्रहरीले आफ्नो सीमित साधन-स्रोत, अनेकन चुनौती र बाधा व्यवधानबीच जुन प्रभावकारी सेवा पुर्‍याइरहेको छ, त्यसलाई भन्नुपर्दा त्योभन्दा गर्न सकिने अवस्था छैन भन्न हिच्किचाउनुपर्ने देखिन्न। विगत २५-३० वर्षको अवधिमा प्रहरीले आफ्नो कार्यक्षेत्रको प्रशस्तै विस्तार गरेको छ, आफ्नो बहुमुखी दायित्व वहन गरिरहेको छ र प्रहरी सक्षमता अभिवृद्धिका लागि प्रशस्तै प्रयासहरूसमेत भइरहेका छन्। दक्षिण एसियाली राष्ट्रको प्रहरीहरूको पंक्तिमा नेपाल प्रहरीको भूमिका र सक्षमता तुलनात्मक हिसाबले पनि राम्रो महसूस गरिएको छ।

प्रहरीलाई राजनीतिकरणबाट टाढै राख्नुपर्छ। किनभने यसले संगठनभित्र विभिन्न विकृतिहरूको जन्म गराउँछ। त्यस्ता विकृतिहरू विकसित भएपछि त्यो स्थिति साह्रै खतरनाक हुन्छ। त्यसले प्रहरीको मनोबल र आचरणलाई प्रभावित गर्छ। कार्यक्षमतामा पनि नराम्रो असर पार्दछ । त्यो अवसर मुलुकका लागि दीर्घकालिक र घातक हुन्छ। यस तथ्यप्रति सबै हाम्रा राजनीतिक दलहरू सचेत हुनुपर्छ। यो सचेतता हुनुपर्छ कि प्रजातान्त्रिक वातावरणमा जुन राजनीति अगाडि बढिरहेको छ, त्यसमा प्रहरीलाई कुनै हालतमा छुनुहुँदैन र अलग्गै राखेर प्रहरीको सक्षमता अभिवृद्धि गर्नेतर्फ सोचाइ राख्नुपर्दछ। यसो भएमा प्रहरी आफ्नो व्यावसायिक क्षेत्रमा निर्भिक र निष्पक्ष भई अग्रसर रहन सक्छ।

प्रहरी व्यावसायिक सीप, सक्षमतातर्फ अग्रसर रहेको संगठनले अन्य विभिन्न संघसंस्थासँग अन्तरक्रिया गरी कसरी देशमा शान्ति सुव्यवस्था कायम गर्ने, कसरी मानवअधिकारप्रति सम्मान गर्ने, संरक्षण गर्ने, कसरी प्रहरी संगठन निष्पक्ष र निडर भएर अगाडि बढ्ने भन्ने सम्बन्धमा अनुकूल वातावरण निर्माण गर्न सक्छ र प्रहरी कर्मचारी कसैको कृपापात्र बन्नुपर्ने अवस्था रहन्न र सेवाप्रति निष्ठावान रहन सक्ने वातावरण पैदा हुन्छ।

*(लेखकसँगको कुराकानीमा आधारित)*

# Challenges of Nepal Police

The whole global community is fast turning almost into a single country. In this context, the lone effort of the Police of a single country will prove to be too insufficient to control and prevent crimes. On top of this, it has been felt that the geographical characteristics of our country have made it difficult for the Police to play their role effectively. Nepal, which is also known as the country of mountains with many inaccessible areas and extreme geographical features, lacks development infrastructures like road and railway networks. This is a condition in which mobility of police so essential for maintaining law and order is certainly compromised as a police without necessary mobility is like a disabled man.

The police service of this small, least developed and land-locked country is also facing problem because of the 1000-mile long open border with India. While on the one hand, there is a situation in which criminals can easily take advantages of open border after committing crimes, on the other hand, mobility of the criminals has been further enhanced by the expansion of air service. In such a situation, police must monitor how many and what types of people are entering and going out of the country. The situation is getting worse day by day.

Police are indispensable to the society. Therefore, the citizens should help them, the government should strengthen them & the social organisations should cooperate with them.

It appears that the Police organisation should prepare itself in view of the need to tackle the present day challenges confronting them and the difficulties that might be encountered in future. Crime prevention measures should be adopted continuously. For this, it is essential that the training programs to be conducted in police organisation should be at par with international and regional police training levels. Interaction and exchange of cooperation with International Police Organization (Interpol) and Regional Police organizations has been indispensable. In fact, Police service cannot function effectively without mutual cooperation and understanding among police organisations of different countries at the present context. The situation is still worse for the police in Nepal because of the fact that it has to face various difficulties including scarcity of resources.

In this context, the Nepal police has shown remarkable agility to strengthen mutual cooperation, understanding and share ideas, knowledge and experience among police



organisations of different countries of the world. In the context of SAARC, two meetings took place even, after 1996. Discussions held in these two meetings on how to share experiences with regards to organized crimes related with narcotic drugs and their investigations were satisfactory. By going it alone without regional co-operation, Nepal, India, Pakistan, Bangladesh and other nations cannot solve crimes in the absence of mutual cooperation.

The Nepal police has been actively participating in Interpol. It has been taking part in the peacekeeping operations at the call of the United Nations. It has been participating in the regional cooperation schemes among the police of different countries. The police are making sufficient endeavors to establish peace and security in the society.

It is but natural that the kind of hardship faced by the nation in the course of achieving its all round development will certainly have its impact on the work efficiency and organizational development of its police organisation. In spite of this, it can be said without hesitation that no other police force can do more efficient job than what the Nepal Police has done in the face of its limited resources, multiplicity of challenges and obstructions. Over the last 25 to 30 years, the Nepal police has amply expanded the areas of its activities; it has borne its multi-purpose responsibility and it has made numerous efforts for the enhancement of police efficiency. Consequently, the role and capacity of the Nepal police have been rated highly in the list of police force of south Asian countries.

Police must be kept aloof from politics because it will otherwise bring polarization. Such polarization will give rise to a highly dangerous situation, lower the morale of the force, affect the character of the police and adversely affect their work efficiency. Consequently, the adverse impact for the country will be long-term and fatal. All the political parties should be conscious of the fact. They must have the awareness that the politics, which is now being pursued in a democratic country, should not touch the police at any cost. Their efficiency should be enhanced by keeping them aloof from such environment. This would enable the police force to engage themselves in their profession fearlessly and impartially.

In this way, police organisation, which possesses professional skill and which has geared itself towards strengthening its capacity can evolve favorable environment after interacting with various other organisations and sharing views on questions, such as how to maintain law and order in the country, how to respect and protect human rights and how to move ahead without fear and prejudice. This is how they need not seek anyone's favour and an environment in which they can remain loyal to their service to the country and people.

*(Based on the conversation with author)*

# प्रहरी प्रशासनमा नयाँ आयामहरु



प्र.अ.म.नि. प्रदीप शम्शेर ज.ब.रा.
*AIGP Pradeep SJB Rana*

प्रहरी प्रधान कार्यालय, प्रशासन विभागले समयानुकूल रूपमा विभिन्न जनशक्ति व्यवस्थापन र कार्यदक्षताको अभिवृद्धि गर्ने कार्ययोजनाहरू लागू गर्दै आएको छ। संगठनभित्र कर्मचारी भर्नामा व्यवस्थीकरण गर्ने, जनशक्ति समायोजन, प्रशिक्षण, स्थानान्तरण, कार्यदक्षता मूल्याङ्कनजस्ता विषयहरूमा अध्ययन, विश्लेषण र व्यवस्थापन गर्नेजस्ता कार्यहरूमा प्रशासन विभाग बढी संवेदनशील रहेको छ। यसै परिप्रेक्ष्यमा विकेन्द्रीकरणको सिद्धान्तअनुकूल अधिकारहरू प्रत्यायोजन गर्ने र सहज एवं सक्षमतापूर्वक तोकिएको क्षेत्रमा अधिकारीहरूलाई उत्तरदायी बनाउने कार्यहरूमा बढी जोड दिइएको छ।

**जनशक्ति व्यवस्थापनमा सरुवासम्बन्धी नीतिहरू**

विभिन्न पदका प्रहरी कर्मचारीहरूलाई विभिन्न तहबाट सरुवा गर्ने प्रहरी नियमावलीमा व्यवस्था भएअनुसार सरुवा गर्दा अख्तियारवाला कार्यालयलाई समय तोकी तोकिएको समयमा सरुवा गर्ने व्यवस्था गर्ने नीति लिइएको छ भने कुनै कर्मचारीलाई पीरमर्का परेमा प्रधानमन्त्री, गृहमन्त्री, प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षकहरूमा निवेदन गर्न सकिने, विशेष परिस्थितिबाहेक कुनै पनि कर्मचारीलाई काजमा नराख्ने, काजमा राख्न अख्तियार पाएको अधिकारीले एक तहमाथिको स्वीकृति लिएर मात्र काजमा राख्न सकिने, गयल खाली भएको प्रहरी कर्मचारीले प्रहरी नियमावली ( २०४९) को नियम (ट)घ अनुसार १५ दिनभित्र निवेदन गरिसक्नु पर्नेजस्ता नीतिहरू लिइएको छ।

**सेवा विशिष्टीकरणका प्रयासहरू**

सेवा विशिष्टीकरणलाई प्रभावकारी रूपमा अघि बढाउने उद्देश्यले यसै आर्थिक वर्षबाट अपराध अनुसन्धान विभागअन्तर्गत रहेका कर्मचारीहरूलाई सोही विभाग तथा ट्राफिक प्रहरीलाई सवारी नियन्त्रण महाशाखाले नियन्त्रण तथा निर्देशन गरी सरूवा-बढुवा गर्ने सम्पूर्ण अधिकार प्रत्यायोजन गरी विकेन्द्रीकरणको अवधारणालाई अझ सशक्त बनाइएको छ।

**प्रहरी कल्याण योजना**

संगठनमा कार्यरत सदस्यहरू र भूतपूर्व प्रहरी सदस्यहरूका लागि संगठनले विभिन्न कल्याणकारी योजनाहरू सञ्चालन गरिआएको छ। सबै क्षेत्रमा प्रहरी विद्यालयहरू कार्यरत छन् भने यसै वर्षबाट प्रहरी कर्मचारीहरूका बालबच्चाका लागि उपत्यकामा पूर्व प्राथमिक विद्यालय स्थापना गरी पठन-पाठन सुरु गरिएको छ। बहालवाला र भूतपूर्व प्रहरी कर्मचारीहरूका लागि उपचारार्थ काठमाडौं र दिपायलमा प्रहरी अस्पतालहरू सञ्चालित रहेकोमा यसै आर्थिक वर्षबाट नेपालगञ्जमा समेत क्षेत्रीय प्रहरी अस्पतालको स्थापना भई कार्य सुरु गरिएको छ। यसका अतिरिक्त प्रहरी सन्तति छात्रवृत्ति, पारिवारिक आवास सुविधा, किस्ताबन्दीमा मोटरसाइकल, साइकल, टेलिभिजन उपलब्ध गराउने, प्रहरी कर्मचारीहरूका लागि दुर्घटना बिमा, दुर्घटना परी मृत्यु हुने प्रहरी कर्मचारीको कृयाखर्चबापत रु. २५,०००/- तत्काल उपलब्ध गराउने र दैवीप्रकोप पीडित प्रहरी कर्मचारीको परिवारलाई आर्थिक सहायता प्रदान गरिनेजस्ता कल्याणकारी कार्यहरू लागू गरिएका छन्। यसप्रकार प्रहरी संगठनमा कार्यरत सदस्यहरूको समुच्च विकासका लागि प्रहरी प्रशासनका विविध पक्षहरूमा सुधार गरिने प्रक्रियालाई कायमै राखिएको छ।

# New Dimension in Police Administration



स्व. प्र.ज. मानवीर थापाको श्रीमतीलाई २ लाखको चेक हस्तान्तरण गर्नुहुँदै ।

*AIGP Pradeep SJB Rana handing over a cheque for 200,000/- to wife of late police constable Man Bir Thapa*

The Administrative department of the police headquarters has been implementing various plan of actions for timely manpower management and enhancement of efficiency among its manpower. The Administrative department is more sensitive on systematizing recruitment of its personal, manpower adjustment, training, transfer, evaluation of work efficiency etc. with a focus on study, analysis and management aspects. In this context, attention has been focused on power delegation in conformity with the principle of decentralization and making the officials responsible to their duties in their work station in a simple and efficient manner.

**Transfer Policies Regarding Manpower Management**

When police employees of different posts are transferred, the Nepal Police has been implementing the policy fixing the term for the authorized office to transfer them at the prescribed time as provided by in police regulations. If some employees are aggrieved, they may apply to the Prime Minister, the Home Minister, the Inspector General of Police and the Additional Inspector General of Police. No employees shall be assigned to special duty except on special situation. The authority, which is authorized to appoint an employee on special duty, may do so with the permission of an authority that is senior to him by one post. A police employee who has been dismissed from service as a result of his absence in office must apply within 15 days in accordance with rule 63 of Police Regulations 1992.

**Effort Aimed At Improving Quality Of Services**

With a view to pursuing the efforts of service specialization and improvement in quality in an effective way, the concept of decentralization has been further consolidated by delegating all the powers for control, direction, transfer and promotion of employees of Crime Investigation Department and Traffic Control Division to the concerned departments from the current fiscal year.

**Police Welfare Schemes**

The organisation has been running various welfare schemes for members now working in the organisation and former police members. Police schools are functioning in all the regions. A pre-primary school has been established this year and the school has started teaching children. For the medical treatment of police in active service and those who have retired, police hospitals are being run in Kathmandu and Dipayal. Another police hospital has been established and it has already been functioning in Nepalganj since this year. Moreover, various welfare activities have been launched for the police, such as scholarship for children of police, family housing facility, providing motorcycle, bicycle and television in installments, accident insurance for police personnel, giving Rs. 25,000/- immediately as funeral rites expenses of police personnel in case of his death in accident. There is a provision of making available financial assistance to families of police personal who happen to be the victim of natural calamity. In this way, the process of bringing about an improvement in different aspects of the administration for the overall development of members of the police organisation has been continuing.

# मानवस्रोत व्यवस्थापन



प्र.अ.म.नि. कृष्ण मोहन श्रेष्ठ
*AIGP Krishna Mohan Shrestha*

प्रहरी संगठनको मूलभूत लक्ष्य मुलुकमा शान्तिसुरक्षा कायम गर्नु र अपराधको रोकथाम तथा नियन्त्रण गर्नु रहेको छ। सो उद्देश्य परिपूर्ति गर्नेतर्फ प्रहरी प्रधान कार्यालयले आवश्यक नीति तर्जुमा गरी केन्द्रमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान तथा क्षेत्रीय स्तरमा क्षेत्रीय प्रहरी तालीम केन्द्रहरूमार्फत् प्रहरी संगठनलाई चाहिने जनशक्ति उत्पादन गर्ने कार्य सक्रिय रूपमा भइरहेका छन्। बिनाप्रशिक्षण प्रहरीको पदिय दायित्व निर्वाह गर्न असम्भव हुने हुँदा आ-आफ्नो दर्जा र पेसाअनुरूपको प्रशिक्षण सबै प्रहरी कर्मचारीले अनिवार्य रूपमा लिनुपर्ने हुन्छ। प्रशिक्षणले परिस्कृतता ल्याउने र यसबाट नै प्रभावकारी परिणाम निस्कन सक्ने हुँदा प्रहरी संगठनमा प्रशिक्षण अझ अपरिहार्य तत्त्व रहेको छ। प्रशिक्षणबाट व्यक्तिको ज्ञान र सीपको विकास मात्र नगरी धारणामा समेत परिवर्तन ल्याउन सक्ने हुँदा संगठनले राखेको आशातित लक्ष्य परिपूर्ति गर्ने कार्यमा प्रशिक्षणले महत्त्वपूर्ण योगदान दिने गर्दछ।

यसै क्रममा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले मानवस्रोत विकासका लागि आफ्नो प्रशिक्षणको माध्यमबाट देशमा बढ्दो जनसंख्याको चाप एवं आधुनिकीकरणसँगै सिर्जित विभिन्न चुनौतीहरूलाई सामना गर्न सक्षम योग्य एवम् दक्ष प्रहरी जनशक्ति निर्माण गरी कार्यक्षेत्रमा पठाउने पक्षमा आफ्नो पूर्ववत् स्थापनाकालदेखि नै अमूल्य योगदान दिँदै आएको छ। रा.प्र.प्र.प्र.ले आफ्नो २ वटा महाविद्यालय, १ अपराध अनुसन्धान शिक्षालय तथा कुकुर तालीम विद्यालय र केन्द्रीय प्रहरी बैण्ड गुल्मलाई समेटेर प्रशिक्षण कार्यलाई अगाडि बढाएको छ भने क्षेत्रीय स्तरमा रहेका तालीम केन्द्रहरूलाई पनि प्रशिक्षणका लागि नीति निर्देशन एवम् समन्वयात्मक भूमिका खेल्दै आएको छ। यसको साथै सञ्चार, ट्राफिक र कम्प्युटर तथा सवारीचालकजस्ता तालीमहरू यसै प्रतिष्ठानको तत्वावधानमा सम्बन्धित निकायमा सञ्चालन हुने गर्दछन्।

प्रशिक्षणका लागि स्वदेश तथा विदेशमा तालीमप्राप्त योग्य अनुभवी प्रहरी अधिकृतहरूको अतिरिक्त सम्बन्धित विषयमा दखल भएका अन्य निकायका विद्वान् प्राज्ञ प्रशिक्षकहरू झिकाई प्रशिक्षण कार्यलाई अझ परिष्कृत एवं आधुनिक शैलीको माध्यमबाट प्रशिक्षण दिन प्रतिष्ठान सक्रिय रहेको छ। यसका साथै संयुक्त अधिराज्यबाट प्रहरी परामर्शदाताको रूपमा रहनुभएका डा. स्टेफन जेम्स मेल्सको तर्फबाट प्रतिष्ठान तथा अन्य तालीम केन्द्रहरूलाई पुऱ्याउनुभएको भौतिक सहयोग तथा स्वंय प्रत्यक्ष संलग्न भई प्रदान गर्नुहुने प्रशिक्षण र उहाँको सक्रियतामा सञ्चालन हुने तालीमहरूले समेत प्रशिक्षण क्षेत्रमा थप टेवा पुगेको छ। प्रतिष्ठानले समसामयिक विषयहरूमा सेमिनार, गोष्ठी र अन्तरक्रिया आदि सञ्चालन गर्ने, आधारभूत तथा उन्नत तालीम प्रदान गर्ने, प्रशिक्षण कार्यमा आबद्ध अन्य निकायहरूसँग समन्वय र सहयोगको वातावरण बनाइराख्ने आदि कार्यहरू गर्दै आइरहेको छ। यसका साथै देशको कर्मचारीतन्त्रको मूल कडीको रूपमा रहेको लोकसेवा आयोगबाट नयाँ नियुक्त शाखा अधिकृत तथा प्रमूख जिल्ला अधिकारीहरूलाई समेत आवश्यक प्रशिक्षण प्रदान गर्दै आएको छ। नेपाल प्रहरीबाट विदेशमा शान्तिसुरक्षा स्थापना गर्ने कार्यमा खटिइजाने प्रहरी कर्मचारीहरूलाई प्रहरी प्रबोधक तालीमसमेत प्रदान गर्दै आएको छ। यसै क्रममा स्थलगत प्रशिक्षण प्रदान गर्नुका साथै महिला तथा बालबालिकाविरुद्ध अपराध अनुसन्धान, घटनास्थल अनुसन्धान, जुडो-कराँते आदिजस्ता विषयमा प्रशिक्षण दिनुका साथै एच.आई.भि./एड्स, सामुदायिक प्रहरीजस्ता समसामयिक विषयहरूमा सेमिनार गोष्ठीसमेत यस प्रतिष्ठानले गत वर्ष आयोजना गरेको थियो।

देशमा प्रशिक्षणको सन्दर्भमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका अन्य विभिन्न प्रशिक्षण निकायजस्तै त्रिभुवन विश्वविद्यालय, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, प्राविधिक प्रशिक्षण केन्द्र र CTVT आदिसँग बराबर सहयोग एवम् समन्वय आदान-प्रदान गर्दै प्रशिक्षण कार्यलाई समयानूकूल अझ बढी प्रमुख तुल्याउने उद्देश्यमा प्रतिष्ठान निरन्तर लागिरहेको छ।

आ.व. २०५४/०५५ मा स्वदेश तथा विदेशमा गरी सि.अ. ४६५, जु.प्र.अ. १५२७ तथा प्र.ह., प्र.ज. ५६९८ जनाले विभिन्न विषयमा प्रशिक्षणहरू हासिल गरेका थिए।

# Human Resource Management

The fundamental goal of police organisation is to maintain law and order in the country and to prevent and control crime. In order to fulfil this goal, the police headquarters has formulated necessary policy and production of manpower necessary for police organisation is going on from National Police Academy at the centre and regional police training centers at the regional levels. Since it is impossible for the police employees to bear the responsibility befitting their post without training all police employees should compulsorily receive training suitable to their post and profession. Training will bring refinement and effective result. Therefore, training is an indispensable element for police organization. Since training brings about changes in the attitude of an individual along with the development of his knowledge and skill, it makes vital contribution towards realizing the expected goals of the organisation.



In this respect, the National Police Academy has been making its invaluable contribution to human resource development through the medium of training and has been producing and assigning capable and efficient police manpower to their respective work stations right from the time of its inception. The academy has been running its training programs incorporating its two colleges, one crime investigation school, dog training school and central police band battalion while at the regional level it has been playing the coordinator's role by giving them guidelines for training. Moreover different training programs such as those related with communication, traffic, computer and vehicle driving are run under the aegis of this academy by different concerned units.

The training academy is actively working to impart training using a more refined and modern technique. Scholar-trainers well-versed in their respective areas from other areas are also invited as well to run the programs in addition to the capable and experienced police officers trained in the country and abroad. Besides, the physical assistance rendered by Dr. Stephan James Males, who had come here from the United Kingdom as a consultant to the academy and areas training centers, apart from his own direct and active involvement in training activities, have extended additional support to the academy.

The academy has been conducting various activities like holding seminars, symposium training and maintaining an atmosphere of co-operation and coordination with agencies involved in training activities. In addition, it has also been running training programs for the bureaucrats of civil service such as section officers and Chief District Officers just appointed by the Public Service Commission. The National Police Academy has also been conducting special training to police employees selected to foreign peace missions from the Nepal police. Apart from providing field-related training and training on investigation and crime scenes, judo, karate etc, were also given by the academy. Academy also organized seminars and symposiums on HIV/AIDS, community police and other issues last year.

To continue attempts intended to make the training activities more timely and important, the academy has sought cooperation and coordination of different other training institutions, such as Tribhuvan University, Nepal Administrative Staff College, Technical Training Centre, CTVT etc, which have been playing a crucial role in training the country's manpower.

In the fiscal year 1997-98, the number of employees who received training both within the country and abroad is 465 in senior officer level, 1527 in junior officer level and 5698 in police head constable and constable levels.

# कार्यविभाग र भावी नीति



प्र.अ.म.नि. राम काजी बान्तवा
*AIGP Ram Kazee Bantawa*

राष्ट्रको शान्तिसुरक्षाको गहनतम् जिम्मेवारी बोकी बहुआयामिक दायित्व निर्वाह गर्ने क्रममा अपराधको रोकथाम र सफल अनुसन्धान गरी लोक कल्याणकारी राज्य स्थापना गराउने महान् अभिभारा बोकेको आजको नेपाल प्रहरी संगठनमा प्रशासनिक एवं संगठनात्मक संरचनाअनुरूप, प्रहरी प्रधान कार्यालयमा कार्यविभागको स्थापना भएको हो ।

विज्ञान र प्रविधिको विकाससँगै अपराधकर्मीहरूको अपराध शैलीमा पनि नयाँ-नयाँ प्रविधिहरू देखापरेको छ, जसले गर्दा अपराधीहरूलाई पहिचान गरी कानूनी कारवाही गर्न निकै कठिन हुनजान्छ ।

खुला राजनीतिक वातावरण, बढ्दो जनसंख्या र जनआकांक्षाले गर्दा प्रहरीकार्य दिनपरदिन विस्तृत र जटिल बन्दै गएको छ । विगत केही वर्षदेखि मुलुकमा सुरु भएको तथाकथित "जनयुद्ध" र व्यक्तिहत्या, बम विष्फोटनजस्ता उग्र हिंसात्मक माओवादी आतंककारी गतिविधिका साथै अन्तर्राष्ट्रिय अपराधी समूहद्वारा हत्यालगायतका अन्य अपराधिक गतिविधिहरूले गर्दा मुलुकको शान्तिसुरक्षाको स्थितिलाई चुनौती दिएको छ ।

यस विभागअन्तर्गत सवारी नियन्त्रण महाशाखाको प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा पाँचवटा क्षेत्रीय ट्राफिक प्रहरी कार्यालयको स्थापना र सवारी आवागमन भएका जिल्लाहरूलाई सवारी चापको आधारमा 'क', 'ख' र 'ग' तीन समूहमा विभाजन गरी 'क' वर्गका २० वटा जिल्लाहरूमा जिल्ला ट्राफिक प्रहरी कार्यालय स्थापना भई कार्य सञ्चालन भैसकेको छ भने अन्य 'ख' र 'ग' स्तरका जिल्लाहरूमा जिल्ला ट्राफिक प्रहरी कार्यालय र आवश्यकतानुसार इलाका ट्राफिक प्रहरी कार्यालयको अवधारणालाई समेत चरणबद्ध रूपमा स्थापना गर्दै लगिने लक्ष्य राखिनुका साथै विभिन्न मन्त्रालय, विभाग तथा अन्य इकाइहरूसँग समन्वय राखी जनचेतना अभिबृद्धि गर्ने, उपत्यकामा सवारी आवागमनसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गर्ने, ट्राफिक तालीमसम्बन्धी संशोधन, दुर्घटनाको विश्लेषण पद्धति Computerised Accident System Analysis, Time Card आदि कार्यको थालनी भएबाट वर्तमानमा सवारी प्रदूषणबाट प्रभावित वातावरणीय अवस्था र सवारी दुर्घटनाबाट हुनसक्ने क्षतिलाई केही हदसम्म न्यून गर्न खोजिएको छ ।

अपराध नियन्त्रणको माध्यमद्वारा सुरक्षित समाजको परिकल्पनास्वरूप हाल कार्यविभाग मातहत 'अपराध नियन्त्रण नीति तथा योजना शाखा' स्थापित भई छलफल, अन्तरक्रिया, सेमिनार र कार्यशाला गोष्ठीजस्ता चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । साथै अपराध नियन्त्रणतर्फ आवश्यक रणनीति तयार गरी मातहत इकाइहरूलाई निर्देशन दिने लक्ष्य यो शाखाले लिएको छ ।

विशिष्ट व्यक्तिहरूको सुरक्षाकार्य अति जटिल तथा चुनौतीपूर्ण भएको छ । स्वदेशी तथा विदेशी विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्था समयको मागअनुसार त्रुटिरहित प्रभावकारी ढंगले सम्पन्न गर्न-गराउन सुरक्षा महाशाखाले मातहतकालाई आवश्यक निर्देशन, सुरक्षा अधिकृत (P.S.O.) खटाउने, सुरक्षाकर्मीहरूलाई आवश्यक प्रशिक्षण दिनेजस्ता कार्य गरी सम्पन्न गर्दछ ।

राजनीतिक पार्टीहरूबीचको द्वन्दबाट हुने हुलदंगा, जुलुसलाई नियन्त्रण, दैवीप्रकोप उद्धार तथा शान्तिसुरक्षा कायम राख्नेजस्ता प्रहरी कार्यको कार्यान्वयन गर्न २४ सै घण्टा अधिराज्यभरिका दैनिक अपराधिक तथा राजनीतिक घटनाक्रम, दैवीपकोप, शान्तिसुरक्षाबारे मातहतका प्रहरी इकाइहरूबाट प्राप्त जाहेरीको monitoring गरी गृह मन्त्रालयलगायतका सम्बन्धित कार्यालयहरू तथा व्यक्तिहरूलाई सूचित गर्दछ ।

उग्र आतंककारी गतिविधिलाई नियन्त्रण गर्न विशेष रूपले प्रशिक्षित प्रहरीहरू भएको नेपाल प्रहरी विशेष कार्यदलको गठन भई आशातित रूपमा प्रभावकारी ढंगबाट कार्य सम्पन्न गर्ने गरिएको छ । यसको अतिरिक्त दैवीप्रकोप तथा संकटकालीन अवस्थामा उद्धारकार्यसमेत यस दलले गर्दै आइरहेको छ ।

# Operation Department And Future Policy

As part of shouldering the vital and multi-dimensional responsibility of maintaining law and order in the country, the Operation Department has been established at the police headquarters for control and successful prevention of crime and thus to establish a people's welfare state in accordance with the administrative and organizational structure of the Nepal Police.




As science and technology continue to make progress, new technology has appeared among criminals who have invented new methods to perpetrate crimes. It has therefore, become considerably difficult to identify the criminals and to deal with them.

Police actions have become more widespread and complicated day by day due to open political environment, growing population and people's aspirations. The extremely violent Maoist terrorist activities perpetrated in the name of the so-called "People's War", murder of individuals and explosions which have been unleashed in the country over the last few years along with murder and other criminal activities carried out by the international mafia gang have posed a challenge to the country's law and order situation .

Under this department, five regional traffic police offices have been established with provision for direct supervision and control of Traffic Control Division. Districts with vehicular movement have been divided into "A", "B" and "C" category on the basis of traffic pressure. District traffic police offices have been established and these offices have already started to function in 20 districts, which fall in "A" category. As for the districts, which fall in "B" and "C" categories, there is a concept to gradually establish district traffic police offices as well as area traffic police offices based on their needs and in a phase-wise manner. Having maintained coordination with different ministries, departments and other agencies, a beginning has been made to create public awareness, prepare short-term and long-term plans for vehicular movement in the valley, amendment in traffic training, computerized accident system analysis, time card etc. Thus, an effort has been made to minimize, as far as possible, the adverse impact of vehicle on pollution and damages caused by vehicle accidents.

To build a safe society through effective crime control measures, a section named "Crime Control Policy and Plan Section" has been established currently under Operation Department and it has been running various awareness-generating programs, like discussion, interaction, seminar and workshop. Moreover, this section has envisaged to prepare necessary strategies intended to control crimes and giving directives to units under its jurisdiction.

Providing security to VIPs is a very complicated and challenging work. To ensure security of VIPs, both from the country and abroad, in a faultless and effective manner in accordance with the demand of time, the Security Division issues necessary guidelines, appoints P.S.O. and gives necessary training to security personnel.

In the process of launching police operations for various reasons, such as controlling riots and processions caused due to rivalries between political parties, rescuing victims of natural calamities and maintaining law and order in the country, information related with daily criminal-political events, natural calamities, law and order situations are received 24 hours a day from concerned offices under them. These information are monitored and passed on to the concerned authorities and offices including Home Ministry.

To control the extreme terrorist activities, a special task force consisting of specially trained police personnel has been formed and it has been achieving its goal effectively as expected. Moreover, this team also carries out rescue operation in times of natural calamities and emergencies.

# अपराध अनुसन्धान



*प्र.अ.म.नि. ढालमान थापा*
*AIGP Dhal Man Thapa*

समाजमा शान्तिसुरक्षा, अमनचैन कायम राख्नु, अपराध नियन्त्रण एवं रोकथाम गर्नु तथा घटेको अपराधको सफल अनुसन्धान गर्नु प्रहरीको प्रमुख दायित्वभित्र पर्दछ। अपराध नियन्त्रण वा रोकथाम गर्नुभन्दा घटेको अपराधको सफल अनुसन्धान गर्नु अझ बढी चुनौतीपूर्ण हुन्छ।

सञ्चार साधनको बढ्दो सुविधा, अन्तर्राष्ट्रिय अपराधिक गिरोहहरूको विस्तार, सवारी साधनको बाहुल्यता, अपराध शैलीहरूको क्रमिक परिवर्तन र विकास, बढ्दो जनसंख्या, अव्यवस्थित बसाईंसराइ तथा खुला सिमाना आदिजस्ता कारणहरूले एकातिर अपराधिक घटनाहरू दिनप्रतिदिन वृद्धि हुँदै गइरहेको छ भने अर्कोतर्फ दक्ष जनशक्ति, सवारी साधन, सञ्चार सुविधा, वैज्ञानिक उपकरणहरूको कमी तथा देशको भौगोलिक बनावट र विद्यमान ऐनकानूनमा समायानुकूल परिष्कृतता नहुनु आदि कारणले अपराध नियन्त्रण गर्ने कार्यमा जटिलता थपिएको छ। अपराध अनुसन्धानको क्षेत्रमा नेपाल प्रहरीलाई समयसापेक्ष सबल तथा सक्षम बनाउने दिशातर्फ सशक्त कदमहरू पनि चालिएका छन् जसअनुसार सबै क्षे.प्र.का. तथा क्षे.प्र.इ.का. एवं जि.प्र.का. हरूमा अपराध अनुसन्धान समूहको गठन गरिएको छ भने यही श्रावण महिनादेखि अ.अ. समूहको प्र.ना.नि. देखि प्र.ज. सम्मको सरूवा, बढुवा तथा सजाय गर्ने सम्पूर्ण अधिकार अपराध अनुसन्धान विभागलाई प्रदान गरी सेवा विशिष्टीकरणको उद्देश्य हासिल गर्ने प्रयासको थालनी पनि भएको छ।

घटनास्थलको सूक्ष्म अनुसन्धान तथा त्यहाँ रहेका भौतिक सवुदहरूको संकलन गर्नु अपराध अनुसन्धानको सबैभन्दा महत्त्वपूर्ण पक्ष भएको हुँदा नेपाल प्रहरीले त्यस्ता क्षेत्रमा दक्ष जनशक्तिको रूपमा घटनास्थल विशेषज्ञहरू तयार गरी देशका बढी अपराध हुने जिल्लाहरूमा घटनास्थलमा सवुद संकलन गर्न आवश्यक पर्ने क्यामरा, औंठाछाप किट आदिजस्ता उपकरणहरूसहित रहने व्यवस्था गरेको छ।

संकलित सवुदहरूको वैज्ञानिक प्रयोगशालामा परीक्षण गरी अपराध र अपराधी पहिचान गर्न अपराध अनुसन्धान विभागअन्तर्गत रहने गरी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको हाताभित्र केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको स्थापना गरी भारतबाट १० जना जनशक्तिलाई उन्नत तालीम दिलाई रसायन तथा लागूऔषध, विवादास्पद अभिलेख, जैविक तथा सिरम विज्ञान, शस्त्रास्त्र तथा विष विज्ञान गरी ५ वटा इकाइहरू स्थापना गरिएका छन् भने साधन स्रोतको अभावले हाल यस प्रयोगशालामा विवादास्पद अभिलेख तथा शस्त्रास्त्रसम्बन्धी मात्र परीक्षण हुने गरेको र अन्य सवुदहरू हाल पनि परीक्षणका लागि राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा नै पठाउने गरिन्छ।

अपराध अनुसन्धान कार्यमा प्रशिक्षण प्रदान गरिएका उन्नत जातका कुकुरहरूको प्रयोग खुन, डाँका, चोरी, लागूऔषध तथा

विष्फोटक पदार्थ आदि अपराधहरूको अनुसन्धान गर्न उपत्यका तथा बाहिरसमेत सफलतापूर्वक गर्दै आइएको छ ।

औंठाछापको विश्वव्यापी प्रमाणिक महत्त्व भएको हुँदा अपराध अनुसन्धानको क्षेत्रमा यसको बढी महत्त्व छ । प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागअन्तर्गत रहेको औंठाछाप शाखालाई हाल महाशाखामा विस्तार गरी प्रत्येक क्षे.प्र.का.हरूमा समेत औंठाछाप शाखाहरू खोलिएका छन् भने निकट भविष्यमा जिल्लास्तरसम्म यसलाई विस्तार गर्ने लक्ष्य रहेको छ ।

बढ्दो सवारी साधन, सञ्चार सुविधा तथा हवाई सुविधाहरूले गर्दा अपराधीहरू एक ठाउँमा बसी अर्को ठाउँमा सजिलै अपराध गर्न-गराउने सक्ने तथा एक देशमा अपराध गरी तुरून्त अर्को देशमा भागी लुक्ने प्रवृत्ति हाल बढ्दै गएको हुँदा यसलाई नियन्त्रण गर्न इन्टरपोल प्रधान कार्यालयले एक्स-४०० सञ्चार व्यवस्था आफ्ना सबै सदस्य राष्ट्र (NCB) हरूलाई उपलब्ध गराउने कार्यक्रमअनुरूप यस स्वचालित अपराधी तलासी सुविधा व्यवस्था (ASF) को प्रहरी प्रधान कार्यालयमा २०५४ चैत्र ६ गतेदेखि जडान गरिएको छ । अपराधीको व्यक्तिगत विवरण तथा फोटो र औंठाछापको फोटोसमेत अन्तराष्ट्रिय रूपमा उपलब्ध गर्न सक्ने यो प्रणाली संसारकै अपराधी खोज्ने र पक्राउ गर्ने अत्याधुनिक प्रणाली हो । हाल नेपालमा जडान गरिएको व्यवस्थाबाट फोटो पठाउने सुविधा नभएकोले निकट भविष्यमा यो सुविधा जडान गर्ने प्रयास भइरहेको छ ।

गत वर्ष अधिराज्यभरिमा घटेका अपराधहरूको प्रवृत्ति तलको रेखाचित्रणबाट पनि सिंहावलोकन गर्न सकिन्छ ।



# Criminal Investigation

The Fundamental responsibilities of the police are to maintain law and order, control and prevent crimes and conduct successful investigation of crimes. To conduct successful investigation of crimes already committed is more challenging than prevention and control of crimes.

Incidents of crime are multiplying due to increasing communication facilities, expansion of international criminal gangs, overabundance of means of transports, gradual shift and advancement in the techniques of committing crimes, growing population, unplanned migration, open border etc. On the other hand, lack of skilled manpower, means of transport, communication facility and scientific equipment, as well as difficult geographical terrain and lack of timely amendment in existing laws have added complications to the task of crime control. Vigorous and efficient steps intended to make Nepal Police strong and capable of responding to the needs of time have been initiated in the field of crime investigation. Under this program, crime investigation groups have been formed in all the regional police offices, regional police unit offices and district police offices. From July this year, the entire power of transfer, promotion and punishment of staff from the ranks of Sub-Inspector of Police to police constable in Crime Investigation group have been delegated to Crime Investigation Department which marks the beginning of attempts at specialization.

Since one of the most important part of crime investigation is the subtle investigation of scene of crime and to collect physical evidences found there, the Nepal Police has produced skilled manpower, who will be appointed as scene of crime officer in districts, where crime rates are high. Moreover, equipment necessary to collect evidences such as camera, finger print kits etc will also be provided to them.

The Central Forensic Laboratory has been established at the premises of National Police Academy to detect crimes and offenders. The laboratory shall function under Crime Investigation Department. Five units have been set up under the laboratory providing advanced training to 10 people in India on subjects ranging from chemistry to narcotic drug, controversial document, biological and serum science, arms and toxicology. However, due to lack of resources and equipment, only evidences related with controversial documents and arms are examined here while other evidences are sent to RONASAT.

The improved breed of dogs trained on the art of crime investigation are being used successfully even outside Kathmandu valley to investigate cases of murder, dacoity, theft, drug trafficking, use of explosives etc.

Fingerprint has a special importance in the process of crime investigation because of the individual character worldwide. The finger prints section of police headquarters lies under crime investigation department. The section has been upgraded into a division and fingerprints section has been set up



पत्रकारहरूको प्रश्नको जवाफ दिनुहुँदै प्र.अ.म.नि. ढालमान थापा
*AIGP Dhal Man Thapa answering newsmen*

in every regional police office. The target is to expand this section down to the district level in the near future.

As a result of ever-increasing transportation, communication and aviation facilities, any culprit may commit a crime or have the crime committed at a particular place while they may themselves be living at another distant location. There is also a growing tendency to commit crime in one country, flee to another country after the crime is committed and remain underground there. Therefore, to grapple with this situation, Interpol Headquarters has made arrangements for providing X-400 communications systems to all its member countries (CBS). Accordingly, Automatic Search Facility (ASF) has been installed in police headquarters on March 19, 1998. This system which can make available personal description, photo and fingerprint of the culprit round the world is the most sophisticated method of searching and apprehending the culprit. The system installed in Nepal has no facilities to send photos. The Nepal Police have been striving to install the facility in the near future.

Various crimes committed all over the country last year may be reviewed from the following chart:

## CRIME TREND CHART (1996–97)





का.मु.प्र.ना.म.नि. गोविन्दप्रसाद थापा,
उपत्यका प्रहरी कार्यालय, काठमाडौं

उपत्यकामा बढ्दै गइरहेको अव्यवस्थित शहरीकरण, जनघनत्व, बेरोजगारी, वैदेशिक अवैध घुसपैठ, मिश्रित र जटिल सामाजिक संरचना, आपराधिक घटनामा राजनीतिकरण र आपराधिक कार्यमा नयाँनयाँ वैज्ञानिक प्रविधिको प्रयोगबाट दिनानुदिन अपराध वृद्धि हुनुका साथै अपराध नियन्त्रणमा जटिलता आएको छ । यद्यपि सीमित स्रोतसाधन र दक्ष जनशक्तिको अभावका बावजुद पनि उपत्यका प्रहरी कार्यालयले यस्ता चुनौतीहरूसँग सामना गर्दै समाजमा शान्ति सुव्यवस्था, अमनचैन कायम गर्नको निमित्त आफ्नो प्रयासमा दृढ र कटिबद्ध रहिआएको छ ।

बढ्दो चुनौतीहरूसँग दक्षतापूर्वक सामना गरी घटित अपराधको विश्लेषण गर्न Crime Pattern Analysis एवं जनसहभागिता अभिवृद्धि गर्नका लागि Community Relation विषयक प्रशिक्षणको आयोजना गरिएको छ भने विभिन्न क्षेत्रका व्यक्तित्वहरूको सहभागितामा गोष्ठी, अन्तर्क्रिया कार्यक्रमका साथै नियमित रूपमा पत्रकार भेटघाट आयोजना गरी भविष्यमा चेलीबेटी बेचबिखनविरुद्ध सरकारी, गैरसरकारी संघसंस्थासँग समन्वय राखी विभिन्न कार्यक्रम सञ्चालन गर्ने पनि यस कार्यालयको कार्यक्रम रहेको छ । आत्महत्याको वृद्धिदरको कारक तत्त्व पत्ता लगाई समाधानार्थ अवलम्बन गर्नुपर्ने उपायका बारेमा अध्ययन अनुसन्धान गर्न लगाइएको छ ।

उपत्यकामा घट्ने अपराधमा नयाँनयाँ प्रवृत्ति अपनाइएको पाइएको छ भने जनसंख्या वृद्धिले अपराध पनि वृद्धि हुँदै गएको सन्दर्भमा उपत्यका अ.अ. समूहलाई संगठनात्मक स्वरूपमा परिवर्तन गर्ने सोचाइ राखिएको छ । अपराध हुने प्रमुख इलाकाको पहिचान गरी त्यस्ता इलाकामा उपशाखाहरूसमेत राख्ने लक्ष्य राखिएको छ । यसैगरी उपत्यकामा सवारी दुर्घटना कम गर्न र ट्राफिक व्यवस्थापन सुदृढ गर्न ट्राफिक प्रहरीको एकल प्रयासबाट मात्र सम्भव नहुने भएकाले सडक तथा सवारीसाधनसँग सम्बन्धित निकाय तथा व्यक्तिहरूसँग छलफल तथा अन्तर्क्रियाका क्रमहरू सञ्चालन गरिँदै आएको छ ।

अपराधको नियन्त्रण गर्ने कार्य प्रहरीको मात्र नभई समाजका हरेक नागरिकको भएको हुँदा यस उपत्यका प्रहरी कार्यालयबाट प्रेषित हुने पत्रहरूमा "तपाईं-हामी मिली अपराध नियन्त्रण गर्न सक्छौं" भन्ने वाक्य लेखिएको छाप लगाउने गरिएको छ ।

*-Acting DIGP Govind Prasad Thapa,*
*Valley Police Office, Kathmandu*

The growing unsystematic urbanization, density of population, unemployment, foreigners' illegal entry, mixed and complicated social structure, politicization of incidents of crime and use of innovative scientific technique in crimes in the valley have contributed to increase crimes day by day and complicate the act of controlling crime. Despite resource constraints and lack of skilled manpower, the valley police office is firm and committed in its efforts to maintain law and order in the society.

Training programs were organized on crime pattern analysis to face the growing challenges and analyze the crimes that have been committed and on "Community Relation" to increase people's participation. Symposium and interaction programs are held with the participation of personalities from different walks of life. 'Meet the Press' is being organized regularly and other various programs will be conducted in near future coordination with the government and non-government organisations to fight against girl-trafficking. Similarly, a research program is being conducted to find out the factors responsible for the increasing rate of suicide and to suggest ways of resolving these problems.

New tendencies of modus operandi are evident in the crimes committed in the valley. Since crimes are increasing along with the increase in population, the police organization is considering to review the organizational structure of valley crime investigation branch. The organization has envisaged to identify the areas where crimes are committed and to open sub-branches in such areas. Since, it is not possible to minimize the vehicle accidents and consolidate traffic management mere by the traffic police alone, discussions and interactions are being held with agencies and individuals associated with road and trafficks.

It is the duty of not only the police but also of all the citizens of the society to control crime. Therefore, the motto "Together, you and we can control crimes" is stamped on the envelope of every letter sent from Valley Police Office.



प्र.ना.म.नि. अनन्तराम भट्टराई
पूर्वक्षेत्रीय प्रहरी कार्यालय, विराटनगर

यस क्षेत्रका विगत वर्षहरूको आपराधिक घटनाहरू हेर्दा यस वर्ष खुन डाँका, जबर्जस्तीकरणी, सवारी दुर्घटना तथा गर्भपतनजस्ता अपराधमा वृद्धि भएको देखिन्छ भने जीउ मास्ने-बेच्ने, चोरीजस्ता अपराधहरूमा निकै कमी आएको छ ।

अपराध तथ्यांकले बढी देखाएका लागूऔषध, गैरकानूनी हातहतियार, जुवा, कीर्तेनागरिकता प्रमाणपत्रजस्ता अपराधहरू प्रहरीको व्यापक सक्रियताका कारण नै पत्ता लागेका हुन् । गत वर्षको तथ्यांक हेर्दा चोरी अपराध यस वर्ष २४% घटेको तथ्यले पनि अपराध नियन्त्रणतर्फ प्रहरी सक्रिय रहेको देखिन्छ ।

यद्यपि यस क्षेत्रका तीनवटा अञ्चल भारतीय सिमानासँग जोडिएका कारण हुने अवैध चोरी-निकासी नियन्त्रणतर्फ पनि प्रहरी जागरूकता अपनाइएको कारण अपेक्षाकृत नियन्त्रण भएको छ ।

मुख्यत: यस क्षेत्रमा उदयपुरमा माओवादी आतंकका कारण तथा झापा तथा मोरङ जिल्लाको विभिन्न ठाउँमा रहेका भूटानी शरणार्थी शिविरका कारण चोरी, वेश्यावृत्ति बढ्न गई शान्तिसुरक्षा कायम राख्न जटिलता आएको छ भने भारतीय सीमावर्ती इलाका बिहारी संस्कृतिको र पूर्वतर्फ दार्जिलिङ, कालिम्पोङको सांस्कृतिक प्रभाव यस क्षेत्रमा रहेको पाइन्छ ।

***- DIGP Anant Ram Bhattarai***
***Eastern Regional Police Office, Biratnagar***

A comparative study of crimes committed in this region over the last few years shows that there has been an increase on crimes like murder, rape, dacoity, vehicle accidents and abortion while crimes like trafficking and theft have declined.

Crime statistics have risen because of hectic activity launch by the police for the investigation of crimes related with drug abuse, illegal arms, gambling and fake citizenship certificate. The fact that the crime of theft has come down by 24% this year is also an indication of the active role played by the police in crime prevention.

Because of alertness on the part of police, smuggling has been controlled to the expected level despite the fact that three zones under this region are bordered by India.

It has been difficult to maintain law and order primarily due to Maoist terrorists operating in Udayapur district and theft and prostitution due to Bhutanese refugee camps located in different parts of Morang and Jhapa districts. The Bihari cul'ure of India has left an impact in areas bordering with Bihar while the impact of the culture of Darjeeling and Kalimpong is found in eastern Nepal.



प्र.ना.म.नि. रूपालशम्शेर ज.ब.रा,
मध्यक्षेत्र प्रहरी कार्यालय, हेटौंडा

देशको समग्र शान्तिसुरक्षा, अमनचैन कायम गर्ने तथा अपराध रोकथाम एवं अनुसन्धानको गहन अभिभारा बोकेको प्रहरीको कार्यसक्षमता बहुपक्षीय र जटिल उद्देश्यतर्फ लक्षित हुन्छ । बद्लिंदो परिस्थितिअनुसार कार्यप्रणालीमा समेत परिवर्तन गरी आ-आफ्नो कार्यप्रति पूर्ण निष्ठावान् रही २४ सै घण्टा सेवामा तल्लीन नेपाल प्रहरी राजनीतिक खुलापनको विद्यमान वातावरण, बढ्दो जनआकांक्षा एवं शान्ति सुव्यवस्था खलल पार्ने स्थितिहरूसँग सामना गर्दै आइरहेको छ ।

प्रहरी सेवालाई पेशागत दक्षतामा अभिबृद्धि गराई विश्वसनीय सुरक्षा व्यवस्था कायम गर्नका लागि गरिएको प्रहरी कारबाहीबाट जनमानसमा सकारात्मक प्रभाव पर्नगएको महसूस गरेको छु ।

यस क्रियालाई निरन्तरता दिन आगामी दिनहरूमा यथेष्ट रूपमा आशातित सफलता हासिल गर्न प्रहरी एक्लै मात्र पर्याप्त नहुने भएकाले जनचेतनाको अभिबृद्धि गर्ने र अधिकतम् जनसहभागिता गराउने नीति अवलम्बन गरिने सोचाइ राखिएको छ । प्रहरी संगठनको प्रयास मात्रैले शान्तिसुरक्षाको जिम्मेवारी अपुरो रहने यथार्थलाई हृदयङ्गम गरी कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जिम्मेवार अन्य पक्षलाई समेत एकीकृत गरी कार्यसम्पादनको बाटोमा हिंडाउँदा निरन्तर रूपमा शान्ति सुव्यवस्थामा देखापरेको जटिलता तथा चुनौतीसँग सामना गर्ने एवं शान्ति र विकासको सम्बन्धलाई साकार पार्न मद्दत पुग्ने महसूस गरिन्छ ।

*DIG Rupal Shumsher JBR,*
*Central Regional Police Office, Hetauda*

The capacity of police organization, which shoulders the responsibility of establishing overall peace and security, maintaining law and order situation and controlling and investigating crimes, is directed towards multiple aspects in accomplishing the complicated goals. The Police are on duty 24 hours a day showing full allegiance to their responsibility under the existing working system in tune with the changed context. It has been coping with different situations of existing environment of political openness, growing public aspirations and violation of law and order.

I have felt that the police action taken to establish credible security arrangements, after promoting the professional efficiency among the police staff has left a positive impact on the common people.

Since police alone will not be sufficient to ensure continuity to this process and accomplish success as expected, we are planning to enhance public awareness and ensure maximum mobilization of people. It is felt that mobilization of the police organisation alone will not wholly fulfil the responsibility of establishing peace and tranquility in the society. Therefore, in the light of this fact, if we integrate other sectors, which are directly or indirectly responsible for this and make them perform their duty, it will be greatly helpful to resolve complications encountered in the course of maintaining law and order, meeting challenges and making the dream of peace and development come true.



प्र.ना.म.नि. श्यामभक्त थापा,
पश्चिमक्षेत्रीय प्रहरी कार्यालय, पोखरा

नेपाल प्रहरीले देशको शान्ति सुव्यवस्थाको जिम्मेवारी वहन गरेको सन्दर्भमा, सम्पूर्ण नागरिकहरूको जीउधनको सुरक्षा, अपराध अनुसन्धान र नियन्त्रणबाट मात्र समाजमा शान्ति रहने हुँदा यस पश्चिम क्षेत्रको शान्तिसुरक्षा र अपराध नियन्त्रण उद्देश्य परिपूर्तिका लागि सशक्त र प्रभावकारी कदम चाल्नुपर्ने चुनौतीपूर्ण कार्यलाई सीमित साधन-स्रोतको अधिकतम् उपयोग गर्दै योजनाबद्ध ढंगबाट पश्चिमक्षेत्रीय प्रहरी जनशक्ति परिचालनकार्य भइरहेबाट शान्तिसुरक्षाकार्य अभिवृद्धि हुने कुरामा दुईमत हुन सक्दैन ।

यस क्षेत्र मातहतका जिल्लाहरूमा अपराधको तथ्याङ्कलाई दृष्टिगत गर्दा विगत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा जघन्य अपराधलगायत सामाजिक र आत्महत्याजस्ता अपराधमा तुलनात्मक वृद्धि भएको पाइएको छ । यसरी अनुपातिक अपराधको वृद्धि हुनुमा यस क्षेत्रको दक्षिणतर्फ खुला सिमाना, राजनीतिक अस्थिरता, विगत केही वर्ष अगाडिदेखि माओवादी जनयुद्ध, चलचित्रबाट समाजमा नकारात्मक प्रभाव र सामाजिक छाडा प्रवृत्तिपनलाई मान्न सकिन्छ । यसरी समाजमा भएको अपराध तथा विकृतिको प्रभावलाई रोक्न मातहत इकाइसमेतमा प्रभावकारी रूपमा प्रहरी परिचालन गरी मित्रराष्ट्र भारतसँग समन्वय राखी अपराधीको सुपुर्दगी, इलाका प्रहरी कार्यालयस्तरसम्म मुद्दा चलाई अनुसन्धान गर्ने, अपराध प्रभावित क्षेत्रमा अस्थायी प्रहरीपोष्टसमेतको व्यवस्था गरी अपराधको नियन्त्रणमा प्रभावकारी कदम चालिएको छ ।

*- DIGP Shyam Bhakta Thapa,*
*Western Regional Police Office, Pokhara*

The Nepal Police has been playing its role of maintaining law and order in the country. Peace and tranquility in society can be ensured only through the protection of citizen's life and property, and investigation and control of crime. The western regional police personnel are being mobilized in a systematic way making the maximum utilization of limited resources in a bid to initiate strong and effective measures to do the challenging job of maintaining calm in the society and controlling crimes. There is no doubt that these measures have boosted law and order situation.

A look at the crime related data in districts under this office shows that there has been an increase this year in social crimes and suicide cases including serious crimes as compared to the figure of last year. Thus the proportional rise in crimes committed this year may be attributed to the open border in the south, political instability, Maoist people's war going on for the last few years, negative impact of films in the society and the licentious behavior of people in the society. Effective measures have been initiated to prevent crimes and social aberrations by mobilizing police staff under this office effectively, extradition of criminals in coordination with Indian counterparts, investigation and filing cases up to area police office level and arrangements for establishing temporary police post in the crime infested area.



प्र.ना.म.नि. सहवीर थापा,
मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, नेपालगञ्ज

यस क्षेत्रको शान्तिसुरक्षाको दृष्टिकोणले विगत एक वर्ष चुनौतीपूर्ण नै रह्यो । विगत २०५२, फाल्गुण १ गतेदेखि "जनयुद्ध" को नाममा सुरु गरिएको आतंककारी गतिविधि दुई चरणमा पूरा गरी हाल तेस्रो चरणमा प्रवेश गरी हालसम्म सञ्चालन भइरहेको अवस्था विद्यमान छँदैछ । यो अवधिमा आतंककारीहरूबाट विभिन्न निहत्था जनताको निर्ममतापूर्वक हत्या गर्ने, कुटपिट गरी अंगभंग तथा अपांग बनाउने आदि कार्यहरू गरेर जनतामा आतंक फैलाउने काम गरियो भने प्रहरीहरूलाईसमेत प्रमुख दुश्मनको रूपमा लिई प्रहरी इकाईहरू माथि हमला गर्ने, एम्बुस थाप्ने, बम वा पाइप बमको प्रयोग गरी उनीहरूको हत्या गर्ने जस्ता घृणित कार्यहरू गरिए । यस्ता गतिविधिबाट जनता तथा प्रहरी मनोबलमा समेत प्रतिकूल असर पर्न सक्ने संभावनालाई दृष्टिगत गरी यसलाई प्रभावकारी ढंगबाट नियन्त्रण गर्न विशेष सुरक्षा योजना तर्जुमा गरेर थप साधनश्रोतको व्यवस्थापनद्वारा प्रहरीको मनोबल बढाई २०५५ जेठ १७ गते देखि सशक्त रूपमा प्रहरी परिचालन गरिएबाट माओवादी आतंककारी गतिविधिमाथि नियन्त्रण भएको पाइएको छ । जसले जनसाधारणहरूले सुरक्षाको अनुभूति गरी शान्तिसुरक्षामा आफूसमेत सहभागी हुने जमर्को गरेका उदाहरणहरू देखिन थालेका छन् । रूकुम, रोल्पा, जाजरकोटजस्ता आतंककारी गतिविधिबाट बढी प्रभावित जिल्लाहरूमा समेत नागरिक सुरक्षा समितिहरू गठन गरिनुलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

शान्तिसुरक्षा चुनौतीको रूपमा रहने आपराधिक स्थितिको सन्दर्भमा गत वर्ष जबर्जस्तीकरणी, हातहतियार खरखजना, डाँका, चोरी, केही सार्वजनिक अपराध तथा दुर्घटनाजस्ता अपराधहरूमा केही वृद्धि भएको देखिएकोमा यस क्षेत्रमा आतंककारी गतिविधि बढेका कारण हातहतियार खरखजना, डाँका, चोरी, रहजनीजस्ता अपराधमा वृद्धि भएको तथा सो नियन्त्रण गर्ने सन्दर्भमा केही सार्वजनिक अपराधका मुद्दाहरू बढेको तथ्यलाई नकार्न सकिंदैन । लागूऔषध अपराधहरू व्यापक प्रहरी परिचालनस्वरूप पक्राउ भई केही संख्यामा वृद्धि भएको देखिन्छ । अन्य आपराधिक स्थिति सामान्य नै रहेको महसूस गरिएको छ । आतंककारीहरूले गर्दा यस क्षेत्रमा राजनीतिक चासोमा केही ह्रास आएको महसूस गरिएको छ ।

*- DIGP Saha Bir Thapa,*
*Mid-Western Regional Office, Nepalgunj*

The past one-year had proved full of challenges from the viewpoint of law and order in this region. The terrorist activity started in the name of "People's War" about Feb. 23, 1996 has now entered the third phase after completing two phases. During this period, the terrorists mercilessly bet maimed, crippled and even murdered different innocent and unarmed people and created terror among the common people. Assuming police as their main enemy, they attacked different units and places, ambushed the police, and murdered them by using bombs and pipe bombs. As this might have shattered the morale of the police, special security plans were formulated to tackle them more effectively. Police were vigorously activated since May 31, 1998 after raising their morale, making them well-equipped to control the terrorist activities. Thus the common people were assured of their security. They have been vowed establise public trial system and their own administration on their base areas. In order to counter the terrorism in the peoples level, citizens security committees were formed in districts like Rukum, Rolpa and Jajarkot where the terrorists are active.

As far as the situation of crime which poses a challenge to peace and security is concerned, there has been some increase in crimes related with rape, arms and ammunitions, dacoity, theft, some public offence and accidents due to terrorist activities. Cases filed under some public offence act have increased due to the attempts made by police to control these crimes. There appears to be a slight increase in the number of drug addicts because a large number of them were arrested with greater mobilization of police. Other crime situation appears to be normal. The Political climate appears to have slightly deteriorated on account of terrorist activities.



प्र.ना.म.नि. अशोकसिंह ठकुरी,
सुदूरपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, दिपायल

यस क्षेत्रमा अन्य क्षेत्रको तुलनामा अपराधहरू निकै कम घट्ने गरेको पाइन्छ। पाँचवटा जिल्लाका केही भागहरू भारतसँग जोडिएकाले कहिलेकाही भारतीय नागरिकबाट नेपाल सरहदभित्र आई अपराध गरी भारततर्फ भाग्ने गरेको पाइएको छ। विशेषगरी आत्महत्या बढी हुने गरेको यस क्षेत्रमा कर्तव्य ज्यानसम्बन्धी अपराधहरू पेशेवर अपराधीहरूबाट योजनापूर्वक नभई तत्काल उठेको रिसका कारणले हुने गरेको पाइन्छ। तराईका कैलाली, कञ्चनपुरका जिल्लाहरूमा वन अतिक्रमणको समस्या पनि यदाकदा आइपर्दछ। त्यस्तै खुला सिमानाको कारणले भन्सार-चोरी पनि फाटफुट रूपमा हुने गरेको पाइन्छ। विकट भौगोलिक बनावट, यातायातको असुविधा र भएको यातायातमा सवारीसाधन तथा अन्य वैज्ञानिक साधनको अभावका बावजुद भइरहेको प्रहरी शक्ति र साधन स्रोतलाई सुझबुझका साथ व्यवस्थित रूपमा परिचालन गर्दै आएको फलस्वरूप यस क्षेत्रमा हुने गरेका विभिन्न जघन्य अपराधका अपराधीहरूलाई प्रहरीले आफ्नो व्यावसायिक ज्ञान र लगनशीलताका आधारमा सबुद प्रमाणसहित पक्राउ गरी कानूनबमोजिम सजाय दिन सफल भइरहेकोले अपराध नियन्त्रण र अनुसन्धानकार्यमा यस क्षेत्रमा प्रहरी सफल रहेको पाइएको छ।

माओवादी आतंककारीहरूले यस क्षेत्रको कैलाली, अछाम, बाजुरा, बझाङ, बैतडी र डडेलधुरा जिल्लाहरूमा आफ्नो गतिविधि देखाइरहेकोमा माओवादी आतंककारीहरूलाई नियन्त्रण गर्न जिल्लाका विशेष संवेदनशील इलाकाहरूमा सिगरस गस्ती गरी अपराधीहरूलाई पक्राउ गर्नेतर्फ व्यापक रूपमा प्रहरी परिचालन गरिएपश्चात् आतंककारी गतिविधि घट्न गएको छ।

भारतीय सिमानाबाट हुनसक्ने अपराध नियन्त्रणका लागि भारतीय काउन्टर पार्ट्ससँग समन्वय कायम गरी नियन्त्रण गरिएको र क्षेत्रीय प्रहरी इकाइ कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा मातहतमा समय-समयमा अनुगमन गरी देखिनआएका कमी-कमजोरी औल्याई समयमै सुधार गर्न लगाइएको छ।

*- DIGP Ashok Singh Thakuri,*
*Far- Western Regional Police Office, Dipayal*

The rate of crimes committed in this region is comparatively lower than other regions. Indian criminals sometimes cross into Nepal from five districts bordering India, commit crimes and flee to India. In this area where cases of suicides are very high murders are committed not by professional murderers in a pre-planned way but as a result of instant anger. Scattered incidents of forest encroachment are also found in the terai districts of Kailali and Kanchanpur. Similarly, scattered incidents of customs evasion also take place on some occasions due to open border. Police are successful in arresting criminals committing serious crimes along with evidences because they are mobilizing the available resources and their professional skill with understanding and dedication in a systematic way despite the inconvenience caused by rugged geographical terrain and shortage of scientific equipment. Therefore, they are successfully engaged in crime control and investigation work in this region.

The Maoist terrorists were actively carrying out their activities in Kailali, Achham, Bajura, Bajhang, Baitadi and Dadeldhura districts of this region. In order to control the terrorism, vigorous patrolling was done in especially sensitive areas and police teams was mobilized widely to counter the terrorism. As a result, the activities of the terrorists have declined.

The crimes committed from the Indian side of the border have been controlled by establishing coordination with Indian counterparts. There has been a follow up and supervison on a regular basis with regional police unit offices and other district police offer to expedite the police activities.

# अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा नेपाल प्रहरीको सहभागिता



*यु.एन. मिशनमा जाने टोलीलाई बिदाई गर्दै प्र.म.नि.*
*IGP bids farewell to the team going to the UN mission*

विश्वका विभिन्न राष्ट्रहरूमा संयुक्त राष्ट्रसंघले सञ्चालन गरेको शान्ति स्थापना कार्यमा नेपाल प्रहरी सर्वप्रथम २०४८ सालमा सहभागी भएको हो। हालसम्म विभिन्न ९ वटा संयुक्त राष्ट्रसंघीय शान्ति स्थापनार्थ सञ्चालित मिशनहरूमा विश्वका विभिन्न भागहरूमा नेपाल प्रहरीले सफलतापूर्वक कार्य गरिसकेको छ। सर्वप्रथम पूर्व युगोस्लाभियाको बोस्नियामा संचालित UNPROFOR मिशनबाट नेपाल प्रहरी अन्तर्राष्ट्रिय सेवामा सम्मिलित भएको हो। राष्ट्रसंघीय सेवाको ७ वर्षको दौरानमा नेपाल प्रहरीका चारजना प्रहरी अधिकृत जवानहरूले आफ्नो जीवनको आहुति दिएका छन्। यसप्रकारका सेवाबाट फर्किएका अधिकृत जवानहरूले पेशागत रूपमा विभिन्न ज्ञान, सीप र कौशल सिकेर फर्किएका छन्, जुन हाम्रो संगठनको विकासका लागि महत्त्वपूर्ण रहेको छ। अन्तर्राष्ट्रिय शान्तिका लागि स्थापित यस्ता मिशनहरूमा कार्य सम्पन्न गरी फर्किएको प्रहरी जनशक्ति संगठनको महत्त्वपूर्ण सम्पत्तिको रूपमा रहेको छ। देशमा मानवअधिकारको संवर्द्धन र संरक्षण गर्ने सवालमा अन्तर्राष्ट्रिय सेवाबाट फर्किएका प्रहरीहरूले ठोस योगदान पुऱ्याएका छन्। यस्ता राष्ट्रसंघीय शान्ति मिशनहरू अन्तर्राष्ट्रिय क्षितिजमा प्रदर्शित गर्ने एउटा कार्यक्षेत्रको रूपमा पनि रहिआएको छ। बहुराष्ट्रिय प्रहरीहरूसँग कार्य गर्दा अन्य राष्ट्रहरूको प्रहरी काम-कारबाही र पेसागत क्षेत्रका विषयमा जानकारी हुने राम्रो अवसर यसप्रकारका मिशनहरूबाट प्राप्त भएको पाइएको छ। यसरी अन्तर्राष्ट्रिय सेवामा सरिक हुँदा नेपाल प्रहरीको कार्यशैली र कार्यकुशलताको समेत प्रशंसा भएको पाइएको छ भने राष्ट्रको गौरव अन्तर्राष्ट्रिय क्षेत्रमा फैलाउनसमेत महत्त्वपूर्ण रूपमा योगदान पुगेको अनुभव गरिएको छ। यसप्रकारका मिशनहरूबाट हाम्रो संस्कृति र सामाजिक परिवेशका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराई नेपाल चिनाउने र दीर्घकालीन रूपमा पर्यटन उद्योगको विकासमा समेत योगदान पुगेको छ।

# Participation Of The Nepal Police In International Peace Mission



It was in 1991 that the Nepal police participated for the first time, in the peace -keeping operation sponsored by the United Nations in different countries of the word. It has successfully served in nine UN Peace -keeping missions in different parts of the world to date. For the first time, the Nepal Police joined the international service by taking part in the peacekeeping operation in Bosnia of the former Yugoslavia. During the 7 year span of UN service, 4 police officers of the Nepal Police have sacrificed their life in the line of duty. The officers and men who have returned from such assignments have gained different kinds of knowledge, skill and expertise, which are important for the development of our organisation. The police manpower returned after serving in the international peace keeping operations has been our most important assets. After returning from the international service the police have been able to make concrete contributions in the task of protecting and promoting human rights. Such international peace missions have also proved to be the operation area to display our professional expertise police to the international community. It has proved to be a good opportunity for our police to work with the multi-national police force because it has enabled them to learn about the international operation strategy and professional strategy. Thus on the one hand ,when the Nepalese police are engaged in international service it has been found that their professionalism and efficiency were appreciated while on the other it has been felt that they have been able to make vital contribution to enhance national glory in the international area. Such missions have helped us to acquaint the international community with our culture and social environment and thus make them know about Nepal. It has obviously helped to develop tourism industry on a long-term basis.

# साहित्यको विकासमा "प्रहरी" प्रकाशन

# POLICE PUBLICATION FOR THE ADVANCEMENT OF LITERATURE




साहित्य समाजको ऐना हो । समाजको सेवा र संवेदनशील दायित्व वहन गरेको नेपाल प्रहरी र यसका सदस्यहरूले साहित्यको सेवाखातिर योगदान पुऱ्याएका छन् । २०१६ सालबाट "प्रहरी" पत्रिकाको प्रकाशन आरम्भ भई नियमित रूपमा यसको प्रकाशन भइआएको छ ।

यस प्रकाशनको प्रमुख उद्देश्यहरूमा प्रहरी कर्मचारीहरूमा साहित्य अभिरूचि जगाउनुसमेत रहेको पाइन्छ । नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउनुहुने विभिन्न वरिष्ठ लेखक, कविहरूको रचना सामग्रीहरूका साथै साहित्यिक प्रतिभा भएका प्रहरी कर्मचारीहरूको रचना शिकारूको पानासमेत संकलन गरी सुरु-सुरुमा "प्रहरी" प्रकाशन गरिएको थियो । प्रारम्भमा "प्रहरी" पत्रिकाले नेपाली साहित्यको विस्तारमा आफ्नो ठाउँबाट महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो भने महाकवि देवकोटा, स्व. श्री ५ महेन्द्रप्रति श्रद्धाञ्जलीस्वरूप प्रकाशित विशेषांकहरूले साहित्यको विकासप्रतिको अभिरूचि स्पष्ट्याएको छ । यस दिशामा अरू बढी योगदान पुऱ्याउन सकिन्छ कि भन्ने उद्देश्यले यसै वर्षदेखि हरेक अंकहरूमा प्रहरी तथा सर्वसाधारण सबैका कृतिहरूलाई स्थान दिने प्रकाशनले व्यवस्था मिलाएको छ । यति मात्र होइन लेखक, साहित्यकारहरूलाई प्रोत्साहित गर्न वार्षिक मूल्यांकनको माध्यमबाट उत्कृष्ट साहित्यिक कृतिका लेखकहरूलाई विशेष पुरस्कारद्वारा पुरस्कृत गर्ने परम्पराको थालनी भएको छ ।

Literature is the mirror of society. The Nepal Police and its members who serve the society with a sense of vital responsibility towards it have rendered invaluable contributions in the field of literature. Since the first issue of "Police" came out in 1960 it is being published regularly. One of the prime objectives of this publication is to generate interest among the police personnel towards literature. Initially, the magazine "Police" was published by covering composition and contributions from senior poets and writers who had contributed to the development of Nepali literature as well as those of the police employees who had talents in literature. Separate pages were allocated for amateur writers. Initially, "Police" made important contributions to the promotion of Nepali literature from its position. The special issues dedicated to the great poet Laxmi Prasad Devkota and His late Majesty King Mahendra reflect its interest in the development of literature.

Arrangement has been made from this year to include articles of both police and common people in each issue of Police on the assumption that greater contribution could be made to develop Nepali literature in this way. On top of this, a new beginning has been made to honour writers who make the best literary contributions with special prizes to encourage writers and literatures on the basis of annual evaluations.

# प्रहरी दिवस

# POLICE DAY




झाँकी प्रदर्शन

*Pageant Display*

प्रहरी दिवसले समस्त प्रहरीमा देश र देशवासीको सेवा र सुरक्षाको कर्तव्यमा जुट्न आत्मबल, हौसला र प्रेरणाको सञ्चार गराउँछ । नेपाल प्रहरीले वैधानिकता प्राप्त गरेको शुभदिनको संझनालाई ताजा गराई संगठनप्रति पूर्णतया वफादार रही यसको सुदृढीकरण र विकासमा कटिबद्ध रहन प्रेरित गर्दछ । नेपाल प्रहरीको गौरवमय इतिहास र कर्तव्यप्रतिको अटल भक्तिलाई जीवन्त पार्दछ भने कर्तव्यपालनाको अनुपम दृष्टान्त दिंदै कर्तव्यको बलिवेदीमा आफ्नो अमूल्य जीवन समर्पण गर्ने अमर प्रहरीको सुकीर्तिको संझना, श्रद्धाभाव र सम्मानको अभिव्यक्ति प्रकट गर्दछ । अमर प्रहरीको परिवारप्रति संगठन र यसका सदस्यहरूको ममत्व, स्नेह र सहयोग सूत्रको विस्तार गराउँदछ । प्रहरी दिवसले प्रहरी र जनसाधारणबीचको आपसी सम्बन्ध अभिबृद्धि गर्ने अवसर प्रदान गर्नुका साथै वर्तमान र निवर्तमान प्रहरीबीच आपसी मेलमिलाप, स्नेहपूर्ण सम्बन्ध गाँसिदिन्छ । प्रहरी कार्यको मूल्यांकन र कर्तव्यपालनाका क्षेत्रमा आगामी दिनमा गरिने कार्यको अठोट गर्ने दिवसको रूपमा पनि प्रहरी दिवसलाई लिन सकिन्छ ।

प्रहरी दिवस विशेष समारोहमा सशस्त्र प्रहरी टोली, महिला प्रहरी टोली, भीड नियन्त्रण टोली, ट्राफिक नियन्त्रण टोली, प्रहरी पहरागण टोली, दंगा नियन्त्रण प्रहरी टोली र घोडचढी प्रहरी टोलीले कवाज प्रदर्शन गरेको थियो भने प्रहरी क्रियाकलापका विविध पक्षहरू समेटिएका झाँकीको अतिरिक्त बैण्ड प्रदर्शनसमेत गरिएको थियो ।

The Police Day imparts self-confidence, enthusiasm and inspiration to all the police personnel to engage themselves in the service of the country and the countrymen. It refreshes the memory of the day when the Nepal Police had been legalized and inspires them to remain fully loyal to the organisation and commit themselves to its consolidation and development. While on the one hand ,the day brings into live memory the glorious tradition and unshakable loyalty to duty of the Nepal Police, on the other, it gives vent to expression of reminiscence, homage and respect to the immortal police who have laid down their valuable lives for the sake of duty giving an unparalleled example of efforts to fulfill their duty. The day also strengthens the ties of love, affection and cooperation of the police organisation and its members to the families of the immortal police. Apart from providing an opportunity to develop mutual relationship between police and the general public, the day also forges a harmonious and affectionate relationship among the in-service and retired police personnel. The Police Day can also be regarded as a day of making commitment for the works to be done in future based on the evaluation of their performance and duty.

At a special ceremony, armed police team, women police team, mob control team, traffic control team, police bank, police garrison team, riot control team and mounted police team display a parade and pageants reflecting different police activities.

# प्रहरी दिवसका झलकहरु



श्री ५ युवराजाधिराज सरकार प्रहरी दिवसको विशेष कार्यक्रम नजर गरिबक्सदै
***His Royal Highness the Crown Prince*** *witnessing the police day program*



श्री ५ युवराजाधिराज सरकार शाही सलामी ग्रहण गरिबक्सदै
***His Royal Highness the Crown Prince*** *receiving the royal salute*






श्री ५ युवराजाधिराज सरकार प्र.अ.म.नि. राम काजी बान्तवालाई प्रशंसा-पत्र प्रदान गरिबक्सदै
***His Royal Highness the Crown Prince*** *giving away commendation letter to AIGP Ram Kazee Bantawa*



*श्री ५ युवराजाधिराज सरकारका जुनाफमा उपहार चढाउनुहुँदै*
*प्र.म.नि. अच्युत कृष्ण खरेल*
*IGP Achyut Krishna Kharel offering presents to*
***His Royal Highness the Crown Prince***




*प्रहरी स्मारकमा श्रद्धाञ्जली*
*Homage paid to Police Memorial*





*श्री ५ युवराजाधिराज सरकार प्रदर्शनीको अवलोकन गरिबक्सदै*
***His Royal Highness the Crown Prince** observing the exhibition*

# बीटिङ रिट्रीट



श्री ५ युवराजाधिराज सरकारबाट पुरस्कार बक्स
***His Royal Highness the Crown Prince** awarding prizes*

राजमहिषी श्री ५ बडामहारानी सरकारको शुभजन्मोत्सवको पुनीत अवसरमा नेपाल प्रहरीले गौरवमय परम्पराअनुरूप बीटिङ रिट्रीट कार्यक्रमको आयोजना गर्दछ।

सुख-शान्तिको कामनासहित सन्ध्याकालमा सूर्यास्तको आराधनास्वरूप पौराणिक तथा मध्यकालीन फौजीहरूले बजाउने "रिट्रीट धून" को विकसित रूप "बीटिङ रिट्रीट" ले श्रद्धेय राजमहिषीको सुख, समृद्धि र अटल सौभाग्यको कामना अभिव्यक्त गर्दछ। साथै नेपाल प्रहरीले यस सुअवसरमा प्रहरी जीवनका विविध विशेषपूर्ण झाँकीहरू विविध प्रदर्शनहरूको माध्यमबाट प्रस्तुत गर्दछ। अनुशासन, सामूहिक भावना, जोश, जाँगर, साहसजस्ता आवश्यकीय गुणहरू प्रहरीका लागि अपरिहार्य रहन्छन् भन्ने यथार्थको उद्बोधन गराउँछ।




श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाह सरकारको ४९ औं शुभजन्मोत्सवको पुनीत अवसरमा श्री ५ युवराजाधिराज सरकारबाट कात्तिक २३ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जमा आयोजित "बीटिङ रिट्रीट" कार्यक्रम नजर गरिबक्स्यो : श्री ५ अधिराजकुमार निराजन वीरविक्रम शाह सरकारसमेतको समुपस्थिति भएको उक्त कार्यक्रममा पाँच क्षेत्रका लोकसंस्कृतिका झाँकीहरू, प्रहरी बैण्डबाट सुमधुर धूनहरू, पञ्चेबाजा, झ्याउरे नृत्य, महिला प्रहरी पाइपर्सद्वारा हाइलैण्ड नाच तथा सामूहिक एरोबिक्स र खतरापूर्ण र साहसिक मोटरसाइकल स्टण्ड समेत प्रदर्शन गरिएको थियो भने अन्तमा आतसबाजी र रिट्रीट धून बजाई कार्यक्रम पूरा भएको थियो।

# Beating Retreat



The Nepal Police hold Beating Retreat Program in accordance the glorious tradition to mark the auspicious birthday of *Her Majesty the queen.*

The "Beating Retreat" which is the advanced form of "Retreat Music" played by the ancient and medieval army as a worship during sunset in the evening wishing for peace and happiness, is organized to expresses the happiness, prosperity and good luck of *Her Majesty the queen.* At the same time, the police presented in the programme that splendid pageants and a variety of shows reflecting various aspects of police life and displaying their virtues such as discipline, team spirit, enthusiasm, diligence and courage which are indispensable for police.



On the auspicious occasion of the 49th birthday of *Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah, His Royal Highness the Crown Prince* graced the "Beating Retreat" program organized at National Police Academy on November 8, 1997 . His Royal Highness Prince Nirajan was also present. Pageants of folk culture of all the five development regions, alluring music from police band, Panche baja, Jhyaure dance, highland dance from women pipers, group aerobics and daring and adventurous motorcycle stunts were presented on the occasion. The program concluded with the attractive fireworks and playing the retreat music.

# शुभजन्मोत्सव



प्र.म.नि. अच्युत कृष्ण खरेल श्री ५ युवराजाधिराज सरकारको स्वागत गर्नुहुँदै
*IGP Welcoming His Royal Highness the Crown Prince*

राष्ट्रिय एकताका प्रतीक श्री ५ महाराजाधिराज सरकारको शुभजन्मोत्सवलाई महान् चाडको रूपमा हर्षोल्लासका साथ विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरी मनाउने नेपाल प्रहरीको गौरवमय परम्परा रहेको छ ।

श्री ५ महाराजाधिराज सरकारको ५३ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारबाट पुस १५ गते साँझ श्री ५ महेन्द्र पुलिस क्लबमा



श्री ५ युवराजाधिराज सरकार तथा राजपरिवारका सदस्य सरकारहरु सांस्कृतिक कार्यक्रम नजर गरीबक्सदै
*His Royal Highness the Crown Prince and members of the royal family witnessing the cultural program*



आयोजित विविध सांस्कृतिक कार्यक्रम नजर गरिबक्स्यो । समारोहमा राजपरिवारका श्रद्धेय सदस्य सरकारहरूको समुपस्थिति थियो ।

विविध सांस्कृतिक कार्यक्रममा नेपालको मौलिक, सांस्कृतिक झलक प्रदान गर्ने नृत्यहरू, एकल, सतार, कौडा, भोजपुरी र युगल, प्रहसन (ह्याङओभर), गीतिनाट्य, देशको गीत र स्वदेश गान प्रस्तुत गरिएको थियो ।

त्यस अवसरमा श्री ५ महाराजाधिराज सरकारको चिराय, सुस्वास्थ्य तथा दीर्घ सुशासनको कामना गर्नुहुँदै प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले टोष्ट प्रस्ताव गर्नुभयो ।

# Auspicious Birthday



श्री ५ युवराजाधिराज सरकार शुभजन्मोत्सव विशेषांक ग्रहण गरिबक्सदै
***His Royal Highness the Crown Prince** receiving birthday special issue.*

The Nepal Police has been following its glorious tradition of celebrating the auspicious birthday of His Majesty the King as a festival amidst great jubilation and a variety of cultural program.

*His Royal Highness the Crown Prince* graced the variety cultural program organized at Mahendra Police Club to mark the 53rd auspicious birthday of *His Majesty the King.*

Other members of the Royal family were also present on the occasion.





The variety cultural program featured dances depicting the geographical and cultural aspects of Nepal., "Ekal dance, Satar dance, Kauda dance, Bhojpuri dance and Yugal dance, comic hangover, musical dance and national songs" were performed.

On the occasion Inspector General of Police Achyut Krishna Kharel proposed a toast wishing for His Majesty the King's long life, good health and long reign.

# किंग्स ब्याटन

# KINGS BATON



श्री ५ युवराजाधिराज सरकार किंग्स ब्याटन प्रदान गरिबक्सँदै

*His Royal Highness the Crown Prince awarding King's Baton*

स्वस्थ प्रतियोगिताले कार्यक्षमता, कुशलता अभिवृद्धि गर्दछ। अन्तरक्षेत्रीय प्रहरी इकाइ कार्यदक्षता प्रतियोगिता नेपाल प्रहरीले संगठनभित्रको कार्यक्षमता, दक्षता अभिवृद्धि गर्न प्रत्येक वर्ष आयोजना हुने उत्कृष्ट प्रतियोगिताको रूपमा लिइएको छ। श्री ५ महाराजाधिराज सरकारबाट यस प्रतियोगितामा विजयी क्षेत्रीय प्रहरी इकाइ कार्यालय प्रमुखलाई किंग्स ब्याटन निगाह बक्स हुने परिपाटीले यस प्रतियोगिताको गरिमा र मर्यादा अत्यन्तै उच्च बन्नपुगेको छ। आफ्नो कार्यक्षेत्रमा समर्पित हुन समस्त प्रहरीलाई अपार हौसला र प्रेरणा मिलेको छ।

व्यावसायिक कार्यसम्पादन, अनुशासन, जनसम्पर्क, आचरण व्यवहारजस्ता विभिन्न पक्षहरूमा प्रतिस्पर्धा भई उत्कृष्ट हुनेले पुरस्कार पाउने यस प्रतियोगिताले योग्य प्रहरी शक्तिको विकास र विस्तारमा योगदानसमेत पुऱ्याएको छ।

श्री ५ महाराजाधिराज सरकारको ५३ औं शुभजन्मोत्सवको पुनीत अवसरमा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारका बरद बाहुलीबाट पुष १५ गते साँझ श्री ५ महेन्द्र पुलिस क्लबमा आयोजित विशेष समारोहमा अन्तरक्षेत्रीय प्रहरी इकाइ कार्यदक्षता प्रतियोगिता (२०५४) मा प्रथम हुने क्षेत्रीय प्रहरी इकाइ कार्यालय, राप्तीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक बाबुराम पुनलाई "किंग्स ब्याटन" निगाह बक्स भयो।

क्षेत्रीय प्रहरी इकाइ कार्यालयहरूबीच २०३९ सालदेखि प्रहरी कार्यदक्षता प्रतियोगिता सञ्चालन हुँदै आएको छ।

A healthy competition enhances the efficiency and capacity to work. The inter regional police unit office efficiency competition has been regarded as the best competition to be held every year within the Nepal Police organistion to raise the capacity and efficiency to work. The prestige and dignity of this competition is very high because of the tradition of awarding the Kng's Baton to the winner Regional Police Unit office chief by His Majesty the King. It has imparted tremendous encouragement and inspiration to all the police personnel to dedicate themselves to their duties. There is competition in different aspects including professional performance, discipline, public relation, and character and behaviour. The individual adjudged best will receive the award. It has also contributed to the development of the capable police organization.

On the auspicious occasion of the 53rd auspicious birthday of *His Majesty the King* , *His Royal Highness Crown Prince Dipendra Bir Bikram Shah Dev* gave away king's Baton to chief of Regional Police Unit Office, Rapti SSP Babu Ram Pun, declared first in Inter-Regional Police Unit office work efficiency competition at a special function on Decemberr 30 at Mahendra Police Club.

The Police work efficiency competition is being held among Regional Police Unit Office since 1983.

# खेलकूद



नेपाली माटोमा राष्ट्रिय खेलकूदको विकास विस्तारका लागि नेपाल प्रहरीले स्थापनाकालदेखि पुऱ्याउँदै आएको योगदानले एक सुनौलो इतिहासको स्वरूप धारण गरिसकेको तथ्य अब प्रत्येक नेपाली खेलप्रेमी जनजिब्रोमा सामूहिक अभिव्यक्त भइसकेको छ । त्यही गौरवमय परम्परालाई कायम गर्दै अद्यापि विविध खेलकूद विधामा नेपाल प्रहरीले तैयार गरेको क्षमतावान् अनुशासित खेलाडीहरूले आफ्ना मेहनत र खेलकूद सीपका बलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कीर्ति आर्जेको कुरा सर्वविदितै छ । यस अर्थमा नेपाल प्रहरी र नेपाली खेलकूद जगत् एक-अर्काका पर्यायवाची हुनपुगेका छन् । सिँगो राष्ट्को शान्तिसुरक्षाजस्तो संवेदनशील जिम्मेवारी पूरा गर्न अहोरात्र समर्पित रहनुपर्ने प्रहरी कर्मचारीहरूलाई शारीरिक रूपले स्वस्थ एवं चुस्त राख्न र बृहद् स्वरूपको संगठित एवं अनुशासित संगठनलाई मर्यादित बनाउने कार्यका लागि खेलकूदलाई नेपाल प्रहरीले आफ्नो उषाकालदेखि नै अपरिहार्य अंगको रूपमा लिँदै आएको छ । समयको अन्तरालमा हाल आएर नेपालको राष्ट्रिय खेलकूदको क्षेत्रमा सर्वोपरि योगदान पुऱ्याउन सफल भएको छ । यसका साथसाथै खेलकूदमा रहेको हाम्रो संलग्नताले जनस्तरमा भाइचाराको भावनामा अभिबृद्धि गरी जनसहयोग समेट्ने कार्यमा समेत टेवा पुर्‍दै आएको महसूस गरिएको छ ।

आफ्ना व्यावसायिक क्रियाकलापको अतिरिक्त सांगठनिक एवं राष्ट्रिय स्वार्थनिहित यस खेलकूद क्षेत्रको प्रवर्द्धनका लागि विगतझैं यसवर्ष पनि प्रयास जारी रह्यो । यसक्रममा थुप्रै अन्तरप्रहरी खेलकूद प्रतियोगिताहरू सञ्चालन गरिनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नेपाल प्रहरीका खेलाडीहरूको सहभागिता रही निम्नबमोजिम उपलब्धिहरू हासिल गर्न सक्षम भएको थियो ।



## २०५४ /५५ प्रहरी खेलकूदको उपलब्धि

(एक आंकलन)

| क.स.. | प्रतियोगिता | मिति | स्थान | उपलब्धी |
|---|---|---|---|---|
| १. | भूकम्प पीडीत फूटबल प्रतियोगिता | २०५४ मंसीर १६ | काठमाडौं | प्रथम |
| २. | ANFA कोकाकोला फूटबल प्रतियोगिता | २०५४ माघ १६ | काठमाडौं | प्रथम |
| ३ | शहीद तेजबहादुर अमात्य फूटबल कप | २०५४ चैत्र १५ | बीरगन्ज | द्वितीय |
| ४. | राष्ट्रिय खेलकूद परिषद्द्वारा सन्चालित राष्ट्रिय जिम्न्याष्टिक्स प्रतियोगिता | २०५४ माघ ११-१५ | काठमाडौं | *सिनियर टीम इभेन्ट्सतर्फ* स्वर्ण-२, रजत-२, कास्य ४ *जुनियर टीम इभेन्ट्सतर्फ* स्वर्ण-१०, रजत-४, कांस्य-४ गरी जम्मा १८ पदक ल्याई प्रथम |
| ५. | काठमाडौं जूडो क्लबद्वारा सन्चालित अधिराज्यव्यापी खुल्ला जूडो प्रतियोगिता | २०५४ पौष ४ र ५ | काठमाडौं | स्वर्ण-६, रजत-३, कांस्य-६ कूल १५ पदक ल्याई टीम इभेन्ट्समा प्रथम |
| ६. | श्री ५ शुभजन्मोत्सव कप बक्सिङ्ग प्रतियोगिता | २०५४ पौष ८ देखि १२ गतेसम्म | काठमाडौं | स्वर्ण-६, रजत-३, कांस्य-६ कूल १५ पदक ल्याई टीम इभेन्ट्समा प्रथम |
| ७. | तेश्रो एभरेष्ट म्यारायुन दौड | २०५४ मंसीर ९ | सोलुखुम्बु | द्वितीय स्थान |
| ८. | प्रथम दक्षिण एसियाली एथलेटिक्स | २०५४ मंसीर | नयाँदिल्ली | हाइजम्पमा तेश्रो स्थान |
| ९. | मेयर कप एमेच्योर बक्सिङ्ग च्याम्पियनशिप | २०५४ फागुन | फिलिपिन्स | कांस्य पदक |




श्री ५ बडामहारानी सरकारको
५० औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा
मौसूफ सरकारको
सुख, समृद्धिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

– लामा कन्सट्रक्सन, पाँचथर
– पि.सी.ओ. कन्स्ट्रक्सन, पाँचथर
– इलाम–फिदिम सडक सुधार आयोजना, पाँचथर

# SPORTS



It has been commonly acknowledged by every sports loving Nepali citizen that the contributions which members of the Nepal Police have been making for the development and promotion of national games in Nepal since its very establishment have already made a golden history. It is common knowledge that the capable and disciplined sportsmen produced by the Nepal Police have been able to win national and international fame on the basis of their diligence and skill while maintaining the same glorious traditions even to this day. In this sense, Nepal Police and Nepali sports have become almost synonymous to each other. Sports has been deemed as an inseparable part of the police staff right from the beginning because of the need to maintain the police employees' physical fitness and smartness in view of their sensitive responsibility to remain in duty 24 hours a day for ensuring peace and security of the entire nation and to uphold the dignity of the great, organized and disciplined organisation. In course of time, the organisation has been able to make the highest contribution in the field of national sports in Nepal. Moreover, it has been felt that our involvement in sports has been a support to promote brotherhood at the grassroots level and gain people's co-operation.

Apart from professional activities the organisation continued its endeavor even this year for the promotion of sports wherein lie its organizational and national interest. In this process, several inter-police sports competitions were conducted. The following achievements were made in the national and international competitions with the participation of the Nepal Police sportsmen.



# Achievements in Sports
## (1997/98)

| S.No. | Competition | Date | Place | Achievement |
|---|---|---|---|---|
| 1. | Earthquake victime Football Competition | | Kathmandu | First |
| 2. | ANFA Coca-Cola Football Competition | | Kathmandu | First |
| 3. | Martys Tej Bahadur Amatya Footbal Cup | | Birgunj | Second |
| 4. | National gymanastic competition conducted by National Sports Council | | Kathmandu | First with 18 medals including gold-2, silver-2, bronze-4 in senior team events & gold-10, silver-4 and bronze-4 in junior team events. |
| 5. | Nation-wide open Judo competition organised by Kathmandu Judo club | | Kathmandu | First in team events with gold-3 and silver-3 |
| 6. | His Majesty's Birthday Cup Boxing Compe. | | Kathmandu | First in team events with gold-3 and silver-4 |
| 7. | Third Everest Marathon Race | | Solukhumbu | Second Place |
| 8. | First South Asian Athletics | | New Delhi | Third place in high jump |
| 9. | Mayor Cup Amateur Boxing Championship | | Philippines | Bronze medal |




***Hearty Felicitation To Her Majesty The Queen Aishwarya Rajya Laxmi Devi Shah On Her Majesty's 50th Birthday***

Mount Everest Brewery

Ramshahpath, Kathmandu

Everest Exhibition (Pvt.) Ltd.

Kathmandu, Nepal

# ट्राफिक प्रहरी



टेम्पोहरु पक्राउ
*Auto-rickshaws arrested*

नेपाल अधिराज्यमा सवारीको बढ्दो चापले गर्दा सडक दुर्घट्नादेखि वातावरण प्रदूषणसम्म विभिन्न समस्याहरू थपिँदै गएको छ । त्यसमा पनि उपत्यकामा सवारीको अत्यधिक चापले ट्राफिक परिचालन र सडक सुरक्षामा जटिल समस्याहरू उत्पन्न गराइदिएको छ । एकातिर दैनिक रूपमा सडकमा सवारीसाधनहरू बढिरहेका छन् भने अर्कोतर्फ सडक विस्तार गर्ने, सडक सुविधाहरू निर्माण गर्ने र व्यवस्थित गर्नेतर्फ कुनै ठोस उपलब्धि हासिल भएको छैन । उपत्यकामा कच्ची र पक्की गरेर जम्मा ८२० कि.मि. सडक चालु अवस्थामा छ भने यी सडकहरूमा १,२०,००० विभिन्न किसिमका सवारीहरू चल्नुपर्ने बाध्यता रहेको छ। यस परिवेशमा ट्राफिक सञ्चालन गर्न ट्राफिक प्रहरीले कुनै उपकरण र सुविधाहरूको अभावमा ट्राफिक प्रहरीहरूको भरमा मात्र सवारी सञ्चालन गर्नुपर्ने अवस्था रहेको छ । यसरी सडकमा उभिएर सवारी सञ्चालन गर्दा वायूप्रदूषणका कारणले ट्राफिक प्रहरीहरूको स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पार्ने गरेको छ। तथ्यांक हेर्दा सडक वृद्धिदर २.५% छ भने सवारीको वृद्धिदर ११% रहेको छ । यसरी अनियोजित सडक र सवारी प्रणालीले गर्दा उपत्यकामा सवारीबाट फैलिएको प्रदूषणले जनमानसको स्वास्थ्यमा प्रतिकूल असर पर्ने सम्भावना बढेको छ भने सडक दुर्घट्नाहरू बढ्ने र सवारीको चापले गर्दा मानिसहरू समयमा गन्तव्यमा पुग्न नसक्ने परिस्थितिको सिर्जना भएको छ ।



विद्यमान अवस्थामा उपलब्ध साधन-स्रोत र जनशक्तिबाट सडकमा सवारी सञ्चालन गर्न प्रहरी संगठनले सेवा विशिष्टीकरणअन्तर्गत ट्राफिक प्रहरीलाई विकास गर्दै लगेको छ । ट्राफिक प्रहरीले सडक सवारी सुसञ्चालन गर्ने, दुर्घटना घटाउने उपायहरू अवलम्बन गर्ने र सडक योजना बनाई लागू गर्नेबाहेक पनि सवारी प्रदूषण नियन्त्रण गर्न विविध उपायहरू लागू गरेको छ । उपत्यका प्रहरी कार्यालयले प्रदूषण मापनसम्बन्धी कार्य गर्न एउटा विशेष इकाइ खडा गरी कार्य गर्दै आएको छ। यस इकाइबाट प्रदूषणमूक्त सवारी सडक सञ्चालन प्रमाणपत्र लिएर मात्र सडकमा सवारी चल्न दिने व्यवस्थासमेत गरेको छ । सडकमा जनसाधारणलाई सचेत रहने शिक्षा प्रदान गर्नसमेत ट्राफिक प्रहरीले समय-समयमा विभिन्न कार्यक्रमहरू चरणबद्ध रूपमा सञ्चालन गर्दै आएको छ ।

## आर्थिक वर्ष २०५४/५५ को काठमाडौं उपत्यकामा भएको सवारी दुर्घटनाको मासिक तथ्यांक

| क्रसं | विवरण | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसीर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सवारी दुर्घटना संख्या | २१२ | १७६ | १६३ | १६१ | १४९ | १४६ | १६९ | १७४ | १७० | १८९ | २२३ | १४९ | २०८१ |
| २ | मानिस मृत्यु | ८ | २ | ७ | ७ | ९ | ११ | ४ | ७ | ६ | ६ | ९ | ६ | ८२ |
| ३ | अंगभंग | ९ | ९ | ७ | ९ | ५ | ६ | ३ | ९ | ५ | ८ | ६ | ६ | ८२ |
| ४ | गम्भीर घाइते | १३ | ४ | १० | १३ | ४ | ८ | १४ | १० | १२ | १२ | १६ | ८ | १२४ |
| ५ | साधारण घाइते | ९९ | ८० | ८० | ६३ | ५५ | ६९ | ९९ | ७२ | ६८ | ७४ | ११३ | ७४ | ९४६ |
| ६ | चौपाया मृत्यु | - | - | - | - | - | - | - | - | - | - | ३ | १ | ४ |
| ७ | चौपाया घाइते | - | - | - | - | - | - | - | - | - | - | १ | १ | २ |




*All the best wishes and greetings to*
*Her Majesty The Queen*
*on Her Majesty's 50th Auspicious Birthday*

**Everest Hotel**

New Baneswor, Kathmandu

# Traffic Police



The growing pressure of vehicle traffic has given rise to different problems ranging from road accidents to environmental pollution. The problem is all the more serious in Kathmandu valley where excessive pressure of vehicular traffic has further complicated traffic management activities and the act of ensuring road security. On the one hand, vehicles plying on the road are increasing day by day while on the other, there has been no concrete achievements towards road expansion, building and management. Only 820 km of the roads including fair weather and black topped ones are in operation in the valley while there is compulsion to drive 120 thousand vehicles of different types on these roads. In this context it is not noteworthy that traffic management is done by the police in the valley without any equipment and facility solely with the help of traffic police. While the traffic police guide the traffic, standing on the middle of the road , the health of traffic police is adversely affected due to air pollution. Data shows that the roads are increasing at the rate is 2.5 percent while vehicles are increasing at the rate of 11 percent. Thus , the uncontrolled vehicle system has given rise to pollution which has adversely affected public health. On the other hand, road accidents have increased and the pressure of vehicle have prevented passengers from reaching their destinations on time.

Under the existing situation the police organisation has been developing its traffic police through quality improvement in a bid to manage the traffic with available resources and manpower. Apart from proper traffic management adopting measures aimed at reducing road accidents and formulating and implementing road plans, the traffic police has also implemented a variety of measures aimed at controlling pollution caused by vehicle emissions. The valley traffic police office has set up a special unit for measuring pollution and this unit has been in operation. Arrangement has been made under which a vehicle may operate on the road only after obtaining a certiicate from the unit that the vehicle is pollution free. The traffic police has also been running different programs from time to time in different phases to educate the common people and make them aware of traffic rules and regulations.

## Monthly data of vehicle accident in Kathmandu valley in the fiscal year 1997-98

| S.No. | Description | July/Aug. | Aug./Sept. | Sept./Oct. | Oct./Nov. | Nov./Dec | Dec/Jan | Jan/Feb | Feb/March | March/April | April/May | May/June | June/July | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | No. of Vechile Accident | 212 | 176 | 163 | 161 | 149 | 146 | 169 | 174 | 170 | 189 | 223 | 149 | 2081 |
| 2 | Mortality | 8 | 2 | 7 | 7 | 9 | 11 | 4 | 7 | 6 | 6 | 9 | 6 | 82 |
| 3 | Disabled | 9 | 9 | 7 | 9 | 5 | 6 | 3 | 9 | 5 | 8 | 6 | 6 | 82 |
| 4 | Seriously Injured | 13 | 4 | 10 | 13 | 4 | 8 | 14 | 10 | 12 | 12 | 16 | 8 | 124 |
| 5 | Minor Injuries | 99 | 80 | 80 | 63 | 55 | 69 | 99 | 72 | 68 | 74 | 113 | 74 | 946 |
| 6 | Animal Death | - | - | - | - | - | - | - | - | - | - | 3 | 1 | 4 |
| 7 | Wounded Animal | - | - | - | - | - | - | - | - | - | - | 1 | 1 | 2 |




*On the Auspicious Happy Birthday of*
*Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah*
*We Humbly Extend Heartiest Felicitations*
*And Best Wishes.*

**HOTEL MANANG**
Thamel, Kathmandu

# वार्षिक प्रहरी गतिविधि
# ANNUAL POLICE ACTIVITIES

## २०५४ (1997)

*कार्तिक २० गते*- उपत्यकाको बढ्दो सवारी चापलाई नियन्त्रण गर्न सहज होस् भन्ने अभिप्रायले काठमाडौं उपत्यकाका मुख्य-मुख्य स्थानहरूमा सी.सी.टि.भी. जडान भई उपत्यका प्रहरी कार्यालयबाट सञ्चालन गरिने ट्राफिक प्रहरी परिचालन कक्षको स्थापना।

*November 5*– The traffic police operation section has established CCTV, which will also be installed at the important sections of Kathmandu Valley with a view to easing the control of overgrowing traffic congestion in the valley.

*कार्तिक २३ गते*- श्री ५ बडामहारानी सरकारको शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा नेपाल प्रहरीद्वारा आफ्नो गौरवमय परम्पराअनुसार आयोजित बीटिङ रिट्रीट कार्यक्रम २०५४ श्री ५ युवराजाधिराज सरकारबाट नजर।

*November 8* - Beating Retreat Program – 1997 was organized by the Nepal Police in accordance with its glorious traditions on the auspicious occasion of the birthday of *Her Majesty the queen. His Royal Highness the Crown Prince* witnessed the program.

*कार्तिक २४ गते* - मित्रराष्ट्र जापानको ताकाराजुका सोसाइटीको सहयोगमा प्रहरी प्रधान कार्यालयलाई प्राप्त एम्बुलेन्स राजमार्ग गस्ती शिविर गजुरीलाई हस्तान्तरण।

*November 9*- The ambulance received to the police headquarters with the co-operation of Takarajuka society of Japan was handed over to Highway Patrol Camp, Gajuri.

*कार्तिक २५ गते*- श्री ५ अधिराजकुमारी शान्ति राज्यलक्ष्मी देवी सिंह सरकारबाट अवकाश प्राप्त प्रहरी परिवार संघबाट स्थापित रत्न स्मृति पुरस्कार इलाका प्रहरी कार्यालय, बस्तीपुरका प्रहरी जवान तौफिक खाँ पैठानलाई प्रदान। २०५३ साल चैत्र २८ गते सिन्धुली जिल्ला सिम्लेखोलामा सशस्त्र आतंककारीहरूसँग मुठभेडमा अत्यन्तै साहसिक कार्य प्रदर्शन गरी आफू र अन्य कर्मचारीहरूको समेत सुरक्षा प्रदान गरेबापत पैठानलाई उक्त पुरस्कारबाट सम्मानित गरिएको।

*November 10* - Her Royal Highness Princess Shanti Rajya Laxmi Devi Singh gave away Ratna Memorial Prize instituted by Retired Police Family Association to policeman Tauphik Khan Paithan of Bastipur.
Paithan was honored with the prize for showing extraordinary courage in the encounter with armed terrorists at Simle khola of Sindhuli district on 28th Chaitra 2053 BS and saving himself and others.

*मंसिर १६ गते* - प्रतिनिधि सभाका राज्य व्यवस्था समितिका सभापति श्री पूर्णबहादुर खड्कासमेतको टोलीले गृह मन्त्रालयसम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्ने क्रममा प्रहरी प्रधान कार्यालयको अवलोकन गरी जानकारीसमेत लिएको।

*December 1* - A team of State Management Committee of the House of Representative which also included committee chairman Purna Bahadur Khadka visited the Police Headquarters and received information in the process of preparing the annual report on Home Ministry.

*मंसिर २९ गते* - नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेको दिनलाई स्मरण गर्दै नेपाल प्रहरीद्वारा शान्ति पदयात्राको आयोजना।

*December 14* - The Nepal Police organized peace march to



commemorate the UN Day when Nepal had received membership of the United Nations.

*पुस १ गते* - प्रहरी प्रधान कार्यालयमा आयोजित प्रहरी र पत्रकार अन्तरक्रिया कार्यक्रममा पत्रकारहरूद्वारा सोधिएको प्रश्नहरूको जवाफ प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलबाट प्रदान ।

***December 24*** - Inspector General of Police Achyut Krishna Kharel answered questions posed by newsmen in an interaction program between police and journalists organized at the police headquarters.

*पुस १४ गते*- श्री ५ महाराजाधिराज सरकारको ५३ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा नेपाल प्रहरीको श्री ५ महेन्द्र पुलिस क्लब र केन्द्रीय प्रहरी बैण्ड गुल्मको अर्केष्ट्रा समूहद्वारा तयार पारिएको "हिमालयन हिष्ट्री फल्क सङ्ग" सिडी.एल्बम र अडियो क्यासेटको प्रहरी महानिरीक्षकबाट विमोचन ।



***December 29*** - The Inspector General of Police released CD album and cassettes of "Himalayan History Folk Song" prepared by the orchestra group of the Mahendra Police Club and the Central Police Band of the Nepal Police on the auspicious occasion of His Majesty the King's 53rd birthday.

*पुस १५ गते* - श्री ५ महाराजाधिराज सरकारको ५३ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा नेपाल प्रहरीद्वारा आफ्नो गौरवमय परम्पराअनुरूप श्री ५ महेन्द्र पुलिस क्लबमा आयोजित विविध सांस्कृतिक कार्यक्रमको श्री ५ युवराजाधिराज दीपेन्द्र वीरविक्रम शाहदेव सरकारबाट नजर ।



***December 30*** – *His Royal Highness Crown Prince Dipendra Bir Bikram Shah Dev* witnessed the variety cultural show organized by the Nepal Police at Mahendra Police Club in comformity with its glorious tradition to mark the 53rd auspicious birthday of *His Majesty the King.*

*पुस १६ गते* - श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारको वरद बाहुलीबाट श्री ५ महेन्द्र पुलिस क्लबमा अन्तर क्षेत्रीय प्रहरी इकाइ कार्यदक्षता प्रतियोगिता-२०५४ मा प्रथम हुने क्षे.प्र.इ.का. राप्तीका प्रमुखलाई "किंग्स ब्याटन" निगाह बक्स ।

***December 30– His Royal Highness Crown Prince Dipendra Bir Bikram Shah Dev*** gave away "King's Baton" to the chief of Regional Police Unit office Rapti which had won the first position in inter-regional police unit efficiency competition-1997.

*पुस १६ गते* – प्रहरी महानिरीक्षकबाट दीपेन्द्र प्रहरी उच्चमाध्यमिक विद्यालय, साँगाको हाताभित्र निर्मित विज्ञान प्रयोगशाला भवनको उद्घाटन ।

***December 31*** – The Inspector General of Police inaugurated the science laboratory building constructed at the premises of Dipendra Police Higher Secondary School, Sanga.

*पुस १८ गते* – प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलबाट पलाञ्चोक भगवतीस्थान प्रहरीचौकीको नवनिर्मित भवनको उद्घाटन ।

***January 2*** – Inspector General of Police Achyut Krishna Kharel inaugurated the newly-constructed building of Palanchok Bhagawatisthan Police Post in Kabhre district.

*माघ ६ गते* – पोखरा रंगशालामा संचालित ३० औं आइजीपी शिल्ड फूटबल प्रतियोगितामा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान टीम प्रथम र म.प.क्षे.प्र.का. नेपालगञ्ज द्वितीय भएको ।

***January 19*** – National Police Academy team won the first position and Mid-western Regional Police Office Nepalganj second position in the 30th I.G.P. Shield Football Tournament held in Pokhara. Eight police teams had contested in the tournament.

*माघ ७ गते* – प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलबाट दीपेन्द्र प्रहरी आवासीय विद्यालय, बेलचौतारा तनहूँमा अध्ययनरत प्र.ह. तथा प्र.ज. हरूको सन्ततिका लागि रू.५१,०००/- को गोपीकृष्ण सरस्वती खरेल छात्रवृत्ति अक्षय कोषको स्थापना ।



***January 20*** – Inspector General of Police Achyut Krishna Kharel instituted Gopikrishna Saraswati Kharel Scholarship Revolving Fund consisting of 51 thousand rupees for the children of police Head-constable and constables now studying in Dipendra Police School, Belchautara.

## २०५४/1998

*फाल्गुण ११ गते* – आतंककारी क्रियाकलापमा संलग्न व्यक्तिहरूलाई नियन्त्रण गर्न ड्युटीमा खटिएका प्रहरी अधिकृत तथा जवानहरूको मृत्यु भएमा निजका परिवारहरूलाई आर्थिक राहतस्वरूप श्री ५ को सरकारबाट प्रतिव्यक्तिको परिवारलाई रू. २,००,०००/- (दुई लाख) आर्थिक सहायता प्रदान गर्ने २०५२ साल फाल्गुण १ गतेदेखि लागू हुने गरी श्री ५ को सरकार मन्त्रिपरिषद्बाट मिति २०५४/११/०४ मा निर्णय ।

***February 23*** – The council of ministers of his Majesty's Government has decided on February 16 to provide financial assistance of 200 thousand rupees per family to the families of police officers and constables assigned the duty of controlling terrorist activities in case of their death. This will be effective retroactively from 1st Falgun 2052 BS.

*चैत्र २७ गते* – वीरेन्द्र प्रहरी अस्पतालको चौंथो वार्षिकोत्सव सम्पन्न । प्रहरी महानिरीक्षकबाट प्रहरी परिवार तथा भूतपूर्व प्रहरीहरूको उपचारार्थ अक्षय कोषका लागि प्रहरी कल्याण कोषबाट ३३ लाख रूपैयाँको चेक हस्तान्तरण ।



*April 9* – The fourth anniversary of Birendra Police Hospital was observed. A cheque for 3.3 million rupees from Police Welfare Fund was handed over to the revolving fund by the Inspector General of Police for medical treatment of police family and former police personnel.

*चैत्र २९ गते*- प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले प्रहरी प्रधान कार्यालयमा आयोजित सुशोभन समारोहमा २ जनालाई प्रहरी रत्न, २ जनालाई प्रहरी पराक्रम, १२ जनालाई प्रहरी दीर्घ सेवापट्ट र १३ जनालाई प्रहरी सेवा पदकद्वारा सुशोभित ।

*April 10* – Inspector General of Police Achyut Krishna Kharel decorated 4 people with Prahari Ratna, 2 people with Prahari Parakram, 12 people with Prahari Dirgha Sewa Patta and 13 people with Prahari Sewa Padak at an ceremony held at the police headquarters.

## २०५५/1998

*बैशाख १० गते* - प्रहरीद्वारा कार्यसम्पादनको क्रममा प्रहरीका आचरण तथा प्रहरीबाट हुने वा हुनसक्ने अधिकार दुरूपयोगबारे नागरिकका गुनासा र अभिमतहरुको शीघ्र सुनुवाइ, छानबिन एवं अनुगमनका लागि प्रहरी प्रधान कार्यालयद्वारा विशेष व्यवस्थाको तर्जुमा । सोअनुसार २४ सै घण्टा सेवा उपलब्ध हुने गरी टेलिफोन, फ्याक्स, उजुरी पेटिका र पोष्टबक्स नं. को व्यवस्था ।

*April 23* – The police headquarters made special provision for prompt hearing, investigation and follow up of citizens' complaints and opinions expressed against police authority abuse in the course of carrying out their duties. Accordingly, arrangement has been made for telephone, fax, complaint booth and post box, now which will be available to the people round the clock.

*बैशाख ११ गते* - माननीय गृहमन्त्री गोविन्दराज जोशी तथा गृह राज्यमन्त्री देवेन्द्रराज कंडेलबाट प्रहरी प्रधान कार्यालयअन्तर्गत सवारी महाशाखा, सञ्चार महाशाखा तथा कम्प्युटर महाशाखाको स्थलगत निरीक्षण ।



*April 24* - Home Minister Govind Raj Joshi and Minister of State for Home Affairs Devendra Raj Kandel visited Vehicle Division, Communication Division, and Computer Division of the police headquarters.

*बैशाख २२ गते* - प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलबाट जिल्ला प्रहरी कार्यालय, कपिलवस्तुको नवनिर्मित कार्यालय भवनको उद्घाटन ।

*May 5*– Inspector General of Police Achyut Krishna Kharel inaugurated the newly constructed building of District Police office, Kapilvastu.

*बैशाख २९ गते* - माननीय गृहमन्त्री गोविन्दराज जोशीबाट मध्यमाञ्चल विकास क्षेत्रका प्रमुख जिल्ला अधिकारी, प्रहरी अधिकृत तथा राष्ट्रिय अनुसन्धान विभागका गरी ६७ जना अधिकृतहरूको उपस्थिति रहेको दुईदिने छलफल कार्यक्रमको उद्घाटन ।

*May 12* – Home Minister Govind Raj Joshi inaugurated the 2-day discussion program which was attended by 67 officials including Chief District Officers, police and national investigation personnel from central development region.

*बैशाख ३१ गते* - प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले संयुक्त राष्ट्रसंघ प्रधान कार्यालयका प्रहरी उप-सल्लाहकार आइरिस प्रहरी अधिकृत बेनडन करकरनको नेतृत्वमा आएको ४ सदस्यीय टोलीसँग प्रहरी प्रधान कार्यालयमा छलफल।

***May 14*** - Inspector General of Police Achyut Krishna Kharel held talks with the 4-member visiting delegations led by Police Deputy Advisor of the United Nations headquarters, Irish Police officer Brandon Karkaran at the Police Headquarters.

*जेठ ४ गते* - राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुक्केबाजी प्रतियोगिताहरूमा सहभागी भई १३ स्वर्ण, ४ रजत र ६ कास्य गरी २३ पदक प्राप्त गर्नुभएका बहुचर्चित मुक्केबाज प्रहरी निरीक्षक दलबहादुर रानाको निधन।

***May 18***– The much-acclaimed boxer and Police Inspector Dal Bahadur Rana passed away. He had won 23 medals in different national and international boxing events including 13 gold, 4 silver and 6 bronze medals.

*जेठ १७ गते* - संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ पूर्व युगोस्लाभियाको बोस्निया हर्जगोभिनाअन्तर्गत अर्न्तराष्ट्रिय प्रहरी कार्यदल 'इन्टरनेशनल पुलिस टास्क फोर्स' मिसनमा खटिई आफ्नो कार्यकाल पूरा गरी नेपाल प्रहरीको ४२ जनाको एक टोली स्वदेश फिर्ता।

***May 31*** – A 42-member team of Nepal Police assigned to an International Police Task Force for establishing peace in Bosnia Harz-Govina of former Yugoslavia at the request of the United Nations has returned home at the end of its mission.

*असार ७ गते* – प्रहरी कर्मचारीका जेहेन्दार सन्ततिका लागि नेपालभित्र उच्चशिक्षा आर्जन गर्न छ वर्षसम्म मासिक रू. १,०००/- का दरले छात्रवृत्ति प्रदान गर्ने निर्णय भएको। जसका लागि सि.प्र.अ. (प्र.ना.उ. र प्र.नि.) को १ जना, जु.प्र.अ. को २ जना र प्र.ह., प्र.ज. तथा परिचरको ५ जना सन्तति गरी कुल ८ जनालाई प्रदान गरिने।

***June 21*** – A decision has been made to provide scholarship to the talented children of police personnel for higher education in Nepal at the rate of Rs. 1000/- per month for five years. In all 8 children will receive this scholarship including one child of senior police officials (DSP and Inspector), 2 children of junior police officials and 5 children of head constables, constables and helpers.

*असार १२ गते*- विश्व लागूऔषध दिवसको अवसरमा लागूऔषध दुर्व्यसनी सुधारगृह 'आसरा'को थप नवनिर्मित भवनको प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती मीना खरेलबाट उद्घाटन।



***June 26*** – Mrs. Meena Kharel, President of Police Family Women's Association, inaugurated the building of Drug Abuse Reforms Home, **Asara** to mark the World Narcotic Drugs Day.

*असार १३ गते* - दीपेन्द्र प्रहरी प्राथमिक विद्यालय, टंगाल (ढल्कु) को प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलद्वारा उद्घाटन। हाल उक्त विद्यालयमा नर्सरीदेखि १ कक्षासम्म अध्यापन गराइने।

***June 27*** – Inspector General of Police Achyut Krishna Kharel inaugurated Dipendra Police Primary School Tangal (Dhalku). Currently, the schools will teach children from nursery grade to class one.

*असार १९ गते* - ज्यान मुद्दाको अनुसन्धान गर्दा आइपर्ने प्राविधिक कठिनाइहरूको

समाधान पहिल्याउने उद्देश्यले आयोजित मनिपाल कलेज अफ मेडिकल साइन्स तथा क्षेत्रीय प्रहरी इकाइ कार्यालय, पोखराको संयुक्त तत्वावधानमा पोखरामा प्रथम मेडिकल कानून कार्यशाला गोष्ठीको आयोजना।

***July 3***– The first medico-legal workshop seminar was organized in Pokhara under the joint auspices of Manipal College of Medical Science and Regional Police Unit Pokhara in order to find solutions to the technical difficulties that may be encountered in the course of investigation of murder cases.

*असार ३१ गते* – वीरेन्द्र प्रहरी क्षेत्रीय अस्पताल, नेपालगञ्जको स्थापना।

***July 15*** – Birendra Police Regional Hospital, Nepalganj was established.

श्रावण १४ गते - प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलबाट बारा जिल्लास्थित इ.प्र.का. निजगढको नवनिर्मित भवनको उद्घाटन।

***July 30*** – Inspector General of Police Achyut Krishna Kharel inaugurated the newly-constructed building of Area Police Office, Nijgadh, located in Bara district.

*श्रावण १८ गते*- नेपाल प्रहरी स्मारक गुठीका संरक्षक प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलबाट नेपाल प्रहरी स्मारक गुठीको तृतीय साधारणसभाको उद्घाटन।



***August 3*** – Inspector General of Police Achyut Krishna Kharel, Patron of Nepal Police Memorial Trust, inaugurated the third general assembly of the trust.

*श्रावण १८ गते*- २०५४ साल माघ १६ गते रूकुम जिल्ला कोल गा.वि.स. मा ड्युटी गर्दागर्दैको अवस्थामा वीरगति प्राप्त गर्ने प्रहरी जवान मानवीर थापाको श्रीमती अमृतादेवी थापालाई प्र.अ.म.नि. प्रदीपशम्शेर ज.ब.रा. ले प्रहरी कल्याण योजनाअन्तर्गत प्रदान गरिने रू. २,००,०००/- को चेक हस्तान्तरण।

***August 3*** –AIGP Pradip Shumsher JBR handed over to Amrita Devi Thapa, wife of policeman Man Bir Thapa who had died while he was performing his duty in Kol VDC of Rukum district on January 22, 1998, a cheque for Rs. 200,000/- awarded under the police welfare fund.

*श्रावण २६ गते* – माननीय गृहमन्त्री गोविन्दराज जोशीले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सञ्चालन हुने वरिष्ठ प्रहरी अधिकृतहरूको व्यवस्थापन विकास तालीम दोस्रो टोलीको उद्घाटन।




***August 11***– Home Minister Govind Raj Joshi inaugurated the senior management development training for second batch senior officials organized at National Police Academy.

भाद्र २० गते- नेपाल प्रहरी मानवअधिकार स्थायी आदेश पुस्तिका प्रकाशन।

***September 5*** – A book entitled "Nepal Police Human Rights-standing order" was published.

भाद्र २६ गते- प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले दैवीप्रकोप पीडित जनताको सहयोगार्थ नेपाल प्रहरीको तर्फबाट रू. ११,११,१११/- को चेक सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई हस्तान्तरण ।



*September 11* – On behalf of the Nepal Police, Inspector General of Police Achyut Krishna Kharel handed over to Prime Minister Girija Prasad Koirala a cheque for Rs. 1,111,111/= to assist people affected from natural calamities.

भाद्र ३० गते- सम्माननिय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाबाट 'बाल अपराध समस्या र समाधान' विषयक २ दिने कार्यशाला गोष्ठीको उद्घाटन ।



*September 15* – Prime Minister Girija Prasad Koirala inaugurated the 2-day workshop on "Juvenile Delinquencies: Problem and Solutions" organized by Nepal Police and UNICEF.

*असोज ८ गते-* कुमार मोहन बहादुर शाहीबाट अधिराज्यव्यापि प्रहरी व्याडमिन्टन, टेबुल टेनिस तथा स्क्वास प्रतियोगिताका विजयीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण ।



*September 24*– Kumar Mohan Bahadur Shahi gave away prizes and certificates to winners of Police Nation-wide Badminton, Table Tennis and Squash competition.

असोज ३१ गते- अधिराज्यभर विविध कार्यक्रमकासाथ प्रहरी दिवस सम्पन्न ।



*October 17*– Police Day - 1998 concluded with various Programme held nationwide.

*कातिक १ गते - इन्टरपोलको महासभामा भाग लिन प्र.म.नि. इजिप्ट प्रस्थान*

*October 18– IGP leaving for Egypt to participate in the INTERPOL General assembly*



# सचित्र समाचार



श्री ५ महाराजाधिराज सरकारबाट मरणोपरान्त प्रहरी कर्मचारीको परिवारलाई पदक बक्स हुँदै

***His Majesty the King** awarding medal to posthomously family of Police employee.*



श्री ५ युवराजाधिराज सरकार बीटीङ रिट्रीट २०५४ नजर गरिबक्सदै

***His Royal Highness Crown Prince** witnessing the Beating Retreat 2054.*



सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला विश्व वातावरण दिवसको उपलक्ष्यमा नेपाल प्रहरीले सगरमाथा सफाइ अभियानअन्तर्गत संकलन गरेको फोहरलगायत वातावरणसम्बन्धी अन्य सामग्रीहरू संकलन गरी प्रहरीद्वारा आयोजित प्रदर्शनी अवलोकन गर्नुहुँदै

*PM Girija Prasad Koirala observing police exhibition which included related with environment and the garbage collected by Nepal Police under Everest Cleanning campaign organised by it on the occasion of World Environment Day.*



अधिराज्यव्यापी प्रहरी ब्याडमिन्टन, टेबुल टेनिस र स्क्वास प्रतियोगिताका विजयी खेलाडीलाई कप प्रदान गर्नुहुँदै कुमार मोहनबहादुर शाही

*Kumar Mohan Bahadur Shahi awards cups to winners of badminton, table-tennis and squash competition.*




विद्यालयमा हुने लागूपदार्थ दुर्व्यसन रोकथामका लागि शिक्षकहरूको निमित्त सञ्चालित तालीमलाई संबोधन गर्नुहुँदै प्रहरी महानिरीक्षक

*IGP addressing the teacher's training on the programe "Prevention of Drug Abddiction at schools'*



युवा तथा खेलकूद मन्त्री पूर्णबहादुर खड्का प्रहरी बीट लैनचौर को साँचो प्रहरी महानिरीक्षकलाई हस्तान्तरण गर्नु हुँदै

*The IGP receiving key of Police Beat Lainchour from Minister for Youth & Sports Purna Bahadur Khadka*

प्रहरी महानिरीक्षकबाट इटलीका महामहिम राजदूत गाइकाओ जुकोनीलाई उपहार प्रदान गर्नुहुँदै
*IGP giving presents to Italian Ambassador Gaekaao Zucconi.*





प्रहरी महानिरीक्षक तथा सिक्किमका महानिर्देशक एल.सी. अमरनाथनबीच भेटघाट
*A meeting between the IGP and Director General L.C. Amarnathan of Sikkim (India)*

प्रहरी महानिरीक्षक सी.बी.आई.का पूर्व निर्देशक जोगिन्दर सिंहसँग छलफल गर्नुहुँदै
*IGP holding discussion with former CBI Directror Joginder Singh (India)*





प्रहरी महानिरीक्षक क्षेत्रीय प्रहरी गण पोखराको क्वाटर गार्ड निरीक्षण गर्नुहुँदै
*IGP inspecting the policeQuarter-guard at Regional Police Battalion Office Pokhara.*



केन्द्रीय प्रहरी वार्षिक खेलकूद प्रतियोगितामा प्रथम हुने प्र.प्र.का. टिमलाई प्रहरी महानिरीक्षकबाट सिल्ड प्रदान गर्नुहुँदै
*IGP giving away shield to Police Head-quarter team, winner of Police Annual Sports competition.*



एन्फा कप फुटबल प्रतियोगितामा प्रथम हुने नेपाल प्रहरी टीमका क्याप्टेन शिल्ड ग्रहण गर्दै ।
*Captain of Nepal Police team receiving shield ANFA Cup Football Competition.*

क्षेत्रीय ट्राफिक कार्यालय इटहरीमा नवनिर्मित भैरव मन्दिरको उद्घाटन गर्नुहुँदै प्रहरी महानिरीक्षक

*IGP inaugurating Bhairav temple at Regional Traffic Office, Itahari.*





प्रहरी चौकी बन्दिपुरका लागि निःशुल्क जग्गा उपलब्ध गराउने जग्गादातालाई प्रहरी महानिरीक्षकबाट प्रशंसापत्र प्रदान गर्नुहुँदै

*IGP presenting commendation letter to a donor. He has donated land for police chowki Bandipur free of cost.*

अष्ट्रेलियाका महामहिम राजदूत तथा सिनियर सम्पर्क अधिकृतलाई उपहार प्रदान गर्नुहुँदै प्रहरी महानिरीक्षक

*IGP offering presents to the Australian Ambassador and a senior Liaison Officer.*





*श्री ५ युवराजाधिराज सरकारमा शुभजन्मोत्सव विशेषांक चढाउँदै प्रहरी महानिरीक्षक*

*The IGP offering the special birthday issue to* ***His Royal Highness the Crown Prince.***



*उत्कृष्ट प्रशिक्षार्थीलाई माननीय गृहमन्त्री गोविन्दराज जोशी पुरस्कार प्रदान गर्नुहुँदै*

*Minister for Home Govinda Raj Joshi distributing prizes to the best trainees.*



*माननीय गृहमन्त्री गोविन्दराज जोशी तालिम कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै*

*Minister for Home Affairs Govinda Raj Joshi addressing a training program*



*केरलाका डि.जी. श्री सी.ए. कैलीलाई उपहार प्रदान गर्नुहुँदै प्र.अ.म.नि. प्रदीप शम्शेर ज.ब.रा.*

*AIGP Pradeep SJB Rana offering presents to C.A. Chaly, D.G. of Kerala (India)*

# जन-अभिव्यक्ति

कृष्ण पहाडी
*(सभापति, मानवअधिकार तथा शान्ति समाज)*



समाजका हरेक निकायहरूले आ-आफ्नो क्षेत्रबाट मानवअधिकार संस्कृतिको संरचनामा बल पुऱ्याउनु अत्यन्त आवश्यक छ। यस दिशामा कानून कार्यान्वयन गर्ने निकायका रूपमा प्रहरीको भूमिका अझ महत्त्वपूर्ण छ।

नेपाल प्रहरीले गरेका कतिपय सकारात्मक कार्यको प्रशंसा भएको होला र कतिपय कार्य विवादको दायरामा होलान्। मानवअधिकार संरक्षणका लागि प्रहरीहरूको दायित्व सम्बन्धमा नेपाल प्रहरीले सुरु गरेको प्रशिक्षण कार्यक्रमहरूले यस दिशामा सकारात्मक परिणाम ल्याउनेछ। तर, यसमा पर्याप्त भए-नभएको सम्बन्धमा ध्यान दिनु जरूरी छ।

दिल्लीराज लेखक
*(बैतडी, प्रशिक्षण)*



हाम्रो समाजमा घट्ने गरेका कतिपय आपराधिक घटनाहरूका सम्बन्धमा बाह्य दबाबका कारणले सजाय नपाएर नै अपराधी मुक्त भएको कुरा सुन्न पाइन्छन्। यस्तो व्यवहारले गर्दा प्रहरीप्रतिको विश्वसनीयता ह्रास हुनगई जनतामा असुरक्षाको भय उत्पन्न हुने भएकाले निर्णय लिने अधिकारीमा बाह्य दबाबलाई झेल्न सक्ने संस्कारको विकास हुनु आवश्यक देखिन्छ। आपराधिक घटना र तीउपर भएका कारबाहीको भरपर्दो सूचना एवं अनुसन्धान प्रणालीको विकास र विस्तारमा ध्यान दिनु आवश्यक देखिन्छ।

दुर्गाकेशर खनाल
*(सुर्खेत, समाज सेवा)*



प्रहरी सेवा जनसेवामा उत्तरदायी नभई सत्ता-राजनीति र नेतामुखी भएको महसूस हुन थाल्नु देशका लागि दुर्भाग्य हो। विशेषत: यो दोष सत्ता-राजनीतिको उपज नै हो भन्न सकिन्छ। त्यसैले प्रहरीले प्रहरी सेवाजस्ता मर्यादित सेवालाई प्रभाव पार्न यस्तोमा नलागेर नागरिकलाई प्रदान गरिने छिटोछरितो सेवाका पक्षहरूमा विस्तार र विकसित गर्दै प्रहरीको मनोबल बढाउँदै लैजानुपर्छ। सही मूल्यांकन गरी कडाइका साथ दण्ड र पुरस्कारलाई अघि बढाउनुपर्छ।

जयप्रकाश भुषाल
*(तानसेन, होटल व्यवसायी)*



हाल शान्ति-सुरक्षाको स्थिति अलि बिग्रंदो छ। त्यसैले प्रहरी सक्रिय हुनुपर्छ र डर, त्रास, भयरहित ढंगले कर्तव्यको निर्वाह गर्न सक्नुपर्छ।

डा. जयराज आचार्य
*(संयुक्त राष्ट्रसंघका लागि नेपालका पूर्व स्थायी प्रतिनिधि)*



प्रहरी देशको, समाजको सेवक हो। त्यसैले समाजमा आइपर्ने सारा कष्टबाट, अपराधबाट जनताले पाउनुपर्ने दुख:बाट बचाउनु प्रहरीको कर्तव्य हो। समाजको शान्तिसुरक्षा कायम गर्ने क्रममा प्रहरीको सामुमा आइपरेका चुनौतीहरूको सामना गर्न प्रहरीको आफ्नो मूल्यमान्यता, अनुशासन, कर्तव्यपालना, इमान्दारीको भरपूर उपयोग हुनुपर्ने कुरो त छँदैछ, त्यसका साथै समयसापेक्ष प्रशिक्षण, साधन-स्रोतको उपलब्धतामा पनि यथेष्ट ध्यान पुऱ्याउनु जरूरी भएको छ।

प्रहरीप्रति जनसाधारणमा रहेको परम्परागत गलत दृष्टिकोणमा परिवर्तन ल्याई समाजको सहयोग पाएर मात्र प्रहरीले कर्तव्य पूरा गर्न सक्छ भन्ने सही धारणा विकसित गर्न र प्रहरीबाट के-कस्तो सेवाको अपेक्षा गर्न सकिन्छ भन्ने विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन हुनुपर्ने साथै सर्वसाधारणले राखेका अपेक्षाहरू अन्तरक्रियाका माध्यमबाट जानकारी प्राप्त गरी तद्नुरूप सेवा पुऱ्याउन सक्नुपर्दछ।

अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल प्रहरीको सक्षमता, दक्षताको प्रशंसा भएको छ र आफ्नो व्यावसायिक क्षमताको सही उपयोगबाट प्रहरीले जनसाधारणको मन जितेर समाजको शान्ति सुव्यवस्थाको स्थितिमा अझ सुदृढ पार्न सक्ने विश्वास गरिन्छ।

# Voice Of People

**Krishna Pahadi**
***President, Human Right and Peace Society***

It is highly essential that all the agencies of the society extend their cooperation to the edifice of human rights from their respective positions. In this direction, the role of the police is all the more important as a law enforcement body.

Some of the positive works carried out by the Nepal Police may have been appreciated while some other negative works may have been controversial. The training program initiated by the police organisation to teach the police about their responsibility for human rights protection may bring about positive impact in this direction but attention should be paid to whether the training is sufficient or not.

**Dilli Raj Lekhak**
***Baitadi (teaching)***

We often come to hear that offenders of some crimes sometimes escape punishment in our society due to external pressure. Such behavior is likely to erode public confidence on police and obviously, people would develop fear of insecurity. Therefore, it is necessary to develop a culture of resisting the pressure. It is necessary to pay attention to the reliability of information in the crime investigation systems and actions on the basis of these informations.

**Durga Keshar Khanal**
***Surkhet (Social Service)***

An increasing feeling is gaining ground in the country these days that the police service is becoming politics- and leader-oriented rather than people-oriented. This fault may be especially called the product of poor politics done solely for the sake of power. Therefore, police should continue to boost their morale by not involving themselves in such acts that may adversely affect the dignified police service and by working to provide speedy services to the citizens. The system of reward and punishment should be implemented strictly on the basis of accurate evaluation.

**Jaya Prakash Bhusal**
***Tansen (Hotel Entrepreneur)***

Currently law and order situation in slightly deteriorating. Therefore, police must remain active and fulfit their responsibility without fear.

**Dr. Jaya Raj Acharya**
***Former Permanent Representative to the United Nations***

Police are the servants of the country and society. Therefore, it is their duty to save the society from any problem and protect the people from the misery they might have to bear after crimes are committed. It is true that police must utilise their own norms and values, discipline, dutifulness and honesty to the fullest extent to meet the challenges in an effort to maintain calm order in the society. Moreover, adequate attention must be paid to timely training and availability of resources.

Public awareness oriented programs should be conducted to bring about a change in people's traditional perception towards police to create in the people the genuine feeling that police can fulfil their responsibility only with the cooperation of the people. They should also be made to know what kinds of services can be expected from the police. Similarly, police must be aware as to the kind of expectations that people have from the police force and ready to serve them accordingly.

The capacity and efficiency of the Nepal Police has been appreciated in the international arena. It is hoped that police will be able to win the confidence of people at the grassroots level and consolidate the law and order situation with due exercise of their professional capacity and responsibility.

# जागरणका लागि सञ्चार माध्यमहरु



समाजमा अपराध हुन नपाउँदै त्यसको रोकथाम, नियन्त्रण गर्नेतर्फ आजको प्रहरी सजग र क्रियाशील रहेको छ। प्रहरी संगठनका तर्फबाट अपराधसम्बन्धी यस दिशामा गरिएका यावत् प्रयासका अतिरिक्त जनसमुदायबाट प्राप्त हुने प्रत्यक्ष-अप्रत्यक्ष सहयोगले प्रहरीको प्रयासमा प्रभावकारिता आउने तथ्यलाई हृदयगंम गरी जनसहभागिता परिचालन गर्ने दिशामा कार्यक्रमहरू र विविध क्रियाकलापहरू सञ्चालन गरिएका छन्

जनचेतना जागरण नभई जनसहयोगमा अभिवृद्धि हुन नसक्ने तथ्यलाई दृष्टिगत गरी प्रहरीसम्बन्धी विविध जानकारी, सूचनाहरू जनमानसमा पुऱ्याउन जोड दिइएको छ। आमसञ्चारका अत्यन्त प्रभावकारी माध्यम रेडियो र टेलिभिजनमार्फत् प्रहरीसम्बन्धी विविध गतिविधि, अपराधविरुद्ध जनचेतना दिने सन्देशसहित कार्यक्रम सामग्रीहरू, प्रहरी र जनसाधारणबीच आपसी सम्बन्ध सुमधुर र घनिष्ट पार्न उपयोगी रचना सामग्रीहरू प्रचार-प्रसार गरिँदै आइएको छ।

रेडियो नेपालबाट हप्ताको दुईपटक १५-१५ मिनेटको प्रहरी कार्यक्रम र नेपाल टेलिभिजनबाट पाक्षिक रूपमा प्रहरी अनुरोध प्रसारण भइआएको छ भने प्रिन्ट मिडियाको माध्यमबाट पनि जनतालाई प्रहरीसम्बन्धी क्रियाकलापबाट सुसूचित गर्न र जनचेतना जागरण गर्न केन्द्र र क्षेत्रीय प्रहरी समाचार बुलेटिन पठाउने, प्रहरीसम्बन्धी लेखरचनाहरू उपलब्ध गराउने, प्रेस सम्पर्क कार्यक्रम आयोजना गर्नेजस्ता कार्यहरू भएका छन्

नेपाल प्रहरीद्वारा व्यवस्थित ढंगबाट उपयोग गरिएका यी सञ्चार माध्यमहरूको प्रतिफल सकारात्मक देखिनआएको छ, कर्तव्यवोध र आपसी सहयोगको भावनामा अभिवृद्धि भएको छ।



*पत्रकारहरु माझ प्रहरी महानिरीक्षक*
*IGP with journalists*

# Communication Media For Consciousness



प्रहरी रेडियो कार्यक्रम रेकर्ड गर्दाको क्षण
*Recording of Police Radio Programme*

The police today are alert and active to prevent and control crimes and we are committed for that. Apart from all the measures taken by the police organisation in this direction, it has been realised that the direct or indirect cooperation of the local community increases effectiveness of the police function. Therefore various programs and activities have been launched in this direction to control crimes.

Keeping in view the fact that public cooperation can not be increased without generating consciousness among the people, it has been emphasized to disseminate information and notices to the common people. Program materials on various police activities, messages aimed at generating awareness against crimes and useful composition likely to promote mutual relations and closer ties among the common people are being broadcast through the most effective mass media like radio and television.

Radio Nepal broadcasts 15-minute police program twice a week and Nepal Television telecasts "Prahari Anurodh" program once in a fortnight. Besides, to inform the people police activities and generate awareness among the people through the medium of print media, police news bulletin from the centre and region are sent; articles on police are made available, and meet the press program are held from time to time.

The result of the programs carried out through these communication media are found positive. These programmes have helped to bring about greater realisation of the sense of duty and feeling of mutual co-operation.

# पर्यटक प्रहरी



# Tourist Police

पर्यटन विदेशी मुद्रा आर्जन गर्ने एउटा ठूलो व्यवसाय हो । विश्वका विभिन्न राष्ट्रहरूबाट प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदाहरूको अवलोकन गर्न आउने यस्ता पर्यटकहरूको आगमनले देशको सामाजिक, आर्थिक तथा औद्योगिकजस्ता विविध क्षेत्रहरूको प्रवर्द्धनमा समेत टेवा पुऱ्याउँछ ।

देशमा पर्यटनको विकासका लागि पर्यटन मन्त्रालयसँग समन्वय राखी काम गर्ने गरी श्री ५ को सरकारको निर्णयअनुसार पर्यटक प्रहरीको स्थापना भएको छ, जसले पर्यटकहरूलाई आवश्यक सल्लाह र सुझाव दिनुका साथै उनीहरूलाई परेका समस्याहरूको समाधान गरी सुरक्षाको अनुभूतिसमेत दिलाउने गर्दछ । पर्यटकीय क्षेत्रहरूमा सुरक्षित वातावरण तयार गर्ने, त्यस्ता क्षेत्रहरूमा निरन्तर निरीक्षण गर्ने, अपराधविहीन क्षेत्र (Crime Free Zone) बनाउने, ट्राभल्स, ट्रेकिङ एजेन्सी तथा होटलहरूजस्ता पर्यटक सम्बन्धित स्थानहरूको अनुगमन तथा जाँच गर्ने, पर्यटन विभागलाई पर्यटक ऐनअनुसार सहयोग, समन्वय गर्नेजस्ता मूलभूत पर्यटकीय कार्यहरू पर्यटक प्रहरीले गर्ने गर्दछ ।

सन् १९९८ लाई "भिजिट नेपाल वर्ष" को रूपमा मनाउन राष्ट्रिय स्तरबाट भइरहेको प्रयासमा यस पर्यटक प्रहरीले पनि विभिन्न कार्यक्रमहरू तयार गरी पर्यटकहरूको सुरक्षा तथा समस्याउपर विशेष ध्यान दिँदै "अतिथि सुरक्षा कार्यक्रम" श्री ५ को सरकारमा प्रस्तुत गरेको छ । श्री ५ को सरकारको निर्णयअनुरूप नेपाल प्रहरीले मोवाइल पर्यटक-प्रहरीहरूको काठमाडौं, पोखराजस्ता बढी पर्यटकसँग सम्बन्धित ठाउँहरूमा रहने व्यवस्था गरेको छ भने पाटन, वसन्तपुर, ठमेल तथा भक्तपुर आदि क्षेत्रहरूमा त्यहाँका स्थानीय जनता, संघसंस्था, क्लबहरू तथा स्थानीय प्रहरीलाई समेत पर्यटक प्रहरीले समन्वय गरी पर्यटकीय वातावरण तयार गर्ने काम गरेको छ ।

पर्यटकहरूको सामान चोरी हुने, हराउने कसैले कुनै प्रकारले बेइमानी गर्नेजस्ता समस्याबाट पीडित पर्यटकहरू पर्यटक -प्रहरीकहाँ नै आफ्नो समस्या लिएर आउने गर्दछन् । यसको समाधान पर्यटक प्रहरीले प्रशासनीय ढंगबाट गर्दै आएको छ । यस क्रममा आ.व. ०५४/०५५ मा यस्ता समस्याहरूले पीडित २५० वटा घटनाहरू पर्यटक-प्रहरीमा आएकोमा २३६ वटाको सफलतापूर्वक समाधान गरी यस्तो पर्यटकहरूको नेपाली मुद्रा रु.२,७२,७४४ (यू.एस. डलर २४९०) तथा भा.रू. ५५१६ उनीहरूलाई फिर्ता दिलाउनसमेत पर्यटक प्रहरी सफल भएबाट पनि पर्यटन विकासमा यसको महत्त्व एवं सहभागिता अझ प्रष्ट हुन्छ ।

Tourism is an important industry to earn foreign currency. The arrival of tourists from different parts of the world for observing object of natural beauty and cultural heritage also bolsters the social, economic and industrial sectors of the country.

Tourist police have been established for tourism development in the country in accordance with the decision of His Majesty's Government. They are required to function in coordination with Tourism Ministry. They provide necessary advice and suggestions to the tourists, solve the problems facing them and give them the impression of their security. The tourist police are mainly engaged in the task related with tourism, such as, ensuring safety in tourist areas, continuous inspection in such areas, making such areas crime-free zone, conducting follow up and checking in places like travel, trekking agencies and hotels, which are related with police, and cooperating and coordinating with Department of Tourism in accordance with Tourism Act.

In view of the endeavors being made at the central level to observe 1998 as "Visit Nepal Year" Tourist police have also chalked out various programs with special attention to the security and other problems faced by the tourists. The program entitled "Guest Security Program" has been submitted to His Majesty's Government. In accordance with the decision of His Majesty's Government, the Nepal Police has made arrangements for keeping mobile tourist police in important tourist areas like Kathmandu and Pokhara. Besides tourist police have developed environment favorable for tourists by coordinating local people, associations and organisations, clubs and police in different places including Patan, Basantput, Thamel and Bhaktapur.

Tourists come to tourist police with a variety of their problems, such as theft and missing of their belongings, dishonesty of people towards them and so on. The tourist police have been resolving their problems in a commendable way. In the fiscal year 1997-98, tourists reported 250 such incidents, of which 235 problems were solved by tourist police successfully and returned to them 272, 744 Nepali rupees, 2490 US dollars and 5,316 Indian rupees. This shows the importance of the participation of tourist police for tourism development.

# लागूऔषध : एक चुनौती



*गाँजा खेती नष्ट गर्दै*
*Marijuana crops are being destroyed*

विश्वव्यापी (Global) समस्याको रूपमा स्थापित हुनपुगेको लागूऔषध अपराधको चपेटाबाट नेपाल पनि केही हदसम्म प्रभावित हुनपुगेको छ। भोलिका देशका कर्णाधार युवाहरू यस कुलतको शिकार भई देशको भविष्य नै अन्धकार हुन पुग्ने दूरगामी एवम् भयावह परिणामहरूलाई हृदयङ्गम गरेर नेपालमा यस अपराधको नियन्त्रणका लागि कडा ऐनको निर्माण गरी कुनै पनि लागूपदार्थ वा यसका समिश्रणहरू उत्पादन, बिक्री-वितरण, सेवन, ओसार-पसार तथा सञ्चय गर्ने कार्यलाई प्रतिवन्ध गरिएको छ भने औषधीको रूपमा प्रयोग हुने मनोद्विपक पदार्थहरू समेत चिकित्सकको सिफारिस बिना सेवन गर्न नपाइने कानूनी व्यवस्था गरिएको छ। नेपालमा मानिस मार्नु वा लागूऔषध अपराध गर्नु दुवैमा समान सजाय हुने र २० वर्षसम्म कैद हुने कठोर नियम रहेको छ भने लागूऔषध अपराधमा थप रु. २०,००,००० (बीस लाख) सम्म जरिवाना हुनसक्ने प्रावधानसमेत विद्यमान छ।

विश्वभरि नै लागूऔषध अपराध नियन्त्रणका लागि मागमा कटौती तथा आपूर्तिमा नियन्त्रण गर्ने २ तरिकाहरू अपनाइने गरिन्छ। यसै परिप्रेक्ष्यमा नेपालमा पनि मागमा कटौतिका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू सक्रिय छन् भने नेपाल प्रहरीले पनि यसमा टेवा पुर्‍याउने प्रयासस्वरूप २०५४ सालदेखि दुर्व्यसनी सुधार गृह "आसरा" स्थापना गरी सफलतापूर्वक कार्य गर्दै आएको छ। यस्तै आपुर्ति नियन्त्रणका लागि प्रहरीले महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय तथा अध्यागमन विभाग आदिजस्ता सरकारी कार्यालयहरूसँग संयुक्त प्रयास जारी राखेको छ।

लागूऔषध अपराधको बढ्दो प्रवृत्तिलाई मनन् गरी २०४९ सालमा स.रा. संघीय लागूऔषध नियन्त्रण कार्यक्रमसँग नेपालको संझौता भई गृह मन्त्रालय ला.औ. नि.महाशाखाको प्रत्यक्ष नियन्त्रणमा रहने गरी एउटा छुट्टै विशेष कार्यदलको रूपमा लागूऔषध नियन्त्रण कानून कार्यान्वयन इकाइको स्थापना भयो। आफ्नो स्थापनाको छैठो अवधिमा ६ वर्षभित्र नै यसले देशका भारतसँग जोडिएका प्रमुख नाकाहरू वीरगञ्ज, विराटनगर, काँकडभिट्टा, नेपालगञ्ज, भैरहवा तथा महेन्द्रनगरलगायत बढी लागूऔषध अपराध हुने पोखरासमेतमा शाखाहरू खोली यस अपराध नियन्त्रणमा प्रशासनीय सफलतासमेत हासिल गर्दै आइरहेको छ।

**नेपाल अधिराज्यभरिमा पक्राउ परेका अभियुक्तहरु तथा बरामद लागूऔषधको परिमाण**

(आ.व. २०५४/५५)

| सि. | नेपाली | | विदेशी | | जम्मा | | गाँजा | | | चरेश | | | हेरोईन | | | अफिम | | | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नं. | म. | पु. | म. | पु. | म. | पु. | किलो | ग्राम | मि.ग्राम | किलो | ग्राम | मि.ग्राम | किलो | ग्राम | मि.ग्राम | किलो | ग्राम | मि.ग्राम | |
| १ | ३४ | ५९२ | ५ | ९८ | ३९ | ६९० | ७९५१ | २२७ | | ३३१८ | ४८८ | ५११ | ८ | ४५४ | ३०० | | २०६ | ५०० | फेन्सिडिन- २९१<br>टिडिजेसिक ६०२१<br>नाईट्रोजिपाम- २६६१<br>डाईजिपाम<br>ईन्जेक्सन- १२४९, आदि |

# Narcotic Drugs : A Challenge



जनप्रतिनिधिको रोहवरमा चरेस जलाइँदै
*Hashish destroyed in the presence of people's representatives.*

Narcotic drug abuse is a global problem and Nepal has also been affected by this menace to some extent. Realizing that children fall victim to this bad habit which might result in a bleak future of the country for a long time to come, stringent laws have been enacted to control drug abusers. All activities relating to the production, sale and distribution, consumption, trafficking and storing of drugs and their mixtures have been banned. There is a legal provision under which even the psychotropic substances to be used as medicines cannot be used without recommendation from physicians. There is a provision for equal punishment in Nepal for murdering a man and committing a drug-related crime (harsh punishment of 20 years' imprisonment). Moreover, there is a provision of imposing a fine of up to 2,000,000 (two million) rupees in case of drug abuse.

Two ways are adopted worldwide to control drug-related crimes, demand reduction and supply control of drugs. Different non-governmental organisations are actively engaged in Nepal to achieve demand reduction while the police organization has also established and is successfully running "Aasara", the drug abusers' reform home since 1997-98 to support this endeavor. Police have also been working jointly with different government offices like office of the Attorney-General, Home Ministry and Immigration Department.

After a careful study of the growing tendency of crimes related with narcotic drugs, Nepal signed the Narcotic Drug Control Program of the United Nations in 1992 and established Narcotic Drug Control Enforcement Unit as a separate special taskforce which will function under the direct supervision of Home Ministry. Within a short span of its founding (within 6 years), it has opened its branches at prominent points bordering India, such as Birgunj, Biratnagar, Kakadbhitta, Nepalgunj, Bhairahawa and Mahendranagar and other vulnerable areas like Pokhara and has achieved commendable success in controlling this crime.

**The accused arrested all over the kingdom of Nepal and the quantity of drugs seized**
**(Fiscal Year 1997/98)**

| S. | Nepali | | Foreigner | | Total | | Hemp | | | Hashish | | | Heroin | | | Opium | | | Others |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| No. | Fem. | Male | Fem. | Male | Fem. | Male | Kg. | Gr. | M. Gr | Kg. | Gr. | M. Gr | Kg. | Gr. | M. Gr | Kg. | Gr. | M. Gr | |
| | 34 | 592 | 5 | 96 | 39 | 688 | 5951 | 225 | - | 2218 | 488 | 511 | 8 | 454 | 300 | - | 206 | 500 | Phensidyle - 211<br>Tidijesic 6041<br>Nitragepam 2561<br>Digepam Injection 1249<br>Etc. |

श्रद्धाञ्जलि

# स्वर्गीय दलबहादुर रानामगर



"मेरो शुभकामना उहाँहरूलाई ............ खेलकूदमा राम्रो प्रगति गर्नुहोस्, अन्तर्राष्ट्रिय स्तरमा यही देशको नाम नेपाल भनेर चिनाउनुहोस्, यही छ मेरो शुभकामना ।"

नेपालका खेल जगत्का खेलाडीहरूलाई राष्ट्रको गौरव बढाउन शुभकामनाका यी शब्दहरू प्रहरी निरीक्षक स्व. दलबहादुर राना यो संसारबाट बिदा हुनुभन्दा केही दिन अघि मात्र आफ्नो अन्तर्वार्तामा व्यक्त गरेका थिए ।

वि.स. २०१८ साल श्रावणमा गुल्मी जिल्लामा जन्मेका दलबहादुर राना मगर एक कुशल मुक्केबाज थिए । प्रहरी सेवामा प्रवेश गरेपछि २०३७ सालबाट आफ्नो बक्सिङ खेल-जीवन सुरु गरेको एकै वर्षमा राष्ट्रिय स्तरका सबै प्रतियोगिताहरू जित्न सफल भएबाट उनको यस क्षेत्रमा रहेको विलक्षण प्रतिभा सजिलै अनुमान गर्न सकिन्थ्यो ।

ओलम्पिक खेलमा समेत सन १९८४ र १९८८ मा २ पटकसम्म भाग लिएका मगरले एसिया महादेशको सबभन्दा ठूलो प्रतिस्पर्धा एसियन खेलमा समेत सन् १९९६ कोरियामा कांस्य पदक जितेर अन्तर्राष्ट्रिय खेल-जगत्मा नेपालको अलग पहिचान गराएका थिए भने राष्ट्रिय प्रतियोगिताहरूमा ५ स्वर्ण, १ रजत तथा अन्तर्राष्ट्रिय प्रतियोगितातर्फ ८ स्वर्ण, ३ रजत र ६ कांस्य पदकहरू उनले आफ्नो खेलजीवनमा प्राप्त गरेका थिए ।

नेपाल प्रहरीका एक कर्तव्यनिष्ठ, बफादार सदस्य तथा नेपाली खेलकूद जगत्का एक प्रभावशाली नक्षत्र प्रहरी निरीक्षक दलबहादुर राना मगर २०५५ जेठ ४ गते हामीबाट सदासदाका लागि टाढिनुभयो ।

# Late Dal Bahadur Ranamagar



श्री ५ महाराजाधिराज सरकारबाट पुरस्कार बक्स
*His Majesty the King awarding prize*

"My best wishes to them .... Make a good progress in sports. Make people at the international level know that this country is Nepal. These are my best wishes."

These were the best wishes, expressed in an interview only a few days before his death, by late Police Inspector Dal Bahadur Rana to Nepalese Sportsmen urging them to enhance the prestige of the country.

Born in 1961 in Gulmi district, Dal Bahadur Rana Magar was a skillful boxer. After his recruitment in Police, he took up boxing in 1980 and was successful in winning all the national level competitions within one year span of his boxing career. It is thus very easy to speculate about the extraordinary talent that he possessed in the field.

Rana Magar who had participated twice in Olympic games in 1984 and 1988 had first introduced Nepal to the international sports world by winning bronze medal in Asian Games 1996 (Korea), the biggest sports events in Asia. During his sports life he had won 5 gold and one silver medal in national competition and 8 gold, 2 silver and 6 bronze medals in international competitions.

A dutiful and loyal member of the Nepal Police and a powerful star of Nepali sports world, Police Inspector Dal Bahadur Rana Magar left us for ever on May 18, 1998.



प्रहरी महानिरीक्षक रोमबहादुर थापाको बिदाई (२०२८-२-३१)
***Farewell to Inspector General of Police Rom Bahadur Thapa (1971-6-14)***



प्रहरी महानिरीक्षक खड्गजीत बरालको स्वागत (२०२८-३-१)
***Welcome to IGP Khadga Jit Baral (1971-6-15)***



प्रहरी महानिरीक्षक दुर्लभ कुमार थापालाई प्रहरी महानिरीक्षक खड्गजीत बराल दर्ज्यानी चिन्ह प्रदान गर्नुहुँदै (२०३५-३-१)
***IGP Khadga Jit Baral offering rank badge to IGP Durlav Kumar Thapa (1978-3-15)***



प्रहरी महानिरीक्षक दिलबहादुर लामालाई स्वागत गर्नुहुँदै प्रहरी महानिरीक्षक दुर्लभ कुमार थापा (२०३९-३-१)
*IGP Durlav Kumar Thapa welcoming IGP Dil Bahadur Lama (1982-6-15)*



प्रहरी महानिरीक्षक हेमबहादुर सिंहलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुहुँदै प्रहरी महानिरीक्षक दिलबहादुर लामा (२०४३-२-३१)
*IGP Dil Bahadur Lama offering rank badge to IGP Hem Bahadur Singh (1986-6-14)*



प्रहरी महानिरीक्षक मोतीलाल बोहरालाई प्रहरी प्रधान कार्यालयमा स्वागत (२०४९-१०-१६)
*Welcome to IGP Moti Lal Bohara at Police Headquarters (1993-2-27)*



प्रहरी महानिरीक्षक रत्नशमशेर जबरालाई दर्ज्यानी चिन्ह प्रदान गर्नुहुँदै प्रहरी महानिरीक्षक हेमबहादुर सिंह (२०४७-२-३१)
*IGP Hem Bahadur Singh offering rank badge to IGP Ratna Shumsher JBR (1990-6-14)*



प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेललाई दर्ज्यानी चिन्ह प्रदान गर्नुहुँदै प्रहरी महानिरीक्षक मोतीलाल बोहरा (२०५३-१०-१६)

*IGP Moti Lal Bohara offering rank badge to IGP Achyut Krishna Kharel (1997-2-28)*



प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधानलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुहुँदै उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतम (२०५३-१२-२१)

*Deputy Prime Minister & Home Minister Bam Dev Gautam offering rank badge to IGP Dhrub Bahadur Pradhan (1997-4-3)*



प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेललाई प्रहरी प्रधान कार्यालयमा स्वागत (२०५४-८-२६)

*Welcome to IGP Achyut Krishna Kharel at Police Headquarters (1997-12-11)*

# दैवीप्रकोप र उद्धार सेवा



म्याग्दी जिल्लाको हवाई दुर्घटनामा प्रहरीद्वारा उद्धार कार्य
*Police rescuing victims of aircraft accident in Myagdi district*




बाढी-पैहोमा प्रहरीद्वारा उद्धार
*Police rescue flood and landslide victims*



हिम प्रकोपमा प्रहरीबाट उद्धार कार्य
*Police rescuing people affected with snowfall*

नेपालले वर्षेनी विभिन्न किसिमका प्राकृतिक दैवी तथा मानव निर्मित प्रकोपको सामना गर्नु परिरहेको छ । यस्ता प्रकोपहरूबाट भूकम्प, बाढीपहिरो, आगलागी, खडेरी, वातावरणीय प्रकोप, महामारीका घटनाहरू, आँधीबेहरी, हवाई तथा सवारी दुर्घटना, हिमपात आदि प्रमुख छन् जसबाट ठूलो संख्यामा जनधनको क्षति हुने गरेको छ ।

विगतका वर्षहरू भैं यस वर्ष पनि प्राकृतिक प्रकोपबाट नेपालका विभिन्न स्थानहरू प्रभावित भई जनधनको क्षति हुनगएको छ । गत २०५४ श्रावणदेखि २०५५ भाद्रसम्म भएका प्राकृतिक प्रकोपबाट भएको क्षति तल उल्लेख गरिएको छ ।

यस्ता प्राकृतिक प्रकोपहरूलाई पूर्णतया रोकथाम गर्न नसकिए तापनि मुलुकको विद्यमान स्रोत-साधनको उचित परिचालन भएको खण्डमा हुनसक्ने सम्भावित जनधनको क्षतिको परिमाणमा केही कमी ल्याउन भने अवश्य सकिन्छ । दैवीप्रकोप उद्धार सेवाका लागि प्रभावकारी कार्य योजना तथा व्यवस्थापनको आवश्यकता भएको तथ्यलाई दृष्टिगत गरी यसलाई व्यवस्थित गर्ने गराउने सन्दर्भमा कार्ययोजना तयार गर्न प्रहरी प्रधान कार्यालयले २०५४/११/२१ गते एक कार्यसमिति गठन गरिएको थियो । उक्त कार्यसमितिले प्राकृतिक प्रकोप एवं आकस्मिक विपत्तिको अवस्थामा नेपाल प्रहरीको केन्द्रदेखि स्थानीय तहसम्म जिम्मेवारी वहन गर्ने गराउने सन्दर्भमा अपनाउनुपर्ने कार्यविधि पनि तयार गरिसकेको छ ।

## विभिन्न दैवी-प्रकोपबाट भएको क्षतिहरुको बिवरण

| सि.नं. | प्राकृतिक प्रकोप | क्षतिको बिवरण | | | | |
|---|---|---|---|---|---|---|
| | | मानिस मृत्यु | चौपाया मृत्यु | घर | जग्गा बिगाहा | क्षति रकम (रुपैयाँ) |
| १. | बाढी पैह्रो र चट्याङ | ३३७ | ७५२ | ६८६८ | २७९५ | ७२,२१,५०,६९७/- |
| २. | महामारी | ९६९ | - | - | - | |
| ३. | आगलागी | ३७ | १०४४ | ३३४६ | - | २०,१६,७३,०५३/- |
| ४. | हिमपात | ११ | ४१० | ३ | - | ४७,२५,६००/- |
| ५. | असीना हूरी | ५ | ५३ | २८४ | - | १२,९९,२३,२९०/- |
| ६. | हवाई दुर्घटना | १८ | - | - | - | - |
| | जम्मा | १३७७ | २२८९ | १०४३७ | २७९५ | १,०५,८४,७२,६४०/- |

# NATURAL CALAMITES AND RESCUE OPERATION



*सम्माननिय प्रधानमन्त्रीज्यूलाई 'प्रधानमन्त्री उद्धारकोष'का लागि प्र.म.नि. अच्युत कृष्ण खरेल नेपाल प्रहरीको तर्फबाट रु. ११,११,१११/- को चेक हस्तान्तरण गर्नुहुँदै*

*IGP Achyut Krishna Kharel handing over a cheque for Rs. 1,111,111/- to the Prime Minister for PM's Natural Disaster Relief Fund on behalf of Nepal Police*

Nepal has to face different natural and man-made calamities every year. Some of the main calamities that hit Nepal every year include landslide, fire, drought, environmental problems, incidents of epidemics, storm, vehicle accidents and snowfall. These natural calamities cause tremendous loss of life and property.

As in the past, different parts of the country have been affected from natural calamities causing tremendous loss of life and property . A list of damages caused by natural calamities from July 1997 to August 1998. is given in the following table:

## Description of Damages Caused by Different Natural Calamities

| S.No. | Natural Calamities | Description of Losses | | | | |
|---|---|---|---|---|---|---|
| | | Human Death | Animal Death | Houses | Land | Total Amount of Loss |
| 1. | Flood, landslide and lightning | 337 | 752 | 6868 | 2795 | 722,150,697/- |
| 2. | Epidemic | 969 | - | - | | |
| 3. | Fire | 37 | 1044 | 3346 | - | 201,6767,053/- |
| 4. | Snowfall | 11 | 410 | 3 | - | 4,725,600/- |
| 5. | Hailstone, Storm | 5 | 53 | 284 | - | 129,923,290-/ |
| 6. | Aircraft accident | 18 | - | - | - | - |
| | Total | 1377 | 2284 | 10,437 | 2795 | 1,058,472,640/- |

# प्रहरी परिवार महिला संघ



प्रहरी परिवार महिला संघका पदाधिकारीहरु
*Executive members of the Police Family Women's Association*

देशमा आई परेको दैवीविपत्तिलगायत विभिन्न सामाजिक कार्यहरूमा प्रहरी परिवार महिला संघ आफ्नो स्थापनाकालदेखि सक्रियतापूर्वक संलग्न रहँदै आएको छ। सामाजिक कल्याणका लागि सञ्चालित विभिन्न संघ-संस्थाहरूसँग सहभागी भएर तथा आफ्नै एक्लो प्रयासबाट समेत यस संघले समाजका असहाय अपांगहरूको सेवा, चेलीबेटी बेचबिखनविरुद्ध अभियान, समाज कल्याण परिषद्लाई आर्थिक सहयोग, प्रहरी विद्यालयमा अक्षयकोष स्थापना, कर्तव्य पालनको सिलसिलामा दिवंगत प्रहरी कर्मचारीको परिवारलाई सहयोग, पूर्व प्रहरी कर्मचारीको सन्ततिलाई शिक्षादीक्षा तथा उपचारको व्यवस्था, वातावरण संरक्षण, मठमन्दिर निर्माण र पुनर्स्थापना तथा नेपाल बाल संगठन तथा अन्य सामाजिक संघ-संस्थाहरूलाई सहयोग प्रदान गर्नेजस्ता विभिन्न सामाजिक कार्यहरू गर्दै आइरहेको छ।

संघले हालै आएर लागूऔषधका दुर्व्यसनीहरूलाई सुधार गर्ने केन्द्र 'आसरा' को सफलतापूर्वक सञ्चालन गरिरहेको छ भने यस वर्ष बाढीपहिरोबाट पीडित जनताहरूको लागि स्थापित प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई समेत रु. ५१,००१/- सहयोग प्रदान गर्नुका साथै प्रहरीका निरक्षर परिवारहरूलाई शिक्षा प्रदान गर्ने तथा विभिन्न व्यावसायिक तालिमहरू प्रदान गरी आत्मनिर्भर बनाउने कार्यक्रमहरूसमेत सञ्चालन गर्दै आइरहेको छ।

यसरी समाज सेवामा समर्पित प्रहरी परिवार महिला संघको क्रियाकलापले नेपाल प्रहरीको समाजप्रति समर्पित सेवाभावलाई समेत थप टेवा प्रदान गरेको छ।



एस.एल.सी. परीक्षामा प्रहरी विद्यालयबाट उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीलाई सुनको पदक तथा प्रशंसा-पत्र प्रदान
*Gold medal and commendation letter are given to students who received highest marks from among the police schools in SLC examination*

# POLICE FAMILY WOMEN'S ASSOCIATION



सम्माननिय प्रधानमन्त्रीज्यूलाई संघका अध्यक्ष श्रीमती मीना खरेलबाट संघको तर्फबाट प्रधानमन्त्री उद्धार कोषको लागि आर्थिक सहयोग

*Chairperson of the Association Mrs. Meena Kharel handing over financial assistance to the Prime Minister for PM's Natural Disaster Relief Fund on behalf of the Association.*

The Police Family Women's Association has been actively involved since its establishment in various social services including natural calamities that hit the country from time to time. This Association has been extending its cooperation by itself as well as in association with other social organisations engaged in social welfare activities by assisting the helpless and disabled people, launching a campaign against girl-trafficking, providing financial assistance to the social welfare council, establishing revolving fund for police school and helping the families of police employees killed in action. The Association has also made arrangements for the education and treatment for the children of ex-policemen, carried out environmental preservation, construction and repair of shrines and campus, and assisting Nepal Child Organisation and other social organisations.

The organisation has been recently successfully running "Asara", a centre to reform the drug addicts. It has provided financial assistance of 51,001/- Rupees to the Prime Minister's Natural Calamity Relief Fund to help the flood and landslide victims. In addition, the Association has been running programmes to educate the illiterate members of police families and to provide them them with vocational training in order to make them self-reliant.

The Police Family Women's Association has, thus dedicated itself to social service and has also provided a support to the Nepal Police for its dedication to the service of the people.



दंगा नियन्त्रण गण पकलीमा संघद्वारा सञ्चालित घरेलु उद्योगको प्र.म.नि. जानकारी लिनुहुँदै

*IGP acquires information about the cottage industry run at Riot Control Battalion, Pakali*

# प्रहरीसेवामा महिला प्रहरीको योगदान



*बिमानस्थल सुरक्षा कार्यमा संलग्न महिला प्रहरी*
*Women Police busy in airport security*

महिला समुदायको हकहित संरक्षण गरी विशेष सेवा पुऱ्याउन र राष्ट्रिय विकास निर्माणमा महिलावर्गलाई पनि समान रूपमा सहभागी बनाउन नेपाल प्रहरीको स्थापनाकालदेखि नै महिलालाई महत्त्व दिँदै आइएको छ। यसै सन्दर्भमा नेपाल प्रहरीमा महिलाहरूको प्रवेश २००७ सालमा त्रिशुली र साँगा चौकीहरूमा खासगरी महिलावर्गको शरीर-तलासी लिने सीमित कार्यको निम्ति भएको महिला प्रहरीको प्रयोग पछि बढाई सी.आई.डी. विभाग र उपत्यका एस.पी. कार्यालयमा समेत तैनाथ गरी उनीहरूलाई बढी जिम्मेवार बनाइयो र २०२२ सालमा आएर महिला प्रहरीलाई जिल्ला प्रहरी कार्यालयहरूसम्म विस्तार गरिएको थियो।

पुरुषसरह जुनसुकै प्रकृतिका जिम्मेवारी सहज रूपमा वहन गर्न क्षमताको पहिचान गरी महिला प्रहरीलाई परिचालन गर्नका लागि २०४० सालमा प्रथम पटक महिला प्रहरी गुल्म खडा गरी पुरुष प्रहरीलाई सरह महिला प्रहरीलाई पनि आधारभूत तालीम सञ्चालन गर्ने व्यवस्था गरियो।

२०४६ सालको जनआन्दोलनपश्चात् आएको नौलो राजनीतिक परिवेश र यसबाट प्रभावित राज्य व्यवस्थाको स्थिति, सामाजिक परिवेशमा आएको विविध परिवर्तनका कारणबाट प्रहरीले निर्वाह गर्दै आएको दायित्व एवं कार्यशैलीमा समसामयिक सुधारको अपरिहार्यता देखिन आयो। यसै क्रममा नेपाल प्रहरीले २०५२ सालमा "महिला तथा बालबालिकाविरुद्ध अपराध" विषय गोष्ठीको आयोजना गऱ्यो। महिला तथा बालबालिकाले आफूलाई परेको समस्या प्रहरीसमक्ष सहज रूपमा व्यक्त गर्न सकून् र उनीहरूको समस्याको महिला प्रहरीबाट संवेदनशील भई अनुसन्धान हुन सकोस् भन्ने उद्देश्यले यस्ता अपराधहरूको अनुसन्धान गर्ने जिम्मेवारी महिला प्रहरीलाई दिन केन्द्रीय प्रहरी महिला सेल एवं काठमाडौं, ललितपुर, मोरङ, कास्की र रूपन्देही जिल्लाहरूमा समेत जिल्लास्तरीय महिला सेलहरू गठन गरी प्रहरीको जनमुखी सेवा प्रदान गर्ने कार्यमा नयाँ आयाम थपिएको छ।

अन्तर्राष्ट्रिय क्षेत्रमा शान्ति स्थापना गर्ने यु.एन. सेवामा होस् तथा जिल्ला प्रहरी प्रमुख भई शान्तिसुरक्षा कायम राख्ने कार्यहरूमा समेत महिला प्रहरीहरूले सफलता हासिल गरेका छन्। हाल नेपाल प्रहरीको प्राविधिक एवं प्रशासनिक दुवै क्षेत्रमा प्रहरी परिचरदेखि लिएर प्रहरी उपरीक्षकसम्मका दर्जाका महिला प्रहरी कर्मचारीहरूको सहभागिता रही स्वास्थ्य उपचार, कम्प्युटर, आवास व्यवस्थापन, भीड नियन्त्रण, विमानस्थल, मेलापर्व, कारागार सुरक्षा, अपराध अनुसन्धान तथा ट्राफिक नियन्त्रण आदि बृहद् क्षेत्रमा महिला प्रहरीको सक्रिय योगदान रहेको छ।



# Contribution Of Women Police in Police Service



The Nepal Police has been giving importance to women police since its very inception to provide service by ensuring the welfare and interest of women community and to make women equal partners in the construction and development works of the country. It was in 1951 that women entered the Nepal Police Service. Women Police were recruited in Trishuli and Sanga police posts to perform the limited duty of searching women's body. Their responsibilities were later upgraded and women police were assigned to Criminal Investigation Department and Valley S.P. Office where they were given additional responsibilities. Women police were expanded to district police offices in 1966.

In 1984 the first company of women police was established to mobilize women police after realising their potential to easily bear the responsibility of any nature just like their male counterparts. Then the basic training for women police was conducted just like the one conducted for male police.

The need to carry out timely reforms appeared to be indispensable in the role being played by police and their working style as a result of the new political environment after the people's movement of 1990 and the consequenty changes in the socio-economic environment. In this connection, the Nepal Police organized a symposium on crimes against women and children in 1996.

In a bid to enable women and children to express their problem easily before the police to allow the women police to investiage such problems as sensitivie matters a central women police cell has been established at the central level. District level women's cells have also been set up in Kathmandu, Lalitpur, Morang, Kaski and Rupendehi districts to give a new dimension and make the police service people-oriented.

Women police have accomplished, success both at the UN international peace keeping operations and maintaining law and order at the domestic front as a district police chief. Currently, women police are making wide-ranging contribution in both technical and administrative areas of Nepal Police from the Orderly to Superintendent of Police including activities such as, medical treatment, computer, housing management, mob control, airport, fairs and festival, prison security, crime investigation, traffic control etc.

# पूर्व क्रियाशील प्रहरी क्रियाकलाप




राष्ट्रको सर्वांगीण विकासका लागि अपरिहार्य पूर्वाधारका रूपमा रहेको शान्तिसुव्यवस्थालाई सुदृढ गरी मुलुकभित्र अमन-चैन कायम गर्ने गहन अभिभारा वहन गर्दै जनतामा सुरक्षाको पूर्ण प्रत्याभूतिका साथ प्रजातान्त्रिक मूल्यमान्यता एवं कानूनी राज्यको मान्यता स्थापित गराउने दिशामा बदलिंदो परिवेशअनुरूप नेपाल प्रहरीले आफ्नो कार्यशैलीमा सुधार गर्दै आएको छ। यसै क्रममा आफ्नो संगठनात्मक संरचना, कार्यविभाजन, प्रशिक्षण व्यवस्थापन, अपराध नियन्त्रण एवं अनुसन्धान आदि विविध पक्षमा परिमार्जन गरेको छ। घटना घटिसकेपछि मात्र सक्रिय भई त्यसको समाधानतर्फ अग्रसर रहने हाम्रो परम्परागत Reactive कार्यशैलीलाई मात्र महत्त्व नदिई प्रहरी दायित्वभित्र पर्ने हरेक घटना वा समस्याहरूबाट उत्पन्न हुने सम्भावित खतराहरूको पूर्वानुमान गरी तिनको समाधान एवं रोकथाम गर्ने कार्यमा जनचेतनाको माध्यमबाट अत्यधिक जनसहभागिता जुटाई पूर्व क्रियाशील रहने प्रहरी कार्यशैली (Proactive Policing) लाई समेत जोड दिएको छ। यसै क्रममा नेपाल प्रहरीले थुप्रै कार्यक्रमहरू विस्तार गर्दै आइरहेको छ।

**१. सामुदायिक प्रहरी सेवा**

प्रहरीको कार्यक्षेत्र समाज हो र समाजको सहयोग प्रहरीलाई अपरिहार्य हुन्छ, तसर्थ समुदायको आस्था, विश्वास हासिल गरी प्रहरी कार्यसम्पादनमा जनसहयोग जुटाउने उद्देश्यबाट २०३९ सालमा प्रथम पटक काठमाडौंमा छिमेकी प्रहरीको रूपमा सामुदायिक प्रहरीको अवधारणा प्रारम्भ गरिए तापनि २०४६ सालपश्चात् यसले निरन्तरता पाउन सकेन। तत्पश्चात् २०५१ सालमा आएर पुनः नागरिकलाई नै प्रत्यक्ष सहभागी गराई काठमाडौं, महाराजगञ्जमा, २०५२ सालमा चावहिल र २०५३ सालमा नयाँ बानेश्वरमा सामुदायिक सेवा लागू गरियो। गुरुयोजना को रूपमा लागू गरिएको यस कार्यक्रमबाट जनता र प्रहरीबीच राम्रो सम्बन्ध कायम हुनुका साथै प्रहरी कार्यसम्पादनमा समेत प्रभावकारिता आएकोले यस सेवालाई राजधानी बाहिर विस्तार गर्दै लैजाने क्रममा सुनसरीको इटहरी, धरान, दुहवी र स्याङ्जामा २ स्थानहरूमा २०५४ सालमा थप सामुदायिक प्रहरी केन्द्रहरू खोलिएका छन्। यस सेवालाई अझ प्रभावकारी रूपमा सञ्चालनतर्फ नयाँ नीति तर्जुमा गर्न २०५४ चैत्र १०-१२ गतेसम्म "सामुदायिक प्रहरी" विषयक तीनदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो।



*स्कूल सम्पर्क कार्यक्रम*
*School Liaison Program*

**२. स्कूल सम्पर्क प्रहरी कार्यक्रम**

भोलिका राष्ट्रका कर्णाधार आजका विद्यार्थीहरू विकृतिबाट कसरी जोगिने, ती विकृति र अन्य विभिन्न सामाजिक अपराधको रोकथाम एवं नियन्त्रणको भूमिका कसरी निर्वाह गर्न सकिन्छ जस्ता आदि विषयहरूमा बोध गराई प्रहरी र विद्यार्थीबीचको पारस्परिक सम्बन्ध र सहयोगात्मक भावनामा अभिवृद्धि गराउने उद्देश्यले २०५० सालमा प्रथम पटक यो कार्यक्रम काठमाडौंमा मात्र सञ्चालन गरिएको थियो भने हाल यसलाई अधिराज्यका पाँचै क्षेत्रका जिल्लाहरूसम्म विस्तार गरी सञ्चालन गरिएको छ। यस कार्यक्रमलाई अझ प्रभावकारी बनाउने उद्देश्यले २०५५, वैशाख ३० गते नेपाल प्रहरी र उपत्यकास्थित विद्यालयका शिक्षकहरू, पाठ्यक्रम विकास केन्द्रका प्रतिनिधि र जिल्ला शिक्षा अधिकारीहरूबीच श्री ५ महेन्द्र पुलिस क्लबमा एक अन्तरक्रिया कार्यक्रम गरिएको थियो।

**३. चेलीबेटी बेचबिखनविरुद्ध जनचेतना कार्यक्रम**

नेपालका दुर्गम पहाडी जिल्लाहरूबाट कम उमेरका चेलीहरूलाई विभिन्न लोभ लालचमा पारी भारत, हङकङ, दुबई, साउदी अरबियन राष्ट्रहरू र थाइल्याण्डलगायतका मुलुकहरूमा समेत रोजगारीको नाममा बेचबिखन गरी यौनशोषण भएका घटनाहरू प्रशस्त घट्ने गरेका छन्। नेपाल प्रहरीले

यस्ता अपराधलाई कम गर्न केही वर्ष यताबाट जनचेतना अभिवृद्धि गराउने अभिप्रायले प्रकोपित जिल्लाहरूमा विविध जनचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ। राष्ट्रिय समस्याको रूपमा रहेको यस अपराधको रोकथामका लागि दीर्घकालीन योजना बनाउने प्रयासमा नेपाल प्रहरी र युनिसेफ नेपालका बीच एक सम्झौता भई Memorandum of Understanding मा हस्ताक्षर भैसकेको छ र दुवै पक्षबाट यसका लागि संयुक्त रूपमा कार्ययोजना बनाउने कार्य अन्तिम चरणमा पुगेको छ।

**४ टेलिफोन १००**

सर्वसाधारणका लागि प्रहरी सेवा सरल सुलभ होस् भन्ने उद्देश्यले उपत्यका प्रहरी कन्ट्रोल रूममा १०० नं. को ५ वटा टेलिफोन सेवा उपलब्ध गराइएको छ भने यस नं. मा उपत्यकाभित्रका सबै प्रहरी इकाइहरू विभिन्न सञ्चार साधनमार्फत् २४ घण्टा नै एउटै सञ्चार नेटवर्कमा रहन्छन्। यसैगरी थप टेलिफोन सेवाका लागि १२०, १३० र १४० नं. का लाइनहरू समेत हालै जडान गरी छिटोछरितो सेवा पुऱ्याउने कार्य गरिएको छ।



सामुदायिक स्वास्थ्य उपचारमा प्रहरी चिकित्साकर्मीहरु
*Police Doctors engaged in community health care*

**५. प्रेस सम्पर्क कार्यक्रम**

सार्वजनिक महत्त्वका कुनै पनि विषयमा प्रत्येक नागरिकलाई सुसूचित हुन पाउने अधिकारलाई हृदयगंम गरी नेपाल प्रहरीबाट विगतदेखि भए गरेका कामकारबाहीको जानकारी जनतामा सहज ढंगबाट प्रवाह गर्ने उद्देश्यले प्रेस सम्पर्क कार्यक्रमको थालनी गरिएको छ। सुरुमा केन्द्रिय स्तरसम्म मात्र सीमित यस कार्यक्रमलाई हाल आएर सबै क्षेत्रीयस्तरसम्म विस्तार गरिसकिएको छ भने भविष्यमा यसलाई निरन्तरता दिँदै जिल्ला स्तरसम्म लाने नीति रहेको छ। यस कार्यक्रमबाट प्रहरी क्रियाकलापहरूबारे जनतालाई सुसूचित गराउनुको साथसाथै अपराध नियन्त्रण तथा रोकथाम गर्ने कार्यक्रममा समेत प्रहरीलाई जनसहयोग प्राप्त भैरहेको छ।




***On the Auspicious Occasion of the Birthday of Her Majesty the Queen Aishwarya Rajya Laxmi Devi Shah***
***We humbly extend our hearty Greetings***
***And Best Wishes and Pray for the Good Health, Happiness and Long Life.***

**HIMALAYAN BANK LTD.**

Kathmandu, Nepal

# Nepal Police Towards Pro-Active Policing



Nepal Police has been effecting necessary reforms in its working style in accordance with the changed context by consolating and maintaining law and order situation which is considered as the unavoidable infrastructure for the overall development of the country. It has also been establishing rule of law by ensuring democratic norms and values and giving full guarantee to the people about their security. Accordingly, it has further refined its various aspects including organizational structure, division of work, training management, crime control, investigation etc. According to our traditional reactive style of police functioning, it is the practice to become active towards resolving a problem only after the incident takes place. Proactive Policing under which police speculate in advance about the possible events, problems and risks and become active in advance by mobilizing people's participation through awareness programs to control and prevent such possible events, problems and dangers. In this connection, many police programs are under way.

1. *Community Police Service*

As the area of police operation is society the cooperation of society is indispensable for police. Therefore, the concept of community police was introduced for the first time in 1982 in Kathmandu under the program "Chhimeki Police" to win people's confidence and receive their cooperation, but the program was discontinued after 1990. Subsequently, community service was implemented again in Kathmandu, Maharajgunj in 1995, Chabahil in 1996 and Naya Baneswor in 1998 by involving citizens directly, implemented in the form of a pilot project, the program to foster good relationship between police and local people and proved effective in police performance. Therefore, in the process of its expansion outside the capital, additional police centers were opened in Itahari, Dharan and Duhabi and two places of Syanja in 2054 BS. In order to make this programs more effective and formulate a new policy, a 3-day workshop seminar on "Community Police" was organized on March 23-25, 1998.



दुर्व्यसनिहरु शारीरिक व्यायाममा अभ्यासरत

*Drug addicts in physical exercise*

2. *School Liaison Police Program*

The program was first introduced only in Kathmandu in 1994 to make students understand how they could be protected against social aberrations, how different social aberrations and crimes could be controlled and how mutual relationship and coordination between student and police could be maintained.

Currently, the program has been expanded to districts in all the five regions of the country. An interaction program was held at Mahendra Police Club on May 13 1998 to share views among one another with the participation of the Nepal Police, teachers of schools located in Kathmandu valley, representatives of Curriculum Development Centre and District Education Offices.

3. **Public Awareness Program against Girls-Trafficking**

There are a large number of incidents in which Nepalese girls of low economic status residing in different remote hilly districts are being trafficked to different countries including India, Hongkong, Dubai, Arabian Countries and Thailand with various temptation, in the name of employment and are sexually exploited there. The Nepal Police has been running different public awareness programs in the affected districts over the last few years in order to minimize such crime. A memorandum of understanding has been signed between Nepal Police and UNICEF to draw up a long-term plan designed to control this crime which is the problem for the whole country. A plan of action being envolved jointly by the both sides is in the final stage.

***Telephone 100***

Five telephone services of telephone no. 100 have been brought into service by installing the telephones in Police Control Room in order to make police service readily available to the common people. In addition, different police units all over Kathmandu valley have been linked through this number and all of these offices functioning under one communication network for 24 hours a day. Similarly, telephone nos. 120, 130 and 140 have also been installed recently and police service is being rendered to the common people promptly and smoothly once they contact ther police through these telephone numbers.

# आतंककारी गतिविधिविरुद्ध प्रहरी कारबाही



*३६ ग्रीनेड*
*36 grenade*

संसारका धेरैजसो मुलुकमा आतंककारीहरूको संगठन तथा क्रियाकलापहरू सञ्चालित भैरहेको आजको परिप्रेक्ष्यमा नेपालमा पनि वि.सं. २०५२ सालदेखि घोषित जनयुद्धको नामबाट आतंककारी क्रियाकलापको सुरुआत भएको छ।

यसरी जनयुद्धको नाममा देशको दुर्गम, पहाडी तथा कम विकसित एवं अशिक्षित समुदायहरूको बाहुल्य भएको रुकुम, रोल्पा, सल्यानजस्ता अति विकट जिल्लाहरूलाई आधार बनाई आतंककारी क्रियाकलापको सुरुआत भए तापनि हाल आएर यस्ता गतिविधिहरू देशको झण्डै २५ जिल्लाहरूमा विस्तार भइसकेको छ।

घरमा आगो लगाउने, लुटपिट गर्ने, निर्दोष जनताको हत्या गर्नेजस्ता आतंककारी कार्यहरूलगायत विरोधी राजनीतिक कार्यकर्ता, प्रहरीमाथि समेत आक्रमण गरी हत्या गर्ने, राष्ट्रिय-अन्तर्राष्ट्रिय, सरकारी-गैरसरकारी संघ-संस्थाहरूमा आक्रमण गर्ने तथा प्रहरी कार्यालयहरूमा आक्रमण गरी हतियार लुट्ने एवं प्रहरीलाई एम्बुसमा पारी हत्या गर्ने कार्यहरूसमेत यिनीहरूले गर्दै आइरहेका छन्

यसरी बढ्दै गइरहेको गैरकानूनी आतंकलाई नियन्त्रण गर्न प्रहरी परिचालनमा वृद्धि गरी सशक्त प्रतिकारात्मक कारबाही गर्ने, प्रहरी-जनसम्पर्क अभिवृद्धि गर्दै लग्ने, नागरिक सुरक्षा टोल गठन गर्न अभिप्रेरित गर्ने, आतंककारीहरूको सम्पर्क विच्छेद गराउने, लडाकू तथा सैनिक दस्ताका आतंककारीहरूलाई खोजी गर्नेजस्ता नीतिहरू प्रहरीले अवलम्बन गरेपछि हाल आएर उनीहरूको गतिविधिमा धेरै शिथिलता आएको छ भने कतिपय आतंककारीहरू आफ्ना गतिविधि परित्याग गरी प्रहरीसमक्ष आत्मसमर्पण गर्न थालिसकेका छन् भने त्यस्ता आतंकले प्रभावित जिल्लाहरूमा विगतमा हुन नसकेको निर्वाचन पनि हाल सम्पन्न गराउन प्रहरी सक्षम भएको छ।

आतंककारीहरूले प्रयोग गर्ने गरेको उच्चकोटिका विष्फोटक पदार्थ, ३६ ग्रिनेड, हतियार आदि प्रहरीले बरामद गर्नुका साथै उनीहरूको नेता तथा कार्यकर्ताहरूलाई पक्राउ गरी कानूनी कारबाही गराउन पनि प्रहरी सफल भएको छ।

यसरी बढ्दै गएको आतंककारी क्रियाकलापलाई समयमै नियन्त्रण गरी हाम्रो भूमिलाई आतंककारीहरूले सुरक्षित स्थान छनौट गरी आफ्नो कारबाही तथा योजनाहरूको लागि निष्काशन आधार बनाउन नदिन एउटा छुट्टै इकाइको स्थापना गर्नुपर्ने आवश्यकतालाई महसूस गरी सन् १९९५ मा एउटा प्रस्ताव श्री ५ को सरकारसमक्ष पेश गरिएकोमा स्वीकृत भई हाल एउटा इकाइको स्थापना गरी यसले कामसमेत सुरु गरिसकेको छ।




*अतिशक्तिशाली विष्फोटक पदार्थ*
*Highly explosive materials*

# Police Action Against Terrorists



*Pressure Cooker Bomb*

Many terrorist organisations and activities are operating in many countries of the world today. Terrorist activities are being run in Nepal also since 1996 in the name of so called people's war.

Although the terrorist activities have been started by making as their base the remote, hilly and least developed districts such as Rukum, Rolpa and Salyan where the majority of people are illetrate. Such activities have now spread to nearly 25 districts.

The terrorist resort to setting fire on houses, looting and killing innocent people. They also attack and kill workers of opposition political parties and police. They attack national & international organisations. They attack police office and snatch their weapons and also kill police by ambushing them.

In the wake of the increasing terrorist activities, powerful counter-offensive activities were launched by the police by mobilizing police force. Contact between police and people has been increased; ever since and people have been inspired to form vigilante groups. Activities have been launched to sever link between terrorists and search for members of terrorist fighter gangs. In the wake of these activities launched by the police, considerable slackness has been noted in the activities of the terrorists these days on the hand, while on the other, many terrorists have started to renounce their activities and are surrendering to the police.

Police have seized high-quality explosives, 36 grenade and weapons used by the terrorists. The police have successfully arrested their leaders and workers and legal action has been initiated against them.

In order to control in time, the activities of terrorist, the need to establish a separate unit was felt and a proposal was submitted to His Majesty's Government in 1995. The proposal has been rattified and a unit established in accordance with the proposal has started functioning.




श्री ५ बडामहारानी सरकारको ५० औं शुभजन्मोत्सवको पावन घडीमा मौसूफ सरकारका जुनाफमा सभक्तिपूर्ण चिरायु एवं सुस्वास्थ्यको लागि हार्दिक शुभकामना टक्र्याउँछौं ।

जनकपुर चुरोट कारखाना लि. परिवार

# राष्ट्रिय संस्कृति र नेपाल प्रहरी




*ब्रुनाईमा प्रहरी कलाकारहरू*
*Police artistes in Brunei*

देशको अद्वितीय संस्कृति एवं परम्पराहरू नेपाल र नेपालीका लागि अत्यन्त गौरवका कुराहरू हुन् । चार वर्ण र छत्तीस जातिका नेपालीहरू एउटै राष्ट्रिय झण्डामुनि गोलबद्ध भई बसे तापनि उनीहरूको आ-आफ्नो धर्म र संस्कृति रहेको छ । विश्वको एकमात्र हिन्दू राष्ट्र नेपालका जनताहरू परम्परागत चाड-पर्व तथा रीतिरिवाजहरूलाई आ-आफ्नै परम्परा र पुर्ख्यौली चलनअनुरूप मनाउन स्वतन्त्र छन् ।

विश्वमै लोकसंस्कृति र प्राचीन परम्पराको ऐतिहासिक स्थल भनी नाम कहलिएको हाम्रो देशको यस प्रतिष्ठालाई जगेर्ना गर्न नेपाल प्रहरीले प्रत्येक वर्ष श्री ५ महाराजाधिराज सरकारको शुभजन्मोत्सवको अवसरमा देशको सबै प्रमुख जनजातिको परम्परागत लोकसंस्कृति र प्राचीन सांस्कृतिक मौलिकतालाई जीवन्त राख्ने कार्य धेरै वर्षदेखि गर्दै आइरहेको छ भने श्री ५ बडामहारानी सरकारको शुभजन्मोत्सवको अवसरमा बीटिङ रिट्रीट कार्यक्रमको माध्यमबाट पनि सांस्कृतिक उत्थानमा टेवा पुऱ्याउँदै आएको छ ।

नेपाल प्रहरीले देशभित्र मात्रै आफ्नो गौरवमय संस्कृतिको प्रचारप्रसार नगरी विदेशमा समेत बेलाबेलामा गई विभिन्न सांस्कृतिक कार्यक्रमहरू प्रदर्शन गरी राष्ट्रियताको पहिचान गराउने कार्य पनि गराउँदै आएको छ । यसै क्रममा २०५४ साल चैत्र २८ गते नेपाल प्रहरीको १६ जनाको सांस्कृतिक टोली ब्रुनाई तथा सिंगापुरको अनुरोधमा त्यहाँ गई नेपालको विभिन्न जातजातिका परम्परागत झ्याउरे, टप्पा, थारू, सतार, माझी, सोरठी आदि लोकनृत्य तथा झाँकीहरूका साथै विभिन्न सांस्कृतिक कार्यक्रमहरू प्रदर्शन गरेको थियो ।

# NATIONAL CULTURE AND NEPAL POLICE



सिंगापुरमा प्रहरी कलाकार
*Police artistes in Singapore*

The unrivaled culture and age-old traditions of Nepal are the most glorious heritage for the Nepali people. Despite the fact that Nepalese are traditionally known as a nation consisting of four classes and 36 castes they live unitedly and harmoniously under one flag with total freedom to follow the religion and culture of their choice. People of the only Hindu Kingdom of the world are entirely free to celebrate the traditional festivals, observe their time-honoured practices and follow rituals in accordance with their ancient tradition and practices handed down from their ancestors.

Nepal is reknowned woldwide as a country of ancient folk culture and tradition. To maintain this image, Nepal Police has been carrying out every year, on the auspicious occasion of *His Majesty's* birthday, various traditional folk culture and ancient culture for the last many years.

Similarly, the police organisation has also been extending support for the cultural upliftment of Nepal through "Beating Retreat" program which is organised to mark the auspicious birthday of *Her Majesty the Queen.*

Nepal Police has not confined its cultural activites within the country alone. On top of these activities, it also presents cultural programs in different countries from time to time to help foreigners know about Nepal. In this connection, a 16-member cultural team of Nepal Police visited Singapore and Brunei on April 11, 1998, at the request of these countries and presented different cultural dances of different ethnic communities including *Jhyaure, Tappa, Tharu, Satar, Majhi, Sorathi* etc. and pageants. They also presented a variety of cultural programs in these countries to popularise the Nepalese culture and tradition.